सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ असोज २०८०, सोमबार (16 Oct 2023, Monday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १८६ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

इजरायलमा मारिएका पाँच नेपालीको शव प्राप्त

ढिला नगरी नेपाल पठाउन आवश्यक समन्वय भइरहेको दूतावासको भनाइ

बेपत्ता विपिन जोशीको खोजीका लागि अन्तर्राष्ट्रिय समुदायलाई परराष्ट्रमन्त्री एनपी साउदको आह्वान

कैलाली घोडाघोडी नगरपालिका- ४ का नारायणप्रसाद न्यौपाने, दार्चुलाको मल्लिकार्जुन नगरपालिका- ४ का लोकेन्द्रसिंह धामी, बझाङ जयपृथ्वी नगरपालिका- ६ का गणेशकुमार नेपाली, दार्चुलाको लेकम गाउँपालिका- ५ का दीपेशराज विष्ट र कैलाली बौनियाँका आशिष चौधरीको शव इजरायली सरकारले नेपाली दूतावासलाई बुझाएको छ।

नयाँ पत्रिका

हमास समूहको आक्रमणमा निधन भएका दश नेपाली विद्यार्थीमध्ये पाँचजनाको शव इजरायल सरकारले आइतबार तेलअभिभस्थित नेपाली दूतावासलाई उपलब्ध गराएको छ। घटनामा निधन भएका थप पाँचजनाको शव प्राप्त हुने क्रममा रहेको नेपाली राजदूतावासले जनाएको छ। दक्षिण इजरायलमा रहेको सेडोट नेगेभ एग्रिकल्चर सेन्टरअन्तर्गत किबुज अलुमिममा उनीहरूमाथि २० असोजमा हतियारधारी हमास समूहले आक्रमण गरेको थियो।

नेपाली राजदूतावासका अनुसार कैलाली घोडाघोडी नगरपालिका- ४ का नारायणप्रसाद न्यौपाने, दार्चुलाको मल्लिकार्जुन नगरपालिका- ४ का लोकेन्द्रसिंह धामी, बझाङको जयपृथ्वी नगरपालिका- ६ का गणेशकुमार नेपाली, दार्चुलाको लेकम गाउँपालिका- ५ दीपेशराज विष्ट र कैलाली बौनियाँका आशिष चौधरीको शव प्राप्त भएको हो।

डोटीको पचनलीका राजन फुलारा, डोटीकै लामिखालका पदम थापा, सल्यानको शारदा नगरपालिका- ३ का प्रवेश भण्डारी, धनुषाको सपहीका आनन्द साह र सुनसरीको मधुवनका राजेशकुमार स्वर्णकारको शव प्राप्त हुने क्रममा रहेको दूतावासको भनाइ छ। 'घटनामा परी निधन भएका अन्य शव प्राप्त हुने क्रममा रहेको छ। प्राप्त शव ढिला नगरी नेपाल पठाउन आवश्यक समन्वय भइरहेको छ,' दूतावासले भनेको छ।

उक्त आक्रमणमा परी घाइते भएका चारमध्ये दुईजना

» पृष्ठ ११ मा क्रमश:

■ शेखर-एमाले गठबन्धनले पायो औपचारिकता

कोइरालाको कदमले संस्थापन सशंकित

मध्यावधि रोक्नेसम्म कोइरालाको कदम स्वीकार्य भए पनि त्यसपछिका उनका रणनीतिमा संस्थापनको नजर

● **महेन्द्र यादव**, सहमहामन्त्री, कांग्रेस



कांग्रेसले एमालेसँग गठबन्धन गरेको छैन। तर, कोशीमा कांग्रेसको विद्रोही र एमाले मिलेर सरकार बनेको छ। त्यसकारण कोशीले जटिलता निम्त्याएको छ। एमालेले पहिलादेखि नै गठबन्धनमा बल्छी हाल्न खोजेकै थियो, कोशीमा सफल भएको छ। त्यसको प्रभाव अरू प्रदेश र केन्द्रमा थोरबहुत पर्छ। कांग्रेस, मुख्यमन्त्री र गठबन्धनलाई सजिलो छैन। मध्यावधिमा जाने सम्भावना टरेको छैन।

● **मधु आचार्य**, केन्द्रीय सदस्य



मुख्यमन्त्रीलाई सबै दलले समर्थन गर्नु र वातावरण तयार गर्नुको विकल्प छैन। पार्टीमा पेलेर गएको परिणाम कोशीको विस्फोटन हो। कोशीमा त्यही रूपमा सभापतिज्यू कसरी अगाडि बढ्नुहुन्छ त्यसको आधारमा अरू प्रदेश र केन्द्रको समीकरणमा असर देखिन्छ। कोशीमा मध्यावधि रोक्न सबै दल तयार छन्। फरक परिस्थितिमा सर्वदलीय सहमतिको सरकार बनाउन लाग्नुबाहेक विकल्प छैन।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

प्रधानमन्त्री र कांग्रेस सभापतिसँग गठबन्धन कायमै राख्ने सहमति गरेका डा. शेखर कोइरालाले एमालेसँग घोषित सहकार्य अगाडि बढाएका छन्। उनको समूहबाट कोशीमा मुख्यमन्त्री बनेका केदार कार्कीले एमाले सांसदलाई मन्त्री बनाएर यसलाई औपचारिकता दिएका छन्।

कोइरालाको कदमले कांग्रेसको संस्थापन पक्ष सशंकित बनेको छ। कांग्रेसको संस्थापन पक्ष र सत्तागठबन्धन डा. कोइरालाले कोशीमा चालेको कदमको अन्य प्रदेश र राष्ट्रिय राजनीतिमा कस्तो प्रभाव पर्छ भन्ने विषयमा मन्थनमा जुटेका छन्। विश्लेषकहरू यो कांग्रेसको शेखर समूह र कोशीका मुख्यमन्त्रीले लिने

» पृष्ठ ११ मा क्रमश:

■ मुख्यमन्त्री कार्कीले सम्हाले कार्यभार

एमाले र कोइराला समूहबाट एक-एक मन्त्री नियुक्त





कोशीका नवनियुक्त मुख्यमन्त्री केदार कार्कीले आइतबार पदभार सम्हालेका छन्। शपथलगत्तै उनले एमालेका राम राना र कांग्रेसको शेखर कोइराला समूहका शमशेर राई (दायाँ तस्बिर)लाई विनाविभागीय मन्त्री नियुक्त गरेका छन्। शपथपछि मुख्यमन्त्री कार्कीले आफूले सर्वदलीय सरकार बनाउन प्रयत्न गर्ने बताए। तर, उनलाई समर्थन गरेको एमाले संसदीय दलका नेता हिक्मत कार्कीले आफूहरू सर्वदलीय सरकारको पक्षमा नरहेको बताए। 'हामीले पटक-पटक सर्वदलीय सरकारका लागि गठबन्धनलाई आग्रह गर्‍यौं, तर कोही तयार भएनन्। त्यसैले अब हामी पनि यसको पक्षमा छैनौं,' उनले भने, 'बाँकी कुरा मुख्यमन्त्रीज्यूको व्यवहारमा भर पर्नेछ।'



विश्लेषक गेजा शर्मा वाग्ले भन्छन्- **विद्रोही कांग्रेस र मुख्यमन्त्रीको रणनीतिमा अबको राजनीति**

कोशी घटनामा कांग्रेस र गठबन्धनको राजनीतिलाई नजिकबाट नियालेका विश्लेषक गेजा शर्मा वाग्ले सम्भावित परिदृश्यबारे अभै तस्बिर प्रस्ट भइनसकेको बताउँछन्। उनी गठबन्धन, कांग्रेसको आन्तरिक राजनीति र इतर समूहको भविष्यको विषय कांग्रेसको विद्रोही समूह र कोशीका मुख्यमन्त्रीले अख्तियार गर्ने रणनीतिमा भर पर्ने विश्लेषण गर्छन्। 'कोशी प्रकरणले गठबन्धनमा पनि विश्वासको संकट सिर्जना भएको देखिन्छ। माओवादी अध्यक्ष प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र नेता शेखर कोइरालाबीच गठबन्धन कायम राख्ने लिखित सहमति सार्वजनिक भएको छ। तर, मन्त्रिपरिषद् विस्तारसम्म पुग्दा हिजो कोशीमा भएको सहमतिलाई अनुशरण गरिएको देखिएन। कांग्रेसको शेखर समूह र कोशीका मुख्यमन्त्रीले कुन रणनीति अख्तियार गर्छन् भन्ने कुरामा विश्लेषण गर्नु अहिले प्रि-म्याचुअर्ड हुन्छ। अहिले कोशीको सरकार गठबन्धनको हो कि विद्रोही कांग्रेस र एमालेको भन्ने स्पष्ट भइसकेको छैन। तर, मुख्यमन्त्री नियुक्ति र मन्त्रिपरिषद् विस्तार हेर्दा विद्रोही कांग्रेस र एमालेको सरकार देखिन्छ,' वाग्ले भन्छन्।

कोशीमा सफल भएपछि सबैतिर गठबन्धन भत्काउने एमाले रणनीति

कांग्रेससँग सत्ता-सहकार्य गर्ने प्रस्ताव

● **राजेन्द्र गौतम**, प्रचार विभाग प्रमुख, एमाले



मुलुकमा स्थिरता दिनुपर्ने आवश्यकता छ भन्ने महसुस गरेर हामीले कांग्रेससँग सहकार्यका लागि हात अगाडि बढाएका छौं। तर, यसलाई कांग्रेसले संस्थागत रूपमा कसरी लिन्छ, सबै कुरा उसैमा निर्भर हुनेछ। हामीले सहकार्यका लागि हात दिँदा त्यसलाई कांग्रेसले गम्भीरतापूर्वक लिएन भने मुलुकमा कांग्रेसकै कारण अझ बढी संकट आउन सक्छ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

कोशीमा सत्तारूढ गठबन्धन भत्काउन सफल भएपछि प्रमुख विपक्षी दल एमाले केन्द्र र अन्य प्रदेश सबैतिर नयाँ गठबन्धनको पक्षमा उभिएको छ। सबैभन्दा ठूलो दल कांग्रेससँग केन्द्रदेखि अन्य प्रदेशमा सत्ता-सहकार्यका विभिन्न विकल्पमा संवाद गर्ने एमालेको प्रस्ताव छ।

एमालेले स्थिरता, अराजकताको अन्त्य, सांस्कृतिक मूल्य-मान्यताको रक्षा, महँगी र भ्रष्टाचार नियन्त्रणका लागि हात अगाडि बढाइसकेकाले सहकार्य कांग्रेसको निर्णयमा निर्भर रहने नेताहरूको भनाइ छ। तर, कांग्रेसको संस्थापन पक्ष तयार नभए पनि डा. शेखर कोइराला नेतृत्वको कांग्रेसको विद्रोही पक्षलाई साथ दिने एमालेको नीति छ।

कोइराला पक्ष पनि एमालेसँगको सहकार्यलाई निरन्तरता दिन तयार भएपछि दुई पक्षको सहमतिमा आइतबार नवनियुक्त मुख्यमन्त्री केदार कार्कीले सरकार विस्तार गरेका छन्। शपथ लिनुअघि मुख्यमन्त्री कार्की एमाले अध्यक्ष केपी ओलीलाई भेटेर काठमाडौंबाट विराटनगर फर्किएका थिए। जब कि कोइरालाले शनिबार प्रधानमन्त्री र कांग्रेस सभापतिसँग अहिलेकै गठबन्धनलाई निरन्तरता दिने सहमति गरेका थिए।

'हामी वर्तमान सत्तागठबन्धनप्रति दृढ र स्पष्ट छौं, र यो गठबन्धनलाई कुनै पनि हालतमा कमजोर हुन दिनेछैनौं,' प्रधानमन्त्री र कांग्रेस सभापतिसँग यस्तो सहमति गरेको २४ घन्टा नबितै उल्लंघन गरेर

» पृष्ठ ११ मा क्रमश:

राष्ट्रसंघीय महासचिव गुटेरेस दसैँपछि आउँदै

नेपालको संक्रमणकालीन न्यायका विषयमा उनको भ्रमणमा छलफल गर्ने सरकारी तयारी



संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, प्रधानसेनापति प्रभुराम शर्मा, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनालगायतसँग भेटवार्ता गर्ने गरी तयारी भइरहेको छ। महासचिव गुटेरेसलाई सरकार प्रमुखलाई दिइने स्तरको सुरक्षा र कूटनीतिक मर्यादा प्रदान हुनेछ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमण दसैँपछिका लागि तय भएको छ। उनी १२ वा १३ कात्तिकमा नेपाल आउने कार्यतालिकामा परराष्ट्र मन्त्रालयले भ्रमणको गृहकार्य गरिरहेको छ।

'महासचिवको भ्रमणका लागि हामी गृहकार्य गरिरहेका छौं। दुईपक्षीय सहमतिमा हामी मिति सार्वजनिक गर्नेछौं,' परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालले नयाँ पत्रिकासँग भनिन्।



उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ आज चीन जाने

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निमन्त्रणामा उनको भ्रमण हुन लागेको हो। उनले प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त बैठकलाई सम्बोधन गर्ने पनि कार्यक्रम छ।

प्रधानमन्त्री प्रचण्डले महासचिव गुटेरेसलाई न्युयोर्कमा भेटेर नेपाल भ्रमणका लागि अनुरोध गरेका थिए। नेपाल भ्रमणलाई महासचिवले प्राथमिकतामा राखेका छन्। नेपालको संक्रमणकालीन न्यायका विषयमा उनको भ्रमणमा छलफल गर्ने सरकारी तयारी छ।

महासचिव गुटेरेसले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री प्रचण्ड, प्रधानसेनापति प्रभुराम शर्मा, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनालगायतसँग भेटवार्ता गर्ने गरी तयारी भइरहेको छ। महासचिव गुटेरेसलाई सरकार प्रमुखलाई दिइने स्तरको सुरक्षा र कूटनीतिक मर्यादा प्रदान हुनेछ।

महासचिव गुटेरेसको चासो नेपालमा जलवायु परिवर्तनको असरका विषयमा छ। नेपाल भ्रमणका क्रममा उनले हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरको अध्ययन गर्ने र नोभेम्बरमा युएईमा आयोजना हुने जलवायुसम्बन्धी उच्चस्तरीय सम्मेलनमा विश्वलाई चासो व्यक्त गर्ने गरी उनको कार्यालयले तयारी गरिरहेको छ।

महासचिवको भ्रमण यही साताका लागि तय भएको थियो। तर, इजरायलमा

» पृष्ठ ११ मा क्रमश:

बन्द हुने अवस्थामा द्रुत बस सेवा

आवश्यक पूर्वाधारविना नै हतारमा सुरु गरेको द्रुत बस सेवाले यतिबेला पाइला-पाइलामा अवरोध व्यहोरिरहेको छ। जसका कारण अन्य बस र द्रुत बस गन्तव्यमा पुग्ने समय उस्तै-उस्तै छ। अन्य सवारीसाधन प्रयोगकर्ताले एम्बुलेन्सलाई बाटो छाडिदिए पनि द्रुत बसलाई छेक्ने गरेका छन्।

(विस्तृत पृष्ठ २)



६ महिनामा मिटरब्याजपीडितका ४४ सय निवेदनमा सहमति, दुई सय बिघा जग्गा फिर्ता

नयाँ पत्रिका

मिटरब्याजका नाममा साहुकारबाट ठगिएकाहरूको समस्या समाधान गर्न गठित अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगले ६ महिनामा चार हजार चार सय १६ निवेदन मिलापत्रबाट फर्स्योट गराएको छ। एक अर्ब ५२ करोड २९ लाख रुपैयाँबराबरको लेनदेन सहमतिमा टुंगिएको हो।

आयोग अध्यक्ष गौरीबहादुर कार्कीका अनुसार आयोगको अग्रसरतामा मिटरब्याजीपीडितको दुई सय तीन बिघा नौ कट्ठा जग्गा पनि साहुकारबाट

» पृष्ठ ११ मा क्रमश:

मिटरब्याज जाँचबुझ आयोगको म्याद थप

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.





बन्द हुने अवस्थामा द्रुत बस सेवा

पूर्वाधार निर्माण र ट्राफिक व्यवस्थापनमा समस्या भएको व्यवसायीको आरोप

शिवहरि घिमिरे/नयाँ पत्रिका

करिब एक महिनाअघि (३ असोजमा) तामझामका साथ सुरु भएको द्रुत बस सेवा बन्द हुने अवस्थामा पुगेको छ। भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले रत्नपार्कस्थित शान्तिवाटिकामा विशेष कार्यक्रम आयोजना गरी सेवा सुरु गरे पनि सडकसहितका पूर्वाधार व्यवस्थापनमा चासो नदिँदा बन्द हुने अवस्थामा पुगेको हो।

द्रुत बस सेवामा आबद्ध व्यवसायीका अनुसार सडक पूर्वाधार र ट्राफिक व्यवस्थापन कमजोर भएका कारण बस सञ्चालन गर्न नसक्ने अवस्था आएको हो। यातायात व्यवसायी र सरकारबीच २५ वटा बस द्रुत सेवाअन्तर्गत सञ्चालन गर्ने उल्लेख छ। तर, सरकारले आवश्यक पूर्वाधार व्यवस्थापन नगरिदिएको व्यवसायीहरूको भनाइ छ। सरकारले ३ असोजदेखि भक्तपुर सूर्यविनायकदेखि रत्नपार्कसम्म द्रुत बस सेवा सञ्चालन गरेको थियो। तर, झन्झट धेरै भएको, डेडिकेटेड लेनमा गुडाउन नपाएको, ट्राफिकले सहजीकरण नगरेका कारण व्यवसायीले बस चलाउन छाडेका छन्। उनीहरूले पूर्वाधार र ट्राफिक व्यवस्थापन सहज भए मात्रै पुनः सेवा दिन तयार हुने माग यातायात व्यवस्था विभागसँग राखेका छन्।

आवश्यक पूर्वाधारविना नै हतारमा सुरु गरेको द्रुत बस सेवाले यतिबेला पाइला-पाइलामा अवरोध व्यहोरिरहेको छ। जसका कारण अन्य बस र द्रुत बस गन्तव्यमा पुग्ने समय उस्तै-उस्तै छ। अन्य सवारीसाधन प्रयोगकर्ताले एम्बुलेन्सलाई बाटो छाडिदिए पनि द्रुत बसलाई छेक्ने गरेका छन्। ट्राफिकले पनि सहजीकरण नगरिदिएको व्यवसायीहरू नै बताउँछन्। यसअघि सरकारले सुरु गरेको रात्रिकालीन बस सेवा पनि पूर्वाधार र संरचना निर्माण गर्न नसकेर बन्द भएको थियो। तर, त्यही अवस्था द्रुत बस सेवामा पनि देखिन थालेको छ। सरकारले ट्राफिक व्यवस्थापन र सहज पूर्वाधार निर्माण नगरिदिए यस किसिमको बस सेवा दिन तयार नहुने अडान व्यवसायीको छ।



■ **सरोज सिटौला**, वरिष्ठ उपाध्यक्ष, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ



सार्वजनिक यातायातमा आकर्षण बढाउन यस्तो बस सेवा सञ्चालन गरिएको थियो। तर, सरकारले पूर्वाधार व्यवस्थित बनाएन। विदेशमा यस्तो किसिमको बसलाई छुट्टै पूर्वाधार हुन्छ, हामीकहाँ पनि पूर्वाधार व्यवस्थित बनेन भने यो किसिमको बस सेवा सञ्चालन गर्न सकिँदैन।

■ **ईश्वरीदत्त पनेरू**, प्रवक्ता, यातायात व्यवस्था विभाग



हामीले व्यवसायीलाई सहज हुने कुनै सुविधा दिएका छैनौँ, उहाँहरू नियमअनुसार चल्न बाध्यकारी हुनुपर्छ भन्ने पनि होइन। एउटा प्रतिबद्धता र आग्रह हो, यसमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सहजीकरण पनि गरेको छ, सायद दसैँको वेला भएर बन्द भएको होला।

निर्धारित समयमा कहिल्यै पुगेन द्रुत बस

उद्घाटनका दिन ट्राफिक व्यवस्था कडा पारेर शान्तिवाटिकादेखि सूर्यविनायकसम्म मन्त्री ज्वालासहितको टोली ४५ मिनेटमा पुगेको थियो। तर, त्यसयता भने अस्तव्यस्त ट्राफिक व्यवस्थापन र पूर्वाधारको कमीका कारण प्रभावकारी बन्न सकेन।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले सरकारी पक्षबाट पूर्वाधार र ट्राफिक व्यवस्थापनमा सहजीकरण नभएको बताए। 'व्यवसायी यस प्रकारको बस सेवा सञ्चालन गर्न पछि हटेका होइनन्, तर सरकारले आवश्यक सहयोग गरिदिएन,' उनले भने, 'सडक पूर्वाधार र ट्राफिक व्यवस्थापन नगरिदिने हो भने यस प्रकारको बस सेवा सञ्चालन गर्न सकिँदैन।' उनका अनुसार यसमा व्यवसायीको भन्दा पनि सरकारको कमजोरी छ।

सरकारले द्रुत बस हिँड्ने रुटमा पूर्वाधार व्यवस्थित बनाउनुपर्छ। 'सडकमा मोटरसाइकलको कुरूप हटाउन र सार्वजनिक यातायातमा आकर्षण बढाउन यस्तो किसिमको बस सेवा सञ्चालन गरिएको थियो,' वरिष्ठ उपाध्यक्ष सिटौलाले भने, 'तर, सरकारले पूर्वाधारलाई व्यवस्थित बनाएको छैन,' उनले भने, 'विदेशमा यस्तो किसिमको बसलाई छुट्टै किसिमको पूर्वाधार हुन्छ, हामीकहाँ पनि पूर्वाधार व्यवस्थित बनेन भने यो किसिमको बस सेवा सञ्चालन गर्न सकिँदैन।'

यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूले व्यवसायीहरूलाई द्रुत बसको नियमअनुसार चल्न बाध्य नपारिएकाले चल्ने वा नचल्ने निर्णय व्यवसायीमै भएको बताए। 'हामीले व्यवसायीलाई सहज हुने कुनै सुविधा दिएका छैनौँ, उहाँहरू यो नियमअनुसार चल्न बाध्यकारी हुनुपर्छ भन्ने पनि होइन,' उनले भने, 'एउटा प्रतिबद्धता र आग्रह हो, यसमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सहजीकरण पनि गरेको छ, सायद दसैँका वेला भएर बन्द भएको होला।' द्रुत बसको रुट र नियममा चल्ने बसलाई पनि रुट परमिट खुला भएकाले ती बस रिजर्भ, लोकललगायत रुटमा चल्न थालेका छन्।

तर, दसैँपछि ती बसहरू द्रुत बसकै नियममा चल्ने प्रवक्ता पनेरूले जानकारी दिए। त्यसो त पछिल्लो समय द्रुत बस सेवाबारे पनि विभिन्न टीका-टिप्पणी आइरहेका छन्। सडकमा रङ लगाउन ठूलो रकम खर्च गरे पनि यस प्रकारको बस सेवा प्रभावकारी नबनेको आलोचना हुने गरेको छ।

खोकनामा रुद्रायणी देवीको १२ वर्षे मेला सुरु



ललितपुर/ हरेक १२ वर्षमा लाग्ने ललितपुर महानगरपालिका-२१, खोकनाको रुद्रायणी देवीको मेला सुरु भएको छ। आइतबार सुरु भएको मेला अवधिभर जात्रा, देवीनाच प्रदर्शन गरिन्छ।

जात्राबारे जानकारी दिन आइतबार ललितपुरको खोकनामा आयोजित पत्रकार सम्मेलनमा वडा नम्बर २१ का वडाध्यक्ष रवीन्द्र महर्जनले सोमबार र मंगलबार मेलाको विशेष दिन भएकाले त्यस दिन विभिन्न जात्रा र नाच देखाइने बताए। विशेष गरी खोकनावासीले मनाउँदै आएको यस मेलामा सिकाली, खड्ग, रुद्रायणीलगायतको जात्रा नगरभर देखाइन्छ। 'खोकना ऐतिहासिक थलो हो, यहाँ हरेक समय केही न केही जात्रापर्व भइरन्छन्, तर १२ वर्षको अन्तरालमा आउने रुद्रयणी देवीको मेला विशेष हो,' उनले भने, 'रुद्रायणी मन्दिरमा विराजमान रुद्रायणी देवीलाई रुद्रायणी देवगणहरूबाट एक महिनाका लागि पूजा-अर्चना गरी परिक्रमा गराउने गरिन्छ।'

१२ वर्षे मेलामध्ये सबैभन्दा विशेष दिन असोज शुक्ल तृतीयालाई मानिन्छ। यस दिन मन्दिरको ढोकाबाहिर पूजाआजा पनि गर्ने गरिन्छ। १२ वर्षे मेलाका क्रममा रुद्रायणी देवीलाई उपत्यकाका विभिन्न नगरहरू परिक्रमा गराइन्छ। जसका क्रममा ललितपुरको पाटन दरबार क्षेत्रको मूलचोक, केशवनारायण चोक, डबलीको अगाडि रुद्रायणीलाई परिक्रमा गराउँदै जात्रा प्रस्तुत गरिनेछ। यसबाहेक उपत्यकाका ऐतिहासिक स्थानहरूमा परिक्रमा गराइनेछ। मेलाका लागि ललितपुर महानगर पालिकाले ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

दृष्टिविहीनको सडक सकसबारे छलफल

काठमाडौं/ ५९औँ विश्व सेतो छडी दिवसको अवसरमा आइतबार काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथमा दृष्टिविहीनले सडक यात्राका क्रममा भोगेका समस्याबारे अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न भएको छ। नेपाल नेत्रहीन संघका महासचिव शिशिर खनालसहित अन्य पदाधिकारी तथा ट्राफिक कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) पोषराज पोखरेललगायत प्रहरी कर्मचारीहरूको उपस्थितिमा छलफल भएको हो। कार्यक्रममा नेत्रहीन संघका अधिकारीले दृष्टिविहीनले सडक यात्राका क्रममा भोगेका समस्याबारे जानकारी गराएका थिए। उनीहरूको समस्या समाधानका लागि गर्नुपर्ने विषयमा पनि अन्तर्क्रिया भएको थियो। उक्त कार्यक्रममा दृष्टिविहीनलाई सबै पक्षले आ-आफ्नो पक्षबाट सहयोग गर्ने र ट्राफिक प्रहरीले समेत सडकयात्रा र सवारीसाधन प्रयोगमा विशेष प्राथमिकताका साथ सहयोग गर्ने विषयमा प्रतिबद्धता प्रस्तुत गरिएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

'काठमाडौं मेट्रो आइडिया एन्ड इनोभेसन' प्रदर्शनी गर्दै महानगर

काठमाडौं/ काठमाडौं महानगरपालिकाको सहरी योजना आयोगले 'काठमाडौं मेट्रो आइडिया एन्ड इनोभेसन'सम्बन्धी सोच प्रदर्शनी गर्ने भएको छ। यसका लागि पहिलो चरणका विजेता शीर्ष ५० सोचका टोली नेतालाई अभिमुखीकरण गरिएको हो।

कार्यक्रममा सहरी योजना आयोगका उपाध्यक्ष डा. सुमन नरसिंह राजभण्डारीले आर्थिक विकासका लागि महानगरपालिकाको सहजीकरण योजनाका विषयमा जानकारी गराएका थिए। उनले सोच र लगानीको भेट गराउने लक्ष्य रहेको जानकारी दिए। राजभण्डारीले भने, 'यसबाट युवा र रोजगारीको क्षेत्रबाट आर्थिक विकासमा टेवा पुग्नेछ।' कार्यक्रममा योङ इनोभेसनका अध्यक्ष विभूषण विष्टले सोचलाई आर्थिक उपार्जनमा प्रयोग गर्न सकिने प्रशस्त ठाउँ रहेको बताए।



३० असोजमा राष्ट्रिय सभागृहमा नवीन सोचको बजारीकरणसम्बन्धी प्रदर्शनी हुनेछ। त्यसपछि सोचलाई लगानीका लागि थप परिपक्व बनाउन तालिम दिइनेछ। आयोगकी सहायकविज्ञ अग्मा मालाकारले भनिन्, 'अन्तिम चरणमा टेलिभिजन सो गरिनेछ।' नवीनतम सोचलाई उद्यमशील क्षेत्रका रूपमा विकास गर्न विकास कार्यमा सहयोग गर्ने, विकसित सोचलाई लगानीकर्तासँग जोडेर बेरोगजारीसँग सम्बन्धित समस्या कम गराउने यसको लक्ष्य हो।

२ जेठ ०८० मा पहिलोपटक सूचना प्रकाशित गरेर आवेदन आह्वान गरिएको थियो। यसका लागि १९ जेठसम्म समय तोकिएको थियो। यस अवधिमा प्रस्ताव पठाउन नसकेका, तर सहभागी हुन इच्छा गरेका व्यक्ति तथा समूहलाई अवसर दिन १० दिन समय थप गरेर २९ जेठसम्म पुऱ्याइयो। यस अवधिमा सात सय ८६ जनाले आवेदन दिएका थिए। असार महिनामा दोस्रो चरणका लागि अन्तिम ५० समूह छनोट गरियो। यस चरणमा प्रतिस्पर्धाका लागि समुदाय र वातावरण विधामा ३२, प्रशासनिक प्रभावकारितामा सातवटा, सामुदायिक सेवामा २३ वटा, आर्थिक-सामाजिक क्षेत्रमा १९ वटा र सहरी पूर्वाधारमा २० वटा गरी एक सय एक सोच छानिएका थिए। जसमा ७८ वटा समूह र २३ जना व्यक्ति थिए।

■ चाडबाड मान्न घर फर्कनेको लर्को



नवरात्रको पहिलो दिन आइतबार बिहान काठमाडौंको जडीबुटीमा दसैँसहितका चाडबाड मनाउन घर फर्कंदै गरेका सर्वसाधारणको भिड। काठमाडौंका अधिकांश विद्यालय तिहारसम्मै बिदा हुने हुँदा सपरिवार चाडबाड मनाउन उनीहरू पुर्ख्यौली घर फर्किन लागेका हुन्। यो क्रम नवरात्रभर जारी रहन्छ।
तस्बिर : अमुल थापा/नयाँ पत्रिका

११ स्थानमा पशु चिकित्सकसहितको टोली परिचालन

काठमाडौं/ पशुसेवा विभागले काठमाडौं उपत्यकाका ११ स्थानमा पशु चिकित्सकसहितको टोली परिचालन गर्ने भएको छ। चाडपर्वका अवसरमा उपभोक्तामा स्वास्थ्यकर एवं गुणस्तरीय मासु बिक्री-वितरण गराउने उद्देश्यले पशुपक्षीको स्वास्थ्य परीक्षणका लागि टोली परिचालन गर्ने भएको हो। उक्त टोलीले पशुपक्षीबाट नमुना संकलन, रोग निदान र उपचारसमेत गर्नेछ।

विभागका महानिर्देशक डा. उमेश दाहाले आइतबार विज्ञप्ति जारी गरी कलंकी खसी बजार, बल्खु कालिमाटी माछा बजार, चोभार नाका, चाल्नाखेल राँगा बजार, टुकुचा खसी बजार, खाद्य संस्थान, लोकन्थली खसी बजार, सल्लाघारी च्यांग्रा बजार, बालाजु बाइपास नाका, लगनखेल, धापाखेल, आकासे धारा, थानकोट, दहचोक, मूलपानीमा टोली परिचालित हुने जानकारी दिए। नमुना संकलनपछि स्वस्थ देखिएमा हरियो रङ र रोगी देखिए रातो संकेत गर्ने व्यवस्था मिलाइएको छ।

गत वर्ष घटस्थापनादेखि नवमीका दिनसम्म मासुका लागि कुल ५४ हजार पशु काठमाडौं भित्रिएका थिए। विभागले स्वास्थ्यकर र फूर्तिलो खसी-बोका, राँगा छनोट गर्न र मासु उत्पादन र बिक्री-वितरण गर्दा सरसफाइमा ध्यान दिन पनि आग्रह गरेको छ।

कुमारी एवं तलेजु जात्रा सुरु

भक्तपुर/ जीवित देवीका रूपमा मनाइने भक्तपुरको एकान्तकुमारी लुनिभा बज्राचार्यलाई आइतबार बिहान कुमारीघर भित्र्याइएको छ। कुमारीघर भित्र्याएपछि आइतबारदेखि कुमारी एवं तलेजु जात्रा सुरु भएको छ। घटस्थापनादेखि दसैँभरि कुमारीघरमा विराजमान गराई कुमारीजात्रा मनाइने परम्पराअनुसार कुमारीलाई तान्त्रिक विधिअनुसार पुजा गरी भक्तपुर नगरपालिकामा रहेको कुमारीघरमा विराजमान गराई पूजा गरिएको तलेजुका मूल नाइके नरेन्द्रप्रसाद जोशीले जानकारी दिए।

तलेजुमा ऋग्वेद, यर्जुवेद, अथर्ववेद, सामवेद र चण्डी पाठ गरी राजोपाध्याय र कर्माचार्यले कुमारीको पूजा गरी कुमारीजात्रा मनाइने उनले बताए। यो अवधिमा टिबुक्छेँमा रहने ११ जनाको गणकुमारीको समेत तलेजु ल्याएर पूजा गरिन्छ।

कुमारीलाई दरबार स्क्वायरस्थित चतुर्ब्रह्म महाविहारमा लगेर पूजा गरी पुनः कुमारी घरमा लगेर विराजमान गराएपछि आइतबारदेखि दशमीसम्म कुमारीको पूजा गर्न सर्वसाधारण आउने तलेजुका मूल नाइके जोशीले बताए। दशमीको दिन कुमारीको हातबाट तलेजुका पुजारी, मूल नाइकेलगायतलाई साइतको टीका लगाइदिएपछि सर्वसाधारणका लागि कुमारीले टीका लगाइदिने परम्परा छ। सोही दिन कुमारीले कुमारीघरबाट आफ्नै जन्मघर जाने इच्छा प्रकट गरेपछि घर लैजाने परम्परा रहेको छ। त्यसैगरी, नेपालकै मूल तलेजुका रूपमा लिइने भक्तपुर तलेजुमा बौद्धिक एवं तान्त्रिक पद्धतिअनुसार पूजा गरी दसैँघरमा पञ्चायन निर्णायक समितिले निर्धारण गरेको शुभसाइतमा जमरा राखिन्छ।

राजा हरिसिंहदेव र देवलदेवीले नेपाल संवत् ४४४ मा सिम्रनगढबाट ल्याएर श्री तलेजु भवानीलाई भक्तपुरमा प्रतिस्थापन गरेपछि तलेजु जात्रा मनाउने परम्परा सुरु भएको तलेजुका मूल नाइके जोशीले बताए। तलेजुमा सप्तमीदेखि दशमीसम्म तलेजु जात्रा मनाइन्छ भने सप्तमीदेखि महानवमीसम्म ५४ बोका, ३२ राँगा र २४ हाँसको बलि दिई कालरात्रि गरी जात्रा मनाइन्छ।

TRIVENI
A Promise for Life

हनुमानढोकास्थित दसैँघरमा जमरा राखियो

काठमाडौं/ हनुमानढोकास्थित दसैँघरमा विधिपूर्वक जमरा राखिएको छ। नवरात्रको पहिलो दिन आइतबार नेपाल पञ्चांग निर्णायक विकास समितिले उपलब्ध गराएको साइत बिहान ११ बजेर २९ मिनेटमा घटस्थापना गरिएको हो। विधिपूर्वक घट अर्थात् घडा स्थापना गरी त्यही घडामाथि शक्तिस्वरूपा दुर्गाको पूजा-आराधना गरिने भएकाले यस दिनलाई घटस्थापना भन्ने गरिन्छ। आइतबार स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गर्नुका साथै विजयादशमीका दिनमा दुर्गादेवीको प्रसाद ग्रहण गर्ने प्रचलन छ।

दुर्गादेवीका तीनवटा रूप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा-आराधना गरिन्छ। महाकालीलाई शक्तिको, महालक्ष्मीलाई धनधान्य तथा ऐश्वर्यको र महासरस्वतीलाई विद्या तथा बुद्धिको प्रतीकका रूपमा पूजा-आराधना गर्ने वैदिक परम्परा छ। भगवती दुर्गाले दैत्यमाथि तथा रामले रावणमाथि विजय गरेको उत्सवका रूपमा नवदुर्गाको पूजा गर्दिँदै आइएको दसैँघरका पुजारी सागर खरेलले बताए। जमरा छरेपछि व्यक्तिमा सुख, शान्ति प्राप्त हुने तथा रोगव्याधी भाग्ने जनविश्वास र शास्त्रीय मान्यता रहेको उनको भनाइ थियो।

राष्ट्रको कल्याण होस्, जनता सुख, शान्ति र समृद्धिमा रहून्, उन्नति-प्रगति हुँदै जाओस् भन्ने हेतुले जमरा राखिएको पुजारी खरेलले बताए। हनुमानढोकास्थित दसैँघरमा जमरा राखेपछि सर्वसाधारणले पनि घरघरमा घटस्थापना गर्ने परम्परा छ।

फेरिदै छ

‘अपुतालीको धन’ प्राप्त गर्ने लोभमा ६९ वर्षीय वृद्धले गुमाए ९५ लाख

टर्कीको इस्तानबुल बैंकमा ९५ लाख अमेरिकी डलर राखेका व्यक्तिको मृत्यु भएको र नाता प्रमाणित गरेर उक्त रकम प्राप्त गर्न सकिने भन्दै एक गिरोहले बनाएको योजनामा ठगिए बुद्ध

नयाँ पत्रिका

‘अपुतालीको धन’ प्राप्त गर्ने चक्करमा लाग्दा काठमाडौंका ६९ वर्षीय तारा पुरीले ९५ लाख रुपैयाँ गुमाएका छन् । नेपाल सरकारको पूर्वकर्मचारीसमेत रहेका पुरी टर्कीको इस्तानबुल बैंकमा रहेको भनिएको ९५ लाख अमेरिकी डलर पाउने आशामा ठगिएका हुन् ।

ठगी घटना यसरी सुरु हुन्छ- पुरीलाई टर्कीको इस्तानबुलस्थित इस्तानबुल बैंकको नाममा एउटा इमेल आयो । इमेलमा उल्लेख थियो, ‘इस्तानबुल बैंकमा एडिन पुरीको नाममा ९५ लाख अमेरिकी डलर छ । उनको केही महिनाअघि गएको भूकम्पमा मृत्यु भइसकेको छ । हकवाला कोही नभएको हुँदा तपाईंले नाता प्रमाणित गरेर लिन सक्नुहुन्छ ।’

इन्जिनियर पुरीको मनमा लोभ पलायो । मृतक पुरी नै भएको हुँदा नाता प्रमाणित गर्न सकिने आत्मविश्वास उनमा जाग्यो । उनले आवश्यक प्रक्रिया बुझ्न भन्दै तुरुन्तै बैंकलाई इमेल रिप्लाई गरे । बैंकले पुरीसँग नागरिकता, पासपोर्टदेखि आवश्यक सबै कागजात माग्यो । पुरीले सबै कागजात स्क्यान गरेर इमेल गरे ।

त्यसपछि आवश्यक कानुनी प्रक्रिया मिलाउन भन्दै उनलाई तुरुन्तै इस्तानबुल आउन अर्को इमेल आयो । तर, उनी तुरुन्तै इस्तानबुल जाने अवस्थामा थिएनन् । उनले आफ्नो पारिस्थितिबारे इमेलमार्फत बैंकलाई जानकारी गराए । बैंकबाट पुनः अर्को इमेल आयो । इमेलमा लेखिएको थियो, ‘आउन नसक्ने भए



कानुनी प्रक्रिया मिलाउन तपाईंले अधिवक्ता ‘हायर’ गर्नुपर्ने हुन्छ । यसका लागि तपाईंले शुल्क बुझाउनुपर्ने हुन्छ ।’ पुरी सहमत भए । रकम पठाउन बैंकले नेपाली बैंकको खाता नम्बर उपलब्ध गराएको थियो । पुरीले सोही खातामा रकम पठाउन थाले । बैंकले नयाँ-नयाँ कानुनी अड्चन देखाउँदै गयो । त्यसका लागि थप शुल्क लाग्ने भन्दै पुरीसँग रकम माग्दै गयो । लोभिएका पुरी रकम चुकाउँदै गए ।

९५ लाख रुपैयाँ भुक्तानी गरिसकेपछि उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट टेलिफोन आयो । तुरुन्तै कार्यालय आउन भनियो । उनी दौडिएर अपराध अनुसन्धान कार्यालय पुगे । जसको नाममा रहेको बैंक खातामा उनले रकम पठाउँदै आएका थिए, सोही व्यक्ति अनलाइन ठगीमा पक्राउ परेका रहेछन् । यो सुनेर पुरी छाँगाबाट खसेझैं भए । आफू ठगिएको भेउ बल्ल थाहा पाए ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले घटनामा संलग्न महावीर शाह, कमल चौधरी, पुरुषोत्तम कार्की र लक्ष्मण नेपालीलाई पक्राउ गरेको छ । कार्यालयका अनुसार उनीहरूले सोही तरिका अपनाएर विभिन्न व्यक्तिबाट आठ करोड ५७ लाख रुपैयाँभन्दा धेरै ठगी गरेको देखिन्छ ।

● **एसएसपी सोमेन्द्रसिंह राठौर**, प्रमुख, उपत्यका अपराध अनुसन्धान कार्यालय



मृतकको नाममा रहेको रकम उपलब्ध गराउने भन्दै एक पीडितबाट ९५ लाखभन्दा धेरै रकम ठगी भएको अनुसन्धानबाट खुलेको छ । घटनामा संलग्न केही व्यक्ति पक्राउ परेका छन् । केही फरार छन् । उनीहरूले सोही तरिका अपनाएर विभिन्न व्यक्तिबाट आठ करोड ५७ लाख रुपैयाँभन्दा धेरै ठगी गरेको देखिन्छ ।

कमल चौधरी, पुरुषोत्तम कार्की र लक्ष्मण नेपालीलाई पक्राउ गरेको छ । कार्यालयका अनुसार उनीहरूले सोही तरिका अपनाएर विभिन्न व्यक्तिबाट आठ करोड ५७ लाख रुपैयाँभन्दा धेरै रकम ठगेको खुलेको छ । घटनाका ‘मास्टर माइन्ड’ पाकिस्तानी नागरिक आदिल हुन् । उनीसहित अन्य छजना फरार रहेको प्रहरीले जनाएको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौरले भने, ‘मृतकको नाममा रहेको रकम उपलब्ध गराउने भन्दै एक पीडितबाट ९५ लाखभन्दा धेरै रकम ठगी भएको अनुसन्धानबाट खुलेको छ । घटनामा संलग्न केही व्यक्ति पक्राउ परेका छन् । केही फरार छन् । उनीहरूले सोही तरिका अपनाएर विभिन्न व्यक्तिबाट आठ करोड ५७ लाख रुपैयाँभन्दा धेरै ठगी गरेको देखिन्छ ।’

सरकार र स्थानीय तहका कर्मचारीबीच १९ बुँदे सहमति

दुई साता लामो कर्मचारी आन्दोलन फिर्ता

नयाँ पत्रिका

विभिन्न माग अधि सारेर संघर्षरत स्थानीय तहका कर्मचारी र सरकारबीच सहमति जुटेको छ । यससँगै दुई साता लामो कर्मचारी आन्दोलन पनि फिर्ता भएको छ । मन्त्रिपरिषद् बैठकबाट संसद्मा दर्ता गर्न सैद्धान्तिक स्वीकृति भइसकेको संघीय निजामती सेवा विधेयकमा समावेश गर्ने गरी २० बुँदे माग अधि सारेर स्थानीय तहका कर्मचारी संघर्ष समिति नै गठन गरेर आन्दोलित थिए । सरकारले उनीहरूसँग १९ बुँदामा सहमति गरेको छ ।

स्थानीय तहको सेवाप्रवाह नै प्रभावित हुने गरी आन्दोलन चर्काउन थालेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मन्त्रीस्तरको निर्णयबाट गत बिहीबार सहसचिव कमलप्रसाद भट्टराईको संयोजकत्वमा संवाद समिति गठन गरेको थियो । मन्त्रालयको उक्त समिति र स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समितिबीच राष्ट्रियस्तरका ट्रेड युनियनहरूको उपस्थितिमा विभिन्न चरणमा छलफलपछि शनिबार साँझ सहमति जुटेको हो ।

छलफलबाट ऐनमा संघ, प्रदेश र स्थानीय सेवाका कर्मचारीको सेवा र सर्तका विषयमा न्यूनतम मापदण्ड समावेश गर्ने, प्रदेश कानुन निर्माण गर्दा पालना गर्नुपर्ने मापदण्डमा स्थानीय सेवाका स्थायी कर्मचारीलाई निजामती कर्मचारीका रूपमा परिभाषित गर्ने व्यवस्था समावेश गर्न पहल गर्ने, प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाको पद रहने व्यवस्था गर्न र त्यस्तो पदमा ऐन प्रारम्भ भएको मितिले पाँच वर्षसम्म संघीय निजामती सेवाका कर्मचारी खटाउने व्यवस्था समावेश गर्ने उपयुक्त हुनेलगायत सहमति जुटेका छन् ।

तीनै तहमा तहगत प्रणाली लागू गर्ने, अन्तरस्थानीय तह सरुवा सम्बन्धित प्रदेशबाट र अन्तरप्रादेशिक सरुवा संघबाट हुने व्यवस्था गर्ने, एकपटकलाई इच्छुक, समायोजन हुन बाँकी रहेका र फाजिलमा परेका कर्मचारीलाई समायोजनमा सहभागी हुन पाउने व्यवस्थाका लागि पहल गर्ने, प्रत्येक पाँच वर्षमा तह वृद्धि हुने व्यवस्था तथा एकै पदमा सेवा अवधि १२ वर्ष पुगेकाको हकमा एकपटकका लागि दुई तहसम्म वृद्धिको व्यवस्था गर्न पहल गर्ने, समायोजन भएका कर्मचारीलाई कर्मचारी समायोजन ऐनको व्यवस्थाबमोजिम नै संघीय निजामती सेवाको पदमा बढुवाको अवसर प्रदान गर्नेलगायत विषय पनि सहमतिमा उल्लेख छन् ।

त्यस्तै, कानुनबमोजिम प्रतिस्पर्धात्मक प्रतियोगितामा सहभागी हुन तीनवटै तहमा कार्यरत स्थायी कर्मचारीलाई उमेरहद नलाग्ने र सेवा अवधि गणना गर्ने, अन्तरतह प्रतियोगिताका लागि पदअनुसार २० प्रतिशतसम्म कायम गर्ने, तीनै तहमा कार्यरत कर्मचारीलाई कानुनबमोजिम वृत्ति विकासको अवसर समान रूपमा उपलब्ध गराउने, संघीय निजामती सेवामा व्यवस्था भएअनुसार नै प्रदेश कानुनबमोजिम ट्रेड युनियन अधिकार प्रदान गर्न उपयुक्त हुनेलगायत विषय पनि सम्झौतामा समेटिएका छन् ।

विद्यमान कानुनमा भएको सेवा परिवर्तनसम्बन्धी व्यवस्थाबमोजिम आवश्यकताअनुसार प्रक्रिया अघि बढाउने र लोकसेवा आयोगको सिफारिसमा स्थानीय तहमा नियुक्त भएका तथा कर्मचारी समायोजन ऐनबमोजिम स्थानीय तहमा समायोजन भई कार्यरत रहेका र यसअघि संघीय मामिला मन्त्रालयबाट विभिन्न मितिमा सम्बन्धित स्थानीय तहको दोहोरो सहमतिमा सम्बन्धित स्थानीय तहबाटै तलवभत्ता भुक्तानी हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि कामकाजमा खटाइएका कर्मचारीलाई मागका आधारमा खटिएकै स्थानीय तहमा पदस्थापनका लागि प्रचलित कानुनको अधिनमा रही नीतिगत प्रबन्ध गर्ने सहमति भएको छ ।

सरकारसँग सहमति जुटेपछि हालका लागि आन्दोलन स्थगित भएको स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समितिका संयोजक दीपक गौतमले नयाँ पत्रिकालाई बताए । ‘सहमतिसँगै हालका लागि आन्दोलन फिर्ता भएको छ,’ उनले भने, ‘ठोस रूपमा माग सम्बोधन नभए पुनः आन्दोलन गर्न बाध्य हुनेछौं ।’ मन्त्रिपरिषद्बाट संसद्मा दर्ता गर्ने सैद्धान्तिक स्वीकृति भएर पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमै रहेको विधेयक अब संसद्मा पुगेपछि माग समावेश गरी संशोधन हुने उनले बताए ।

बिपी स्वास्थ्य प्रतिष्ठानका पदाधिकारीलाई बर्खास्त गर्न माग

धरानमा **केदार बस्नेत**

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका आन्दोलनरत चिकित्सले प्रतिष्ठानका पदाधिकारीलाई बर्खास्त गर्न माग गरेका छन् । रोकिएको बढुवा प्रक्रिया सञ्चालन गर्नुपर्ने मागसहित स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतसमक्ष सामूहिक राजीनामा बुझाएका आन्दोलनरत चिकित्सक शिक्षकले आइतबार पत्रकार सम्मेलन गर्दै प्रतिष्ठानका चारैजना पदाधिकारीलाई बर्खास्त गर्न वा सामूहिक राजीनामा स्वीकृत गरेर निकास निकाल्न सरकारसँग माग गरेका हुन् ।



अहिलेको अवस्था सिर्जना हुनुमा पदाधिकारीहरू मुख्य जिम्मेवार रहेको बताउँदै उनीहरूलाई बर्खास्त गर्नुपर्ने चिकित्सकहरूको भनाइ छ । उनीहरूले प्रतिष्ठानलाई अनिर्णयको बन्दीमा राख्न नहुने भन्दै दुईवटा विकल्पसमेत अघि सारेका छन् । सामूहिक राजीनामा दिइसकेकाले प्रतिष्ठानका स्वास्थ्य सेवा, शैक्षिक कार्यक्रम कुनै पनि जिम्मेवारी बहन गर्न आफूहरू बाध्य नरहेको भन्दै आन्दोलनरत चिकित्सहरूले अडान कायमै राखेका छन् ।

शिक्षण कल्याण समाजका अध्यक्ष डा. सेराज अहमद खानले आफूहरूले राजीनामा दिइसकेकाले कुनै पनि जिम्मेवारीमा नरहेको बताए । उनका अनुसार प्रतिष्ठानका पदाधिकारीहरू समस्या समाधान गर्नभन्दा पनि राजनीतिक दाउपेचमा लागिरहेका छन् । चिकित्सहरूको आन्दोलनले प्रतिष्ठानका सम्पूर्ण सेवा प्रभावित बनेको बताउँदै समस्याको निकास निकाल्न लोकसेवा आयोगसँग परामर्श लिइरहेको प्रतिष्ठानले जनाएको छ । कानुनी जटिलता नआउने गरी सामूहिक प्रयत्नबाट समस्याको हल गर्नतर्फ सबै लाग्नुपर्ने बताउँदै प्रतिष्ठानका रजिस्ट्रार प्रा.डा. सूर्यप्रसाद संग्रौलाले सेवामा फर्कन आन्दोलनरत चिकित्सकलाई अपिलसमेत गरेका छन् ।

चिकित्सक शिक्षकहरूको आन्दोलनका कारण प्रतिष्ठानमा दैनिक सेवा लिन आउने बिरामी उपचार सेवाबाट वञ्चित भएका छन् । प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीको पठनपाठनसमेत ठप्प बनेको छ । सात महिनायता रोकिएको बढुवा प्रक्रिया सरोकारवाला निकायको सहमतिमा एक महिनाभित्र सुरु गर्ने प्रतिष्ठानसँग गत १४ भदौमा प्रतिष्ठान र आन्दोलनरत पक्षबीच सहमति भएको थियो । तर, महिना दिन बितिसक्दासमेत माग पूरा गर्नतर्फ प्रतिष्ठानले चासो नदिएको भन्दै शिक्षक कल्याण समाजको नेतृत्वमा प्रतिष्ठानका एक सय ५० जना चिकित्सकहरूले स्वास्थ्यमन्त्री बस्नेतसमक्ष सामूहिक राजीनामा बुझाइसकेका छन् ।

सात वर्षदेखि प्रतिष्ठानमा कार्यरत एसिस्टेन्ट प्रोफेसर, एसोसिएट प्रोफेसर र एडिसन प्रोफेसर गरी एक सय ७७ जनाको आन्तरिक पदपूर्ति तथा बढुवा प्रक्रिया रोकिएको छ । तर, सात महिनाअघि सुरु भएको बढुवा प्रक्रिया लोकसेवा आयोगले शिक्षक सेवाका सर्त र सुविधासम्बन्धी नियमावली, २०६९ को प्रस्तावित मस्यौदा स्वीकृत गरी आयोगबाट मात्र पदपूर्ति प्रक्रिया अगाडि बढाउन प्रतिष्ठानलाई निर्देशन दिएपछि शिक्षकहरू आन्दोलन गर्दै आएका छन् ।

चन्द ‘पुलिस अफ द मन्थ’

काठमाडौं/ नेपाल प्रहरी पहरा गण मुख्यालय समाखुसी काठमाडौं दरबन्दी भई हाल ट्राफिक प्रहरी वृत्त जावलाखेलमा कार्यरत प्रहरी सहायक हवल्दार उत्तम चन्द भदौको उत्कृष्ट प्रहरीका रूपमा पुरस्कृत भएका छन् । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले उनलाई ‘पुलिस अफ द मन्थ’का रूपमा पुरस्कृत गरेको हो ।

अभिलेख व्यवस्थापन तथा सेवाग्राहीसँग उत्कृष्ट व्यवहार गरेको, ११ वटा चोरीका मोटरसाइकल नियन्त्रणमा लिई सम्बन्धित धनीलाई बुझाउने कार्य गरेको, हिट एन्ड रन गरी फरार रहेका सवारीसाधन खोजतलास गरी पीडितलाई न्याय दिलाएको कामका आधारमा उनी पुरस्कृत भएका हुन् । विभागीय नीति निर्देशनलाई अक्षरशः पालना गर्दै सर्वसाधारणबाट सकारात्मक पृष्ठपोषण प्राप्त हुनाका साथसाथै उनले गरेको हालसम्मको कार्यसम्पादन स्तर तुलनात्मक रूपमा उत्कृष्ट रहेको पाइएकाले त्यसको मूल्यांकन गर्दै उनलाई छनोट गरिएको ट्राफिक कार्यालयले जनाएको छ । उपत्यका ट्राफिकले हरेक महिना उत्कृष्ट काम गर्ने एक कर्मचारीलाई पुरस्कृत गर्दै आएको छ ।

वीर अस्पतालमा ६३ कर्मचारी थप गरिने

काठमाडौं/ स्वास्थ्य जनशक्ति अभाव भइरहेको वीर अस्पतालमा थौरै संख्यामा भए पनि नयाँ कर्मचारी भर्ना गरिने भएको छ । स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतको अध्यक्षतामा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)को आइतबार बसेको सिनेट बैठकले ६३ नयाँ दरबन्दी सिर्जनापछि नयाँ जनशक्ति थप गर्ने बाटो खुलेको हो ।

थप गरिएको दरबन्दी रेडियोग्राफर, प्लम्बर, नर्स, प्रयोगशालाकर्मी, पारामेडिक, सवारीचालकलगायततर्फको हो । नयाँ दरबन्दीमा डाक्टर नसमेटिए पनि ३० जना नर्स समेटिएका छन् । दरबन्दीसँगै नयाँ कर्मचारी पनि छिटोभन्दा छिटो भर्ना गरिने न्याम्सले जनाएको छ । हाल वीर अस्पतालमा सबैजसो शाखा तथा विभागमा कर्मचारी अभाव छ । एक साताअघि मन्त्री बस्नेतले विशेषज्ञ, एमबिबिएससहितका दुई सय ७६ जना स्वास्थ्यकर्मी निकालेपछि अस्पतालका सेवासमेत प्रभावित भइरहेका छन् । मन्त्री बस्नेतले तलब खुवाउन रकम नभएको भन्दै कोभिडका वेला राखिएका कर्मचारी हटाइएको बताउँदै आएका छन् ।

असहायको भरोसा बन्दै भेरी अस्पताल

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

बाँकेको नेपालगन्ज उपमहानगरपालिका- ७ फुल्टेक्राका ७० वर्षीय रामसुरेश साहु बिसन्चो हुनबित्तिकै भेरी अस्पताल पुग्छन् । विपन्न परिवारका साहुले सामाजिक सेवा इकाइमार्फत वेलावेला निःशुल्क सेवा लिँदै आएका छन् ।

‘स्वास्थ्य जाँच निःशुल्क हुन्छ, यहाँ हुने-खानेभन्दा गरिब उपचारका लागि आएको पाउँछु,’ उनले भने । भेरीमा स्वास्थ्य जाँचसँगै एक्सरे, प्याथोलोजी, भिडियो एक्स-रे, इको, सिटिस्क्यानलगायत सेवा निःशुल्क छ ।

नेपालगन्ज- २१ पुरैनीका सद्दाम खान पनि निजीमा महँगो हुने भएकाले आफू नियमित भेरी अस्पताल जाने गरेको बताए । ‘यहाँ (भेरी)मा पैसा नहुनेले सामाजिक सेवा इकाइमार्फत उपचार पाउँछन्,’ उनले भने । भेरी अस्पतालले स्वास्थ्य बिमा र सामाजिक सेवा इकाइमार्फत गरिब, असहाय र ज्येष्ठ नागरिकलाई निःशुल्क सेवा दिँदै आएको छ । भेरी अस्पतालमा आए पैसाकै कारण उपचारबाट वञ्चित हुन नदिने व्यवस्था मिलाइएको भेरी अस्पताल विकास समिति अध्यक्ष वीरेन्द्रबहादुर शाहले बताए ।

अस्पतालका अध्यक्ष वीरेन्द्रबहादुर शाहले गरिब, असहाय र ज्येष्ठ नागरिकलाई सामाजिक सेवा इकाइमार्फत निःशुल्क सेवा दिँदै आएको बताए । ‘उपचारका लागि भेरी अस्पतालमा आएका बिरामी पैसाकै कारण उपचारबाट वञ्चित हुनुपर्दैन,’ उनले भने, ‘अस्पतालले बेवारिसे अवस्थामा रहेका बिरामीको समेत निःशुल्क उपचार गर्ने व्यवस्था मिलाएको छ ।’



दाँतको उपचार गराउन भेरी अस्पतालमा आएका बिरामी

भेरी अस्पतालले सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउँदै लगेको अध्यक्ष शाहले बताए । उनले गरिब, असहायका उपचारमा टेवा पुऱ्याउन ५० बेड निःशुल्क गरेको जानकारी दिए । उनले टेक्निसियनको भरमा सञ्चालनमा रहेको सिटिस्क्यान सेवाका लागि दुईजना रेडियोलोजिस्ट नियुक्त गरेको जानकारी दिँदै उनले दुई हप्ताभित्र एमआरआई सञ्चालन हुने स्पष्ट पारे । ‘भेरी अस्पतालमा आएका कुनै पनि बिरामीलाई थप जाँचका लागि बाहिर जान नपरोस् भनेर सबै जाँच गर्ने व्यवस्था अस्पतालमै मिलाएका छौं,’ उनले भने, ‘बिमा, ओपिडी, पर्चा काट्ने ठाउँलाई थप व्यवस्थित बनाउने काम अगाडि बढेको छ ।’

भेरीले सिकलसेल एनिमियाका बिरामीका उपचारलाई सहज बनाउन ‘डे केयर युनिट’ बनाउने तयारी गरेको छ ।

भेरी अस्पतालले कार्डियो, युरो र नेफ्रोको विशिष्टीकृत सेवा दिँदै आएको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. पवनजंग रायमाझीले बताए । उनले मुटुको भल्भ हाल्ने, पिसाबबाट उत्पन्न हुने रोग र ६ मिर्गौलापीडितको डायलाइसिसका लागि आवश्यक पर्ने फिस्टुला हाल्ने, डायलाइसिस सेवा सञ्चालनमा रहेको बताए । ‘भेरी अस्पतालले न्युरो सेवा पनि सुरु गरेको छ । न्युरो सर्जनले बिरामीलाई विशिष्टीकृत सेवा दिँदै आउनुभएको छ,’ डा. रायमाझीले भने, ‘हाड-जोर्नी, नसा, आँखा, नाक, कान, घाँटीको उपचार त हुने नै भयो । घुँडाको लिगामेन्टको अप्रेसन पनि भेरीमै हुन्छ ।’ प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. रायमाझीले विशिष्टीकृत सेवा सुरु भए पनि भौतिक पूर्वाधार र जनशक्ति अभावका कारण सेवालाई प्रभावकारी बनाउन नसकेको बताए । एउटा चिकित्कसले एक दिनमा ३० जना बिरामी जाँच्ने विश्व स्वास्थ्य संगठनको मापदण्ड छ, तर भेरी अस्पतालमा कार्यरत एउटा चिकित्सकले कम्तपमा सयजना बिरामी जाँच्नुपर्ने बाध्यता छ,’ उनले भने, ‘विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार जाँच गर्न पाएको भए बिरामीले गुणस्तरीय सेवा पाउने थिए ।’

उनले जनशक्ति नहुँदा अप्रेसन गर्नुपर्ने बिरामीले लामो समय कुर्नुपर्ने बाध्यता भएको बताए । ‘हाडको अप्रेसन, पेटको अप्रेसन छुट्छ । पेटको गरे पत्थरीको अप्रेसन गर्नुपर्ने बिरामीले पालो पाउँदैनन्,’ डा. रायमाझीले भने, ‘एक हजार जनशक्ति आवश्यक पर्ने अस्पतालमा तीन सय ७५ जना कार्यरत छन् । दुईजना स्टाफ नर्सले ५० जना बिरामीलाई हेर्नुपर्ने अवस्था छ ।’

GHORAHI CEMENT INDUSTRY

सगरमाथा सिमेन्ट
जुनी जुनीलाई...

A product of GHORAHI CEMENT Industry



Ghorahi Cement Industry Limited
Regd Office: Triveni Complex, Putalisadak, Kathmandu
Factory Office: Ghorahi Sub-Metropolitan City-4, Dang
Corporate Office: Trade Tower 6th Floor, Thapathali, Kathmandu
977-1-5111147/48/49 enquiry@ghorahicement.com
www.ghorahicement.com.np

मधेशमा महासेठलाई धक्का

एमाले मधेश प्रदेश कमिटी र संसदीय दल दुवैमा अल्पमत

जनकपुरधाममा **हदिश खुद्दार**

केही वर्षअघिसम्म मधेश प्रदेशमा पकड राख्ने एमाले सचिव तथा कोशी प्रदेश इन्चार्ज रघुवीर महासेठ अहिले पार्टीभित्रै कमजोर पर्न थालेका छन्। शनिबार सम्पन्न पार्टीको प्रथम मधेश प्रदेश अधिवेशन र एमाले मधेश प्रदेश संसदीय दलको नेता चुनावमा पनि महासेठ कमजोर देखिए।

दुई सय ३५ सदस्यीय प्रदेश कमिटीमा महासेठ अल्पमतमा परेका छन्। उनले आफ्नो समूहबाट प्रदेश अध्यक्षमा सर्लाहीका राजनारायण साह र पर्साका विचारी यादवलाई प्रस्ताव गरेका थिए। तर, उनले प्रस्ताव गरेका यी दुवै नेतामा सहमति भएन। महासेठ प्रदेश सचिवमा जनकपुरधाम उपमहानगरपालिकाका शिवशंकर साहलाई बनाउन चाहन्थे, तर उनको त्यो इच्छा पनि पूरा हुन सकेन। उपाध्यक्षमा विचारी यादव, सचिवमा बाराका मनोज पौडेल र उपसचिवमा धनुषाका मोहम्मद कैसलाई बनाएर चित बुझाए।

प्रदेश पदाधिकारीमा पार्टीका पोलिटब्युरो सदस्य सुमन प्याकुरेल-एमाले मधेश दलका नेता सरोज यादवको समूह बाजी मार्न सफल भयो। प्रदेश अध्यक्षमा प्याकुरेल-यादव समूह बराबरको हिस्सेदारी मात्रै पाएन, अध्यक्षमा चन्देश्वर मण्डललाई निर्विरोध गराउन सफल भयो। सो समूहले प्रदेश अध्यक्षसहित लेखा आयोगको अध्यक्षमा लक्ष्मीनारायण यादव र उपसचिवमा रौतहटकी आरती भण्डारीलाई बनाएको छ।

एमालेका एक नेताका अनुसार अधिवेशन प्रतिनिधि छनोटमा प्याकुरेल-यादव समूह हाबी भएकाले महासेठ पछाडि हटेका थिए। प्रतिनिधि छनोटमा धनुषाबाहेक अधिकांश जिल्लामा प्याकुरेल-यादव समूह हाबी भएको थियो। निर्वाचन भएको भए महासेठ समूह अहिलेको भन्दा पनि झन् कमजोर अवस्था हुने थियो। दुई सय ३५ सदस्यीय प्रदेश कमिटीमा प्याकुरेल-यादव समूहका एक सय ६० जना छन्।

मधेश प्रदेश संसदीय दलको नेतामा महासेठले धनुषा ३ (२) बाट निर्वाचित दीपेन्द्र ठाकुरलाई बनाउन चाहन्थे। ठाकुरको पक्षमा महासेठपत्नी जुलीकुमारी महतोको पनि साथ थियो। तर, पार्टीको हाइकमान्डले महोत्तरी ४ (१) बाट निर्वाचित सरोज यादवलाई दलको नेता बनायो। ठाकुर दलका उपनेता भए। मधेश महासेठको गृह प्रदेश हो। उनी अहिले निर्वाचित सांसद पनि हुन्। महासेठकी पत्नी महतो पोलिटब्युरो सदस्य हुन्। महासेठ पटकपटक निर्वाचित भएर मन्त्रीसमेत भइसकेका नेता हुन्। तैपनि पछिल्लो समय उनी आफ्नै पार्टीभित्र कमजोर देखिन थालेका छन्। गृह प्रदेशमा कमजोर हुनुको पछाडि महासेठको निषेधको राजनीति प्रमुख रहेको नेताहरूको भनाइ छ। महासेठको निषेधको राजनीतिका कारण मधेशको भविष्य बोकेका नेताहरू एमाले छाडेर अन्य पार्टीमा लागेको नेताहरूको आरोप छ।



■ प्रदेश अधिवेशन सम्पन्न

एमालेको प्रथम मधेश प्रदेश अधिवेशन सर्वसम्मतिले कार्यसमिति चयन गर्दै शनिबार सम्पन्न भएको छ। एमाले प्रदेश अध्यक्षमा चन्देश्वर मण्डल, उपाध्यक्षमा विचारी यादव, सचिवमा मनोज पौडेल, उपसचिवमा आरती भण्डारी र मोहम्मद कैस चयन भएका छन्। प्रदेशको लेखा आयोगको अध्यक्षमा लक्ष्मीनारायण यादव चयन भए। दुई सय ३५ सदस्य प्रदेश कमिटीमा पदाधिकारीबाहेक खुला र विभिन्न क्लस्टर गरी सप्तरीबाट २४, सिराहाबाट २८, धनुषाबाट ३६, महोत्तरीबाट २६, सर्लाहीबाट २६, रौतहटबाट २४, बाराबाट २९ र पर्साबाट २९ जना सदस्य चुनिएको निर्वाचन समितिले जनाएको छ।

● **रोशन जनकपुरी**, राजनीतिक विश्लेषक



एमाले विभाजनअघि ओली समूहका मधेशमा विश्वासिलो नेता थिए महासेठ। अहिले पार्टीभित्र प्याकुरेल र सरोज यादव गुट हाबी भएको देखिन्छ। यसको कारण मधेशको राजनीतिक अवस्था, जातीय राजनीति, यादवबहुल प्रदेशमा वैश्य समाजका महासेठलाई पार्टीले त्यहीअनुसार मूल्यांकन गरिरहेको देखिन्छ। यसले पार्टीलाई मधेशमा कमजोर बनाउने वा नबनाउने त्यसको परीक्षण अहिले गर्न मिल्दैन। तर, महासेठ समयमा सचेत नभए भविष्यमा कमजोर हुन सक्छन्।

एमालेका केन्द्रीय सदस्य रामसिंह यादव भने पार्टीमा महासेठको पकड बलियो बन्दै गएको दाबी गर्छन्। 'पार्टीभित्र अल्पमत-बहुमत हुँदैन, हामी सबै एउटै पार्टीको परिवार हो। मिलेर जाने हो। बाहिर-बाहिर महासेठ समूह प्रदेश कमिटी वा पार्टीमा कमजोर भएको भन्नेहरू धेरै होलान्। तर, अन्य प्रदेशमा चुनाव भएर मात्रै अधिवेशन सम्पन्न हुँदा मधेश प्रदेशमा सर्वसम्मतले सम्पन्न हुनुमा महासेठजीको ठूलो योगदान छ। उहाँको यो कार्यको पार्टीभित्र प्रशंसा भइरहेको छ। पार्टीभित्र उहाँको छवि झन् राम्रो हुँदै गएको छ।'

राजनीतिक विश्लेषक रोशन जनकपुरी आन्तरिक रूपमा महासेठ पार्टीभित्र कमजोर हुँदै गएको बताउँछन्। 'एमाले विभाजनअघि ओली समूहका मधेशमा विश्वासिलो नेता थिए महासेठ। अहिले पार्टीभित्र प्याकुरेल र सरोज यादव गुट हाबी भएको देखिन्छ। यसको कारण मधेशको राजनीतिक अवस्था, जातीय राजनीति, यादवबहुल प्रदेशमा वैश्य समाजका महासेठलाई पार्टीले त्यहीअनुसार मूल्यांकन गरिरहेको देखिन्छ,' जनकपुरीले भने, 'यसले पार्टीलाई मधेशमा कमजोर बनाउने वा नबनाउने त्यसको परीक्षण अहिले गर्न मिल्दैन। तर, महासेठ समयमा सचेत नभए भविष्यमा कमजोर हुन सक्छन्।'

कार्यकर्तालाई कार्यकर्ताजस्तो व्यवहार गर्नुभएन। उहाँको उत्तराधिकारी को हो भनेर अहिलेसम्म कसैलाई थाहा छैन। आफ्नो कार्यकर्ताप्रति विश्वास छैन। पार्टीमा व्यापारीहरूलाई अवसर दिने गरिएको छ,' उनले भने।

● एमालेको संगठन मधेशमा कमजोर बनाएको आरोप

मधेश प्रदेशमा पार्टी संगठन कमजोर बनाउन नेतृत्वको पनि हात रहेको एमाले नेताहरूको भनाइ छ। गत स्थानीय तह निर्वाचनमा जनकपुरधाम उपमहानगरपालिकाको टिकट वितरणमा पार्टीभित्र ठूलो विवाद भएको थियो। महासेठ शिवशंकर साहलाई मेयरको टिकट दिन चाहन्थे। तर, पार्टीको हाइकमान्ड भने लोकतान्त्रिक समाजवादी पार्टी छाडेर एमाले प्रवेश गरेका जानकीराम साहलाई दिन चाहन्थ्यो। उनी टिकटकै लागि एमाले प्रवेश गरेका थिए। मेयरको टिकट दिने भनेर पार्टी अध्यक्ष केपी ओलीले आवश्वासन दिएपछि मात्रै साह एमाले प्रवेश गरेका थिए। तर, महासेठले साहलाई टिकट दिएमा पार्टी नै छोड्ने भनेर अडान लिएपछि ओली पछि हटेर साहलाई मेयरको टिकट दिन बाध्य भए। महासेठको त्यो अडान पार्टी नेतृत्वलाई मन नपरेको एमाले नेताहरू बताउँछन्।

पार्टीभित्र बलियो पकड बनाउँदै गएका महासेठलाई साइजमा राख्नुपर्छ भनेर पार्टी नेतृत्व पंक्तिको आन्तरिक चाहना रहेको एमालेका एक नेताले बताए। कुनै समय ओलीको विश्वासिलो पात्र मानिएका महासेठ तत्कालीन नेकपा विभाजन हुँदा ओली समूह छाडेर प्रचण्ड र माधव नेपाल समूहमा लागेका थिए। उनले ओलीलाई कारबाही गर्ने पत्रमा हस्ताक्षरसमेत गरेका थिए। त्यसको बदलामा प्रचण्ड-नेपाल समूहले जुलीकुमारी महतोलाई मन्त्री बनाउने आश्वासन दिएको थियो। तर, महतोलाई मन्त्रीमा कन्फर्म नगरेपछि महासेठ पुनः ओलीतिर लागे। सोही समयदेखि महासेठ र ओलीको सम्बन्ध चिसिएको नेताहरू बताउँछन्।

महासेठलाई कमजोर बनाउनकै लागि कोशी प्रदेशको इन्चार्ज बनाएको एक नेताले बताए। एमाले विभाजन हुँदा अधिकांश प्रदेश सांसदहरू एकीकृत समाजवादीतिर लागेका थिए। महासेठकै कारण अधिकांश प्रदेश सांसदले पार्टी छाडेको भन्दै उनको आलोचना भएको थियो।

गठबन्धन भत्काउने षड्यन्त्र निस्तेज पार्‍यौं : प्रचण्ड



कांग्रेसका सभापति शेरबहादुर देउवा, प्रधानमन्त्रीको हैसियतले म आफैं र कांग्रेस नेता शेखर कोइरालाबीचमा एउटा सहमति गरेपछि त्यो षड्यन्त्रलाई पनि निस्तेज पारिएको छ

भरतपुरमा **विवेक पोखरेल**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्तागठबन्धन भत्काउने षड्यन्त्रलाई निस्तेज पारिएको बताएका छन्। चितवनको भरतपुरमा निर्माण भएका तीनवटा खानेपानी आयोजनाको आइतबार समुद्घाटन गर्दै उनले राम्रो काम गरेको देखेर सत्तागठबन्धन भत्काउन लागे पनि सफल नभएको बताए।

'कोशी प्रदेशमा जे राजनीतिक परिदृश्य तपाईंहरूले पनि देख्नुभयो होला। यही गठबन्धनले राम्रो गर्न खोजेकोलाई सहन नसकेर एकथरी मान्छे यहाँभित्र खेल्न सकिन्छ कि, यहाँभित्र कुनै तरिकाले विभाजन ल्याउन सकिन्छ भन्ने योजनाअन्तर्गत ती कामहरू थिए,' उनले भने, 'कांग्रेसका सभापति शेरबहादुर देउवा, प्रधानमन्त्रीको हैसियतले म आफैं र कांग्रेस नेता शेखर कोइरालाबीचमा एउटा सहमति गरेपछि त्यो षड्यन्त्रलाई पनि निस्तेज पारिएको छ।' गठबन्धन पूर्ण कार्यकाल यही गतिमा अगाडि बढ्ने उनले बताए।

प्रचण्डले छिमेकी मित्रराष्ट्रसँगको सम्बन्धसमेत मजबुत बन्दै गएको दाबी गरे। 'भारत, अमेरिका र चीनसँगको सम्बन्धलाई मजबुत बनाउने भनेको नेपाललाई राजनीतिक स्थायित्व र विकासको नयाँ गति दिने प्रक्रिया पनि हो,' उनले भने, 'यसबाट फेरि अब कहिल्यै सत्ता फर्किन पाइँदैन कि भनेर निकै विक्षिप्त भएको पनि सायद तपाईंहरूले महसुस गर्नुभएको होला। अहिले कोशीमा देखिएका परिघटना त्यही हो।' प्रचण्डले सुशासन, सामाजिक न्याय, समृद्धिको पक्षमा देशको राष्ट्रियतालाई अझै बलियो बनाउन आफू लागेको बताए। राष्ट्र र जनताको पक्षमा काम गर्ने विश्वास दिलाएर समझदारीअनुसार काम गरेको उनको दाबी थियो।

प्रचण्डले शारदानगर खानेपानी तथा सरसफाइ आयोजना, दिव्यनगर खानेपानी आयोजना र जखडीमाई सहलगानी खानेपानी आयोजनाको एकसाथ समुद्घाटन गरेका हुन्। उनले खानेपानी आयोजनाले जनताले स्वच्छ र गुणस्तरीय खानेपानी पिउने वातावरण बन्नेसमेत बताए। खानेपानी आयोजना समयमै सम्पन्न गराउन योगदान दिने सबैलाई उनले धन्यवाद दिए।

भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले आगामी दुई वर्षभित्रमा भरतपुरमा शतप्रतिशत खानेपानीको व्यवस्थापन गर्ने गरी काम गरिरहेको बताइन्। उनका अनुसार उद्घाटन भएका तीन आयोजनाबाट आठ हजार सात सय ८७ घरधुरी लाभान्वित भएका छन्। भरतपुर महानगरपालिकाले प्रतिपरिवार मासिक सात हजार लिटर पानी निःशुल्क रूपमा नगरवासीलाई वितरणसमेत गर्दै आएको छ।

संक्षेप

जिप दुर्घटनामा एक बालकको मृत्यु

धादिङ/ गंगाजमुना गाउँपालिका- ४ गुम्दीमा जिप दुर्घटना हुँदा एक बालकको ज्यान गएको छ। धादिङबेँसीबाट रिगाउँको तावल जाँदै गरेको मे.१ज २६६९ नम्बरको जिप आफैं अनियन्त्रित भई दुर्घटनामा परेको हो। बिदा मनाउन गाउँ आएका गंगाजमुना गाउँपालिका- २ का १४ वर्षीय अनुरोध तामाङको मृत्यु भएको गंगाजमुना गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनिल श्रेष्ठले जानकारी दिए।

आकाश तामाङ, साजन तामाङ, अनुप तामाङ, एडेल तामाङ र फिडिक तामाङ घाइते भएका छन्। घाइतेको गुम्दी स्वास्थ्यचौकीमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक गौतम मिश्रले बताए। इलाका प्रहरी कार्यालय फूलखर्कका प्रहरी टोली र स्थानीयले घटनास्थलमा पुगी उद्धार गरेका थिए।

स्कुटर दुर्घटनामा भण्डारीले गुमाइन् ज्यान

भरतपुर/ मुग्लिन-नारायणगढ सडकखण्डअन्तर्गत चितवनको इच्छाकामना गाउँपालिका- ६ नौकिलोमा स्कुटर दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ। आइतबार बिहान करिब ८ बजे बा.प्र.०२०४६ प १६९२ नम्बरको स्कुटर आफैं अनियन्त्रित भई पल्टिँदा सिन्धुपाल्चोक लिसंखु पाखर गाउँपालिका- ६ की २४ वर्षीया संगीता भण्डारीको घटनास्थलमै मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार स्कुटरचालकको साथमा भेटिएको नागरिकताका आधारमा उनको परिचय खुलेको हो।

रास्वपाले नाकामा राख्यो सहायता कक्ष

धनगढी/ राष्ट्रिय स्वतन्त्र पार्टीले सुदूरपश्चिमका प्रमुख दुई नाका त्रिनगर भन्सार र कञ्चनपुरको गड्डाचौकी नाकामा नागरिक सहायता कक्षा सञ्चालनमा ल्याएको छ। दसैँ-तिहार मनाउन भारतबाट स्वदेश फर्किएका नेपालीको सहयोगका लागि रास्वपाले सहायता कक्ष सञ्चालनमा ल्याएको हो।

सहायता कक्षमा पिउने पानी निःशुल्क पाउने व्यवस्था गरिएको छ। स्वदेश फर्केका नेपालीलाई गन्तव्यमा जान पनि सहायता कक्षबाट सहयोग गरिने रास्वपाका सुदूरपश्चिम सभापति प्रकाश विष्टले बताए। 'दसैँ मनाउन घर फर्कने धेरै भएकाले नाकामा भिड छ। कहाँ जाने भन्ने समस्या हुन्छ,' उनले भने, 'पहाडी जिल्लामा जानेहरूको सजिलोका लागि हामीले बससँग पनि समन्वय गरेर सहज रूपमा गन्तव्यमा पुग्न सहजीकरण गर्छौं।' भारतमा लुटपाट भएर आएका र अप्ठ्यारोमा परेका नेपालीलाई सहायता कक्षबाट आवश्यक सहयोग, समन्वय गरिने उनले बताए। भारतबाट काम गरेर घर फर्कने नेपालीलाई नाकाबाट आफ्नो गन्तव्यसम्म पुग्नका लागि सहायता कक्षमार्फत सहजीकरण गर्न खोजिएको उक्त पार्टीले जनाएको छ। सहायता कक्षमा रास्वपाका कार्यकर्ता खटिएका छन्।

दसैँ सुरु भएसँगै भारतबाट घर फर्कने नेपालीको त्रिनगर र गड्डाचौकी नाकामा घुइँचो लाग्न थालेको छ। दसैँ नजिकिएसँगै भारतबाट घर फर्कने नेपालीको संख्या बढेको थियो। सरकारका कुनै निकायसँग यकिन तथ्यांक नभए पनि सुदूरपश्चिमबाट हजारौँको संख्यामा भारतीय रोजगारीमा गएका छन्। चरम गरिबी र बेरोजगारीका कारण यहाँका पहाडी जिल्लामा प्रायः घरैपिच्छेबाट एक न एकजना भारतमा रोजगारीका लागि पुगेका छन्।

कालिका भगवती मन्दिरमा भक्तजनको घुइँचो



बाग्लुङ/ बडादसैँको पहिलो दिन आइतबार प्रसिद्ध शक्तिपीठ बाग्लुङ कालिका भगवती मन्दिरमा भक्तजनको घुइँचो लागेको छ। बडादसैँको नवदुर्गा र चैत्राष्टमीको समयमा पूजाआजा गर्न मन्दिरमा देशका विभिन्न स्थानबाट भक्तजनको ओइरो लाग्ने गर्छ। घटस्थापनाको दिन बिहान ४ बजेदेखि नै भक्तजन लामबद्ध भएका थिए।

दसैँभर भक्तजनको भिड लाग्ने गरेको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताए। सोह्रश्राद्ध सकेर मुक्तिनाथबाट फर्कने भक्तजन पनि कालिका दर्शन गरेर मात्र घरघरमा लाग्ने गर्छन्। बाग्लुङ कालिकाप्रति धेरै भक्तजनको आस्था र विश्वास छ। 'टाढादेखि धेरै मानिस आउँछन्, हामी पनि पोखराबाट दर्शन गर्न आयौं,' काठमाडौं घर भई पोखरामा रोजगारी गर्दै रहेका राम श्रेष्ठले भने, 'कालिकाप्रति धेरै नै विश्वास छ।'

पूजा र बलि व्यवस्थापन गर्दै सरसफाइ गरिएकाले कालिका मन्दिर चिटिक्क देखिएको छ। यहाँका पुराना सत्तल भत्काएर नयाँ बनाइएको छ भने सरसफाइ र फराकिलो बनाएपछि भक्तजनलाई सहज भएको छ। घटस्थापनादेखि सुरु हुने विशेष पूजा कोजाग्रत पूर्णिमासम्म चल्ने खड्काले बताए।

पोखरा-बाग्लुङ सडकदेखि सात सय मिटरभित्र जंगलमा रहेको मन्दिरमा भक्तजनले मन्दिर पुग्दा आनन्द अनुभव गर्छन्। गुठीले पञ्चवर्षे योजनासहित गुरुयोजना बनाएर काम गरिरहेकाले केही वर्षदेखि मन्दिर आउने भक्तजन बढिरहेका छन्। खानेपानी, सार्वजनिक टेलिफोन, सुरक्षाकर्मीलगायत व्यवस्थापनले भक्तजनले सुरक्षित महसुस गर्न थालेका छन्। घटस्थापनाका दिन बाग्लुङ कालिकासहित शक्तिपीठहरूमा जमरा राखिएको छ।

बागमती प्रदेश सभाको दोस्रो कार्यकालमा सात विधेयक पारित

नौ महिनासम्म संसदीय समिति नेतृत्वविहीन

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सभाको दोस्रो कार्यकालमा हिउँदे र बर्खे गरी दुईवटा अधिवेशन सम्पन्न भएका छन्। पछिल्लो नौ महिनामा प्रदेश सभाले आवश्यक कानुन बनाउने क्रममा सातवटा विधेयक पारित गरेको छ। यस अवधिमा प्रदेश सभाको ५६ वटा बैठक बसेकोमा पहिलो अधिवेशनबाट चार र दोस्रो अधिवेशनबाट तीनवटा विधेयक पारित भएको हो।

प्रदेश सभाबाट पारित भएर प्रदेश प्रमुखसमक्ष प्रमाणीकरणका लागि पठाइएको एउटा विधेयक भने प्रदेश प्रमुखबाट पुनर्विचारका लागि फिर्ता भएको छ। चिट्ठासम्बन्धी विधेयक प्रदेश प्रमुख यादवचन्द्र शर्माले पुनर्विचार गर्नुपर्ने भन्दै प्रदेश सभामै फिर्ता पठाएका थिए। जुन संसद् सचिवालयमा विचाराधीन अवस्थामा छ। प्रदेश सभा सचिवालयका अनुसार प्रदेश निजामती सेवा विधेयक, स्थानीय तहको सेवाको गठन तथा सञ्चालनसम्बन्धी विधेयक, विनियोजन विधेयक र अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रदेश सभाबाट पास भएको छ। यस्तै, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका साबिकको व्यवस्था जगाउने विधेयक, प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि यही नौ महिनाको अवधिमा पारित भएको हो।

गत १८ पुसमा बसेको पहिलो बैठकमा पाँचवटा अध्यादेश पेस भएको थियो। जसमध्ये दुईवटा अध्यादेश प्रतिस्थापन भए भने अन्य तीन अध्यादेश निष्क्रिय भए। तत्कालीन सरकारले जारी गरेको प्रदेश निजामती सेवासम्बन्धी अध्यादेश र स्थानीय तहको सेवाको गठन तथा सञ्चालनसम्बन्धी अध्यादेश प्रतिस्थापन भएका थिए। समयमै प्रतिस्थापन विधेयक संसद्मा पेस गर्न नसक्दा प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७९, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ र प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनसम्बन्धी अध्यादेश, २०७९ निष्क्रिय भए।

बागमती प्रदेश सभा गठन भएको नौ महिना बित्दासमेत मिनी संसद्का रूपमा चिनिने विषयगत समितिले नेतृत्व पाउन सकेको छैन। प्रदेश सभा गठन भएको सात महिनापछि गत २० असारमा विषयगत समिति गठन भए पनि अहिलेसम्म नेतृत्व भने चयन हुन सकेको छैन। प्रदेश सभामा रहेका पाँचवटा समितिमा कुनै पनि समितिले नेतृत्व पाउन सकेका छैनन्। यद्यपि, विषयगत समितिहरूले ज्येष्ठ सदस्यको नेतृत्वमा बैठक सञ्चालन गरेर कार्यविधि निर्माण गर्नुका साथै प्रदेश सभाबाट प्राप्त भएका विधेयकको दफावार छलफल चलाएका छन्।

पछिल्लोपटक प्रदेशसभाअन्तर्गतको प्रदेश मामिला समितिमा प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि दफावार छलफल भएका छन्। मुख्यमन्त्री शालिकराम जम्कट्टेलले भदौभित्रै विषयगत समितिहरूलाई नेतृत्व प्रदान गर्ने दाबी गरे पनि गत मंगलबार राति १२ बजेबाट प्रदेश सभाको बर्खे अधिवेशन भने अन्त्य भएको छ।

तोकिएभन्दा बढी लिएको भाडा यात्रुलाई फिर्ता गराउँदै ट्राफिक प्रहरी

खोटाडमा **केदार लाफा**

जिल्ला ट्राफिक प्रहरी कार्यालय खोटाडले चाडपर्वलक्षित सवारी जाँच विशेष अभियान सुरु गरेको छ। दसैँ, तिहार तथा छठलगायत चाडपर्वलाई लक्षित गरेर ट्राफिक प्रहरीले सुरु गरेको सवारी जाँच विशेष अभियानको दोस्रो दिनमै चारवटा यात्रुवाहक सुमो कारबाहीमा परेका छन्।

सुमोचालकले तोकिएको भाडादरभन्दा झन्डै दोब्बर बढी असुली गरेको पाइएपछि कारबाही सुरु गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी सहायक निरीक्षक हिमाल पौडेलले जानकारी दिए। 'जिल्ला भाडादर निर्धारण समितिले सुमोका लागि दिक्तेल-काठमाडौं तथा काठमाडौं-दिक्तेलको एकतर्फी भाडा दुई हजार १० रुपैयाँ कायम गरेको छ। सुमोचालक तथा सञ्चालकले विभिन्न बहानामा यात्रुबाट दुई हजार दुई सयदेखि तीन हजार पाँच सय रुपैयाँसम्म भाडा लिएको पाइयो,' उनले भने, 'चाडपर्वलक्षित विशेष सवारी जाँच अभियानमा तोकिएभन्दा बढी लिएको भाडाबापतको रकम सम्बन्धित यात्रुलाई फिर्ता गराउन थालेका छौं। अभियान सुरु गरेको दोस्रो दिनमै चारवटा सुमोलाई तीन-तीन हजार जरिवानाबापतको रकम तिराएर छाडिएको छ।'

ट्राफिक प्रहरी कार्यालयका अनुसार काठमाडौंबाट यात्रु लिएर खोटाड आउँदै गरेको ना.१ज ३३९३, ना.१ज ४४८३, प्रदेश-२-०३०१ ज ००११ र ना.१ज ५६५९ नम्बरको यात्रुवाहक सुमो कारबाहीमा परेको हो। ना.१ज ५६५९ नम्बरको सुमोले तीन हजार पाँच सय रुपैयाँसम्म भाडा असुल गरेको पाइएको ट्राफिक प्रहरी प्रमुख पौडेलले जानकारी दिए।

सुमोचालकले आफूहरूबाट तोकिएभन्दा बढी भाडा लिए पनि टिकट भने नदिएको कारबाहीमा परेका सुमो चढेर आएका यात्रुहरूले बताएका छन्। 'हामीले तोकिएभन्दा बढी रकम तिनुपर्छ भने टिकट दिनुस् भन्यौं। उल्टै बाटोमा प्रहरीले सोधेमा रिजर्भमा आएको भन्न लगायो। वर्ष दिनमा आउने चाड मान्न जसरी पनि आफ्नो घर जानुपर्ने अवस्था छ,' नाम नभन्ने सर्तमा एक यात्रुले भने, 'चाडपर्वको अवसर पारेर वर्ष दिनपछि बल्ल आफ्नो घर जान पाइन्छ। छुट्टी लामो हुँदैन। भाडाको विषयमा बार्गेनिङ गर्न थाल्यो भने अर्को मान्छे चढाएर पठाउँछ। बसौं भने होटेलमा एक रातको दुई-तीन हजारभन्दा बढी उठ्छ। होटेलमा तिर्नुभन्दा एक दिन भए पनि अगाडि नै घर पुगिन्छ भन्ने सोचेर बढी नै भए पनि भाडा तिरेर आएका थियौं। दिक्तेल आइपुगेपछि तोकिएभन्दा बढी लिएको रकम ट्राफिक प्रहरीले फिर्ता गराइदिएको छ।'

खोटाडमा लामो तथा छोटो दूरीमा सञ्चालन हुने करिब एक सय ५० वटा सुमो रहेको ट्राफिक प्रहरीले जनाएको छ। जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारभन्दा बाहिर सञ्चालन हुने सुमोले सबैभन्दा बढी मनपरी भाडा असुल्ने गरेको यात्रुहरूले गुनासो गर्दै आएका छन्।

चाडपर्वको बहानामा सवारीचालकले यात्रुबाट बढी भाडा असुल्ने, सिट क्षमताभन्दा बढी यात्रु बोक्ने तथा अभद्र व्यवहार गर्ने भएकाले नियन्त्रण गर्न जिल्लाका विभिन्न ठाउँमा यात्रु सहायता कक्षसमेत स्थापना गरिएको जिल्ला सुरक्षा समितिका संयोजक एवं खोटाडका प्रमुख जिल्ला अधिकारी सन्तबहादुर सुनारले जानकारी दिए। 'यात्रुको सहज यात्राका लागि सुरक्षा निकायका तर्फबाट भरपुर सहयोग उपलब्ध गराउने प्रयत्न गरिरहेका छौं। यातायात व्यवसायीले पुरानै भाडादर कायम गर्ने प्रतिबद्धता जनाएका छन्,' उनले भने, 'आफ्नो प्रतिबद्धताविपरीत काम गर्ने व्यवसायीलाई कानुनबमोजिम कारबाही हुन्छ। यसका लागि जिल्ला प्रहरी कार्यालय खोटाडको १०० नम्बरको हटलाइन सेवा चौबिसै घन्टा सञ्चालन गरेका छौं।'



'बोर्डर-२' मा सन्नी

'गदर २' को सफलतापछि सन्नी देओल फेरि एकपटक आफ्नो पुरानो हिट फिल्मको सिक्वेलमा देखिँदै छन् । सन्नीको मुख्य भूमिका रहने 'बोर्डर-२' लाई जेपी दत्ताले निर्देशन गर्नेछन् । फिल्मको सुटिङ आगामी वर्षबाट सुरु हुने भारतीय सञ्चारमाध्यमले जनाएका छन् । १९९७ मा रिलिज भएको बोर्डरमा सन्नीसँगै ज्याकी श्राफ, सुनिल सेट्टी, तब्बुलगायत कलाकार देखिएका थिए ।



'हुकुस-बुकुस' ३ नोभेम्बरमा

दर्सिल सफारी, अरुण गोविललगायत कलाकारको अभिनय रहेको फिल्म 'हुकुस-बुकुस'को टिजर सार्वजनिक भएको छ । यो फिल्म ३ नोभेम्बरमा रिलिज हुँदै छ । विनय भारद्वाज र सौमित्र सिंहले यस फिल्मलाई निर्देशन गरेका हुन् । दर्सिलले यस फिल्ममा एक क्रिकेटरको भूमिका निर्वाह गर्दै छन्, जो सचिन तेन्दुलकरका ठूला फ्यान हुन्छन् ।

दसैँ फेसन

महिलालाई सुहाउँछ यस्ता पहिरन

दसैँ किनमेलको सिजन हो । पहिले-पहिले मानिसहरूले दसैँलाई नयाँ लुगा लगाउने चाडका रूपमा पनि लिन्थे । यद्यपि, समयसँगै अहिले मानिसको फेसनप्रतिको चेत बढ्दो छ । त्यसैले उनीहरू हरेक सिजन फेसनेबल देखिन्छन् । यसका बाबजुद पनि दसैँमा अझै धेरै फेसनेबल देखिन चाहन्छन् । अहिले सामाजिक सञ्जालमा डिजाइन हेरेर आउने ग्राहकहरूको संख्या बढ्दो छ । त्यहीअनुसार बुटिकलाई ड्रेस तयार गर्न अर्डर दिन्छन् ।

विनिता महर्जन
फेसन डिजाइनर, सेन्ट्रल फेसन हब

चाडपर्वको सिजनमा कुर्ता, साडीलगायत परम्परागत ड्रेसमा महिलाको रुचि धेरै हुन्छ । पछिल्लो समय गररा, सरारा, अम्रेला, पाकिस्तानी कुर्ता-सुरुवाल, कुर्ता-पाइन्टको माग बढेको छ । कुर्तामा फुल सर्कुलर र हाफ सर्कुलरमा पनि लगाउन सकिन्छ । त्यसैगरी, दसैँमा लगाउनका लागि ढाकाको चौबन्दीमा प्लेन सिफनको साडी, बोडरलेस गरेको साडी, अग्रेन्द्र साडी पनि चल्तीमा छन् । तर, धेरै महिलाले गररा, सरारा, पास्किताली कुर्ता नै रोज्छन् । कुर्ताले दसैँमा आकर्षक लुक्स देखाउन सहयोग गर्छ । दसैँमा लगाउनका लागि ढाकाको चौबन्दीमा प्लेन सिफनको साडी, बोडरलेस गरेको साडी बजारमा आएका छन् । प्रायः जर्जेट, सिल्क, नेट र सिफनका कपडाबाट बनेका कपडाको माग बढेको छ ।



ढाका

ढाकाको कपडा अहिलेको मौसमअनुकूल पनि छ, किनकि दसैँपछि जाडो हुन्छ । ढाका बाक्लो हुन्छ र न्यानो हुन्छ । तिहार, ल्होसारलगायत विभिन्न चाडमा सांस्कृतिक कार्यक्रम पनि हुन्छन् र त्यतिबेला ढाकाका मौलिक कपडा लगाउँदा राम्रो पनि देखिन्छ ।



सरारा र गरारा कुर्ता

सरारा र गरारा कुर्ता पनि चल्तीमा रहेको कुर्ता हो । यसमा सिफन, जर्जेट फ्याब्रिकहरू प्रयोग गरिन्छ । माथिल्लो भागमा इनबोडर गरिन्छ । यसमा बुट्टाहरू भरिन्छ । बुट्टाविना पनि बनाइन्छ । मुख्यचाहिँ डिजाइनमा ध्यान दिनुपर्छ । यसमा रातो, पहेँलो, सेतो कलर पनि प्रयोग गर्न सकिन्छ ।



विवाहितहरूको रोजाइ

विवाहितले चौबन्दी चोलीमा प्लेन सिफनको साडी मिलाएर लगाउने पनि गरेका छन् । पोते, सिन्दूर, टीका, चुरा, मंगलसूत्र लगाउँदा चौबन्दी चोलीमा सिफनको साडी आकर्षक देखिन्छ । साडीलाई पनि विभिन्न डिजाइन दिन सकिन्छ । फुल सिल्भ भएको ब्लाउज, फुलावर प्रिन्ट भएको अग्रेन्द्र साडी पनि बजारमा पनि पाइन्छ । दसैँमा हिँडडुल धेरै गर्नुपर्ने भएकाले मानिसले बस्न, उठ्न सहज हुने हलुका कपडा रोज्नुपर्छ । लेहेंगाको लुक्स आउने गरी सरारा कुर्तामा माथिबाट सलको कम्बिनेसन मिलाएर लगाउन पनि सकिन्छ ।

कलर : आफ्नो स्किन टोनअनुसार डार्क वा लाइट कलर छनोट गरिन्छ । दसैँमा प्रायः महिलाहरूको रोजाइमा रातो, पहेँलोलगायतका रङ पर्छन् ।



पाकिस्तानी कुर्ता

अहिले पाकिस्तानी डिजाइनका कुर्ता-सुरुवाल पनि चल्तीमा रहेको छ । यसमा कुर्ता घुँडासम्म आउने हुन्छ । अनि लुज फिटिङ पनि हुन्छ । लुज फिटिङमा पाइन्ट स्टाइलको सुरुवाल पनि बनाउन सकिन्छ । सिफन, जर्जेटलगायत फ्याब्रिकहरू प्रयोग गर्न सकिन्छ ।

सद्भावको पर्व हो दसैँ





प्रा.डा. जगमान गुरुङ
संस्कृतिविद्

दसैँ सद्भावको पर्व हो । शक्ति उपासना र प्रकृति उपासनाको पर्व हो । यस पर्वका अवसरमा विभिन्न पार्टी तथा संघ-संस्थाले शुभकामना आदानप्रदान कार्यक्रम राख्दै आएका छन् । तर, कतिपयले यस्ता कार्यक्रममा अनावश्यक रूपमा ठूलो धनराशि खर्च गर्छन्, जुन गलत छ । हामीले धेरै खर्च गरेर भड्किलो बनाउनेभन्दा पनि दसैँको महत्त्व र सद्भावलाई प्रवर्द्धन गर्नेतर्फ ध्यान दिनुपर्छ ।

जुवा-तासमा ठूलो खर्च गर्ने, माछा-मासु, मदिराको अधिक खपत गर्ने (यो स्वास्थ्यका लागि पनि राम्रो होइन)लगायत कुरा हामीले नियन्त्रण गर्न सक्नुपर्छ ।

शरदीय दुर्गा पूजा हो, बडादसैँ । यतिबेला उपासना गर्दा देवी विशेष खुसी हुन्छिन् भन्ने मान्यता छ । नवरात्रमा पूजा गर्दा हाम्रो शरीरका छिद्रहरूले ग्रहण गर्ने आशक्ति हटाउन र त्यसलाई पुनर्ताजगी गर्न मद्दत मिल्छ । जस्तो : आँखाले खराब देखेको छ, मनमा कुविचार पलाएको छ भने नवरात्रमा साधना गरेर यस्ता मोह र आशक्तिमाथि विजय हासिल गर्न सकिन्छ । अशक्तिमाथि विजय हासिल गरेर छिद्रहरूलाई थप सबल बनाएपछि त्यसैको खुसीमा दसैँको टीका थाप्ने हो । मान्यजनबाट आशीर्वाद लिने हो ।

दसैँको समयमा चंगा उडाउने, पिङ खेल्नेलगायत गतिविधि हुन्छन् । यस्ता गतिविधिले हामीलाई सिर्जनशील बनाउन र सामाजिक रूपमा घुलमिल हुन पनि सहयोग गर्छन् । हामीले हाम्रा चाडपर्वलाई भड्किलो र उच्छृंखल बनाउनुहुँदैन । यसको महत्त्वलाई प्रवर्द्धन गर्नेतर्फ ध्यान दिनुपर्छ ।

युवाको रोजाइमा अन्डरकट डिजाइन

अन्डरकट : अन्डरकटमा अगाडिको कपाललाई छाडेर दायाँ र बायाँको कपाललाई छोट्याउने गरिन्छ । युवामाझ लोकप्रिय रहेको यो स्टाइल हिजोआज युवतीले पनि अपनाउन थालेका छन् । यसले कपालसँगै अनुहारको लुक्सलाई समेत परिवर्तन गर्छ ।

ब्लन्ट कट : स्ट्रेट हेयरमा ब्लन्ट कट निकै सुहाउँछ । मिडियम र लामो कपालमा युवा-युवती दुवैलाई यसले आधुनिक लुक्स दिन्छ । अर्को चलेको स्टाइल स्ट्रेट बब पनि हो ।

क्लासिक लुक्स : महिलालाई यस्तो हेयर स्टाइल सुहाउँछ । स्ट्रेट कपाललाई लामो पालेर पछाडि झार्दा जुनसुकै पहिरनमा पनि राम्रो देखिन्छ । कपाललाई खुला छाडिने भएकाले मिलाउन सहज र स्याहार गर्न पनि सजिलो हुन्छ । यसमा अगाडिको थोरै कपाललाई पछाडि लगेर पिनले बाँध्नसमेत सकिन्छ ।



घर सजावट गर्दा...

विगतको दाँजोमा अहिले मानिसमा सौन्दर्यचेत बढेको छ । डिजिटल प्रविधिको विकाससँगै इन्टेरियर डिजाइनले व्यापकता पाउन थालेको छ । दसैँमा घर सजावट गर्दा केही कुरा ख्याल गर्नुभयो भने तपाईंको घर व्यवस्थित देखिन्छ ।

फ्लोरिङ : भुइँमा स्टोन फ्लोरिङ गर्न सक्नुहुन्छ । त्यस्तै, टायल, मार्बल वा पार्केटिङ पनि गर्न सकिन्छ । अहिले कार्पेट पनि विभिन्न डिजाइनमा उपलब्ध छन् । दीर्घकालसम्म टिक्ने र सहज हुने कुरा राख्दा हुन्छ ।

फर्निचर : बैठक कोठामा प्रायः सबैले टिभी राख्ने भएकाले टिभी युनिटको प्रयोग गर्न सकिन्छ । टिभी युनिटसँगै जोडेर सोकेस राख्नुभयो भने पनि राम्रो हुन्छ । त्यस्तै, भेटघाट धेरै हुने कोठा भएकाले सोफा राख्दा सहज पनि हुन्छ । टेबल वा कुर्सी पनि राख्न सकिन्छ ।

रङ/पर्दा : घरभित्र बैठक कोठा छ भने भित्तालाई आकर्षक रूपमा रंग्याउन सकिन्छ । प्लाई, वालपेपरको प्रयोगले पनि बैठक कोठा सजाउन सकिन्छ । फोटोहरू टाँसेर पनि आकर्षक देखाउन सकिन्छ । बजारमा विभिन्न डिजाइनका महँगा र सस्ता पर्दाहरू पाइन्छन् । तपाईंले आफ्नो इच्छा र आवश्यकताअनुसार यसको छनोट गर्न सक्नुहुन्छ ।

डोल्पाको सान से-फोक्सुन्डो ताल





सञ्जीव गुरुङ
अध्यक्ष, माउन्टेन गाइड एसोसिएसन नेपाल

डोल्पामा रहेको से-फोक्सुन्डो ताल धेरै पर्यटकको रोजाइमा पर्ने गन्तव्य हो । यस ट्रेकिङ ट्रेलमा अद्भूत झरना, जडीबुटी र लोपोन्मुख प्रजातिका पशुपन्छी पाइन्छन् । सुलीगाड, काम्नी, सांग्ता, छेपका, रेंची, तापरिचा स्कुल, झरनाजस्ता रमणीय परम्परागत गाउँबाट हिँड्दै से-फोक्सुन्डो (रिम्मो गाउँ) पुगिन्छ ।

दिन र मौसमअनुसार तालको रङ फेरिने (कहिले निलो र कहिले हरियो) भएकाले पनि यो ताल निकै सुन्दर र मनमोहक लाग्छ । यस तालआसपासको क्षेत्र प्राकृतिक र जैविक रूपमा भरिपूर्ण छ । यहाँ हिउँचितुवा, नाउर, चौंरी, हिमालयन थारजस्ता लोपोन्मुख प्रजातिहरूको अवलोकन गर्न पाइन्छ । बौद्ध र बोन-पो धर्मावलम्बीहरूको बसोवास रहेको यो क्षेत्र सांस्कृतिक रूपमा पनि निकै सम्पन्न छ । सहरी कोलाहलबाट केही दिन टाढा रहेर प्रकृतिको सामीप्यमा रमाउन चाहनेहरूका लागि से-फोक्सुन्डो निकै राम्रो गन्तव्य हो ।

कसरी पुग्ने ?

- **पहिलो दिन** : काठमाडौंबाट नेपालगन्जसम्मको यात्रा दुई प्रकारले गर्न सकिन्छ । मोटर र हवाई यात्राबाट जान सकिन्छ । पहिलो दिन नेपालगन्ज पुगेर वास बस्न सकिन्छ ।
- **दोस्रो दिन** : नेपालगन्जबाट लगभग ४० मिनेटको उडानपछि जुफाल पुगिन्छ र जुफालबाट ५-६ घन्टा पैदल यात्रा गरी सुलिगाड से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जको चेकपोस्ट हुँदै कागनी गाउँ पुग्न सकिन्छ ।
- **तेस्रो दिन** : विभिन्न ठूला-ठूला रूखले भरिएको घना जंगलको बाटो र खोलाको तीरैतीर बिस्तारै उकालो लाग्दै सांगता, छेप्का, रेंची तापरिचा स्कुल हुँदै झरना पुग्न सकिन्छ ।
- **चौथो दिन** : झरनादेखि से-फोक्सुन्डो ताल तीन-चार घन्टाको पैदल यात्रामा पुग्न सकिन्छ । झरनाको अवलोकन गर्दै ठाडो उकालो लाग्दै रिङमो गाउँ (से-फोक्सुन्डो ताल) पुगिन्छ । दिउँसोको खानापछि तालको कर्नरमा रहेको बोन्पो गुम्बा अवलोकनका साथ से-फोक्सुन्डो ताल अवलोकन गर्न सकिन्छ । यो ताल बिहान, दिउँसो र बेलुकी फरक-फरक रङको देखिन्छ ।
- **पाँचौं र छैटौं दिन** : बिहानै भ्यु प्वाइन्ट गएर त्यहाँबाट से-फोक्सुन्डो ताल अवलोकन गर्न सकिन्छ । यो ताल एउटा फिरोजा रङको ताजा पानीको ताल हो, जुन नेपालको सबैभन्दा गहिरो ताल पनि हो । पृष्ठभूमिमा कान्जिरोवा हिमाल (६६१२ मिटर)को दृश्यका साथै धेरै गोम्पा र बोन-पो धार्मिक स्थल र त्यहाँको कला संस्कृति र भेषभूषाका साथ स्थानीयको रहनसहनको पनि अवलोकन गर्न सकिन्छ । भ्यु प्वाइन्ट अवलोकनपछि रेची फर्केर वास बस्न सकिन्छ ।
- **सातौं दिन** : भेरी नदीको किनार चट्टानी उकालो-ओरालो बाटो हिँड्दै, सुन्दर परिदृश्यको अवलोकन गर्दै, सांग्ता, कागनी र सुलीगाडको सोही बाटो हुँदै जुफाल पुग्न सकिन्छ ।
- **आठौं दिन** : बिहानै जुफालबाट ४० मिनेटको उडान गरी नेपालगन्ज र त्यसपछि दिउँसो एक घन्टाको उडानपछि काठमाडौं फर्किन सकिन्छ ।

NOTICE REGARDING VACANCY OF MANPOWER

The following notice have been published as free competition regarding vacancy of eligible candidates for the Poly Changda Engineering Co., Ltd undertaken Kathmandu- Terai / Madhesh Fast Track (Expressway) Road KTFT **project - 2**. The applicant can apply within 7 days from the date of notice publication with their physical presence in the project office within office time or sending email to poly.changda.ktft.hr.division@gmail.com. The required document shall include written application with copies of Academic qualification certificate, experience certificate and recent passport size photo.

S. N	Position	Number
1	Section steel bending machine operator	4
2	Operator of automatic steel mesh sheet forming machine	4
3	Operator of automatic small pipe processing machine	4
4	Plasma cutter operator	4
5	Three Boom Drill Jumbe operator	6
6	Vehicle-mounted wet spraying machine manipulator and operator	24
7	Prestressed construction personnel	32
8	Contract Manager	1
9	Tunnel Engineer(Supervision)	1
10	Tunnel facility Engineer(Supervision)	1
11	Pavement Engineer	1
12	Quality Control and Safety Engineer	1
13	Bridge Engineer(Design)	2
14	Health and safety manager	1
15	Environment protection manager	1
16	Senior Highway Tunnel Construction Monitor(Overall Construction Work)	2
17	Construction Supervisor	1
18	Construction Technician	4
19	Business Manager	1
20	Surveying Technician	2
21	Chief Surveying Engineer	1
22	Lab In-charge	1
23	Lab Technician	1
24	Machinery Equipment Management Manager	4
25	Procurement and Material Management Manager	1
26	Human Resources Manager	1
27	Financial Manager	1
28	Cashier	1
29	Supervisor/Monitor of Highway Tunnel Shotcrete.	2
30	Supervisor/Monitor of Highway Tunnel Blasting	2
31	Formwork traveller construction personnel	20
32	Senior Worker of Highway Tunnel Secondary Concrete Lining	14
33	Supervisor/Monitor of Highway Tunnel primary support (steel rib, secondary concrete lining)	4

Kindly note the followings:

- Nepalese candidates are encouraged/prioritized for the above position.
- Application letter along with CV and supporting documents as stated above have to be submitted.
- Selection of candidates is by written exams and interviews.
- Age of the candidates should not be more than 45 years.
- Shortlisted candidates shall be informed by telephone/email.
- For any query regarding the above mentioned vacancy, please connect us through the email.
- Salary shall be negotiable for all the above position based upon qualification and experience.
- Company reserves the right to accept/reject the candidates for the above position.

मध्यपूर्व विवाद र साम्राज्यवादी स्वार्थ

साम्राज्यवादी स्वार्थविरुद्ध न्यायपूर्ण संघर्ष लडिरहेका प्यालेस्टिनविरुद्ध इजरायली सेनाले गाजापट्टीमा मच्चाइरहेको नरसंहार र ध्वंसविरुद्धको मौनता अन्यायको समर्थन हो



● रोशन जनकपुरी

अग्रलेख

प्यालेस्टिन र इजरायलबीचको वर्तमान युद्धमा फसेका २५३ जना नेपाली नागरिक नेपाल सरकारको विमानबाट त्रिभुवन विमानस्थलमा उत्रेपछि परिवारसँग उनीहरूको मिलनका दृश्य भावुक देखिन्थे। पश्चिमी जगत्मा मध्यपूर्व (हाम्रा निम्ति पश्चिम एसिया)को यो संघर्ष नेपालमा खासै चर्चित थिएन। तर, इजरायलमाथी प्यालेस्टिनी सशस्त्र विद्रोही समूह हमासले गरेको हमलामा परेर मृत्यु हुनेमा दसजना नेपाली नागरिक पनि परेपछि विश्व राजनीतिमा दशकौँदेखि सल्किँदै आएको यस विवादले नेपाली परिदृश्यमा पनि हलचल ल्याइदिएको छ। रोजीरोटीको खोजीमा यी नेपाली नागरिक इजरायल पुगेका थिए र प्यालेस्टिन-इजरायल विवादमा कुनै साइनो नभए पनि मारिन पुगे। विश्व श्रम बजारमा 'श्रम माल' बन्न पुगेका संसारभरिका मजदुरले विविध राजनीतिक, सांस्कृतिक, धार्मिक र जातीय द्वन्द्वमा मारिनुको पीडा अकथनीय छ। साम्राज्यवादी बजारको यो दंश तेस्रो विश्व भनिने प्रायः सबै गरिब देशले कुनै न कुनै रूपमा भोग्नुपरिरहेको छ। इजरायलमा नेपाली मारिनु यसै पीडाको एउटा हिस्सा हो। हमासको हमलाको बदला भनेर इजरायल सरकारले गाजापट्टीमा प्रत्याक्रमणमा निरन्तर बमबारी गरेर ध्वंस र हत्याको शृंखला चलाएको छ। नेपाल सरकारले इजरायली सरकारप्रति समर्थन जनाएकाले देशमा हमास र प्यालेस्टिनी संघर्षप्रति नकारात्मक भाष्य सिर्जना गर्दै छ।

हमासको आक्रमणमा निर्दोष इजरायली नागरिकसँगै अन्य देशका नागरिकसमेत मारिए, त्यो अमानवीय र दुःखद हो, भन्नेमा दुईमत छैन। तर, यसै आधारमा साम्राज्यवाद र उसका पक्षधरबाट जसरी प्यालेस्टिनी जनताको संघर्षलाई अमानवीय र अनैतिक आतंकवादी संघर्ष ठहर गर्न खोजिँदै छ, त्यो मध्यपूर्वमा साम्राज्यवाद र उसको इसारामा नाच्ने इजरायलको वर्चस्व तथा सामरिक र आर्थिक स्वार्थको प्रतिरक्षाबाहेक केही होइन। यस संघर्षमा साम्राज्यवादी शक्तिको गोलबन्दीको प्रभाव कतिसम्म छ भने सन् १९६४ मा प्यालेस्टिनी मुक्ति आन्दोलनका प्रतीक नेता यासेर अराफातको नेतृत्वमा प्यालेस्टिनी मुक्ति संगठन (पिएलओ) स्थापना हुँदा अरब विश्वका अतिरिक्त यस संगठनलाई मान्यता दिने पहिलो देश भारत पनि आज इजरायलको पक्षमा देखिएको छ। हमासको निहुँमा सम्पूर्ण प्यालिस्टिनी मुक्ति संघर्षलाई आतंकवादी संघर्षका रूपमा बदनाम गर्ने साम्राज्यवाद पक्षधरको घनघोर प्रचार कति निर्मम छ भने गाजापट्टीमा बस्ने २३ लाख प्यालेस्टिनी जनतामाथि इजरायलले गरिरहेको बमबारी, निर्दोष नागरिक, वृद्ध, महिला र बालबालिकाको अमानवीय हत्या र ध्वंसलाई समेत, इजरायलको प्रतिरोध गर्ने अधिकार भनेर प्रचारित गर्दै छ। अमेरिकी तथा अन्य पश्चिमा देशले इजरायली क्षेत्रमा हमासको आक्रमणलाई 'अकारण' भनिरहेका छन्। उनीहरू हाल गाजाक्षेत्रको सम्पूर्ण विनाश भनेर गरिएको सैन्य कारबाहीलाई न्यायोचित ठहर गर्न खोज्दै छन्। तर, यथार्थ त्यस्तो होइन।

जहाँसम्म हमासको प्रश्न छ, यो प्यालेस्टिनीका पक्षमा इजरायलसँग लडिरहेको सशस्त्र राजनीतिक संगठन हो, जो प्यालेस्टिनी संघर्षको शान्तिपूर्ण समाधानको सम्भावना असफल र उपेक्षित हुन थालेपछि प्रभावमा आएको हो। गाजापट्टीमा यसको प्रभाव छ र यसले अमेरिका र युरोपियन साम्राज्यवादी शक्तिको बलमा इजरायलले प्यालेस्टिनीमाथि थोपरेको विस्तारवादी युद्धको प्रतिरोधमा सशस्त्र संघर्ष गरिरहेको छ। तर, यस विषयमा कुनै निर्णयमा पुग्नुअघि प्यालेस्टिन र इजरायल विवादमा साम्राज्यवादीहरूको स्वार्थ, प्यालेस्टिनी प्रतिरोध संघर्ष तथा हाल हमासको हमलालाई लिएर इजरायल र अमेरिकी पक्षधरले आरोपित गर्न खोजेको शब्द 'अकारण'को जाँच पडताल जरुरी छ।

हुन त यसबारे सही समझदारी बनाउन विश्वभरि छरिएका र आश्रय खोज्दै आएका यहुदीलाई लगभग आठ दशकपूर्व प्यालेस्टिनी भूमिमा बसाइएको, एकतर्फी रूपमा इजरायल देशको घोषणा गरिएको र क्रमशः साम्राज्यवादी शक्तिका आडमा रैथाने प्यालेस्टिनी जनतालाई लखेटेर प्यालेस्टिनको अधिकांश भागमा योजनाबद्ध कब्जा गरेको इतिहासको अध्ययन आवश्यक हुन्छ। तर, इजरायलीले कसरी प्यालेस्टिनीलाई उत्तेजित र आक्रोशित पारेर भड्काए र यसै निहुँमा पटक-पटक हत्या र दमन चलाएर लखेटेर प्यालेस्टिनी भूमि कब्जा गर्दै गए भन्ने विगत केही वर्षका घटनाको अध्ययनले पनि यसको प्रवृत्ति बुझ्न सकिन्छ। यसको सबैभन्दा ताजा उदाहरण त इजरायलबाटै प्रकाशित हुने प्रगतिशील पत्रिका 'हारेट्ज'को भर्खर ८ अक्टोबरको अंकको सम्पादकीयलाई नै लिन सकिन्छ। 'यस इजरायल-गाजा युद्धका निम्ति नेतान्याहु जिम्मेवार छन्' शीर्षकको यस सम्पादकीयको सुरुवात यसरी भएको छ : 'सिमच्याट तोराह (यहुदी त्योहार)को बिदाको दिन इजरायलमा जुन विपत्ति आइलाग्यो, त्यसको स्पष्ट जिम्मेवारी एकमात्र व्यक्तिमाथि छ- बेन्जामिन नेतान्याहु (नेतान्याहु इजरायलका प्रधानमन्त्री हुन्)।

प्रधानमन्त्री सुरक्षा मामिलामा आफ्नो विशाल राजनीतिक अनुभव र 'अद्वितीय' बुद्धिमाथि गर्व गर्छन्, तर उनले जानीबुझी जतातिर इजरायललाई डोऱ्याइरहेका थिए, ती खतराको पहिचान गर्न उनी पूर्णतः असफल रहे। प्यालेस्टिनी क्षेत्रलाई इजरायलमा गाभ्ने र प्यालेस्टिनीलाई उनीहरूका अधिकारबाट वञ्चित गर्ने एजेन्डा भएको



सरकार गठन गरेर उनले यी खतरा मोले। उनले बेजालेल स्मोट्रिट र इटामार बेनग्विअरलाई आफ्नो सरकारका प्रमुख पदमा नियुक्त गरे र यस्तो विदेश नीति अपनाए, जसमा खुला रूपमा प्यालेस्टिनीको अस्तित्व र अधिकारलाई उपेक्षा गरिएको छ।' 'हारेट्ज'को सम्पादकीयमा उल्लेख भएका दुई नेता स्वतन्त्र प्यालेस्टिन राज्यको अस्तित्व स्वीकार नगर्ने तथा दुई राज्यको प्रस्ट प्रावधान भएको ओस्लो सम्झौतालाई उपेक्षा गर्ने कट्टर दक्षिणपन्थी र उग्र यहुदीवादी नेता हुन्। गत वर्ष नोभेम्बर २०२२ मा भएको संसदीय निर्वाचनमा यी दक्षिणपन्थी र उग्र यहुदीवादी (जायोनिस्ट) पार्टीले अत्यधिक समर्थन प्राप्त गरे, र सबैभन्दा बढी प्रधानमन्त्री पदमा बस्न सफल दक्षिणपन्थी नेता बेन्जामिन नेतन्याहुले यिनै पार्टीको समर्थनमा सरकार बनाए। दशकौँदेखि सल्कँदै आइरहेको यस विवादको समाधानका निम्ति दुई राज्यको सिद्धान्तबमोजिम सन् १९९३ मा भएको ओस्लो सम्झौतामा, इजरायलसँगै स्वतन्त्र प्यालेस्टिनको स्थापना हुने भनिएको थियो। यसका निम्ति इजरायलले सन् १९६७ को युद्धमा कब्जा गरेको क्षेत्र खाली गर्ने प्रावधान थियो। तर, सम्झौताअनुसारको क्षेत्र खाली गर्नुको साटो इजरायलले उल्टै विगत तीन दशकमा प्यालेस्टिनको थप इलाका पनि कब्जा गर्दै गएको छ र ती क्षेत्रमा आफ्नो नयाँ बस्ती विस्तार गर्दै गएको छ। हुँदाहुँदा त नोभेम्बर २०२२ को संसदीय निर्वाचनपछि नेतन्याहु सरकारले स्वतन्त्र प्यालेस्टिनको अस्तित्वलाई नै अस्वीकार गर्न थालेको छ। उल्टो प्रधानमन्त्री नेतन्याहुले यस्तो नक्सा प्रदर्शन गरे जसमा बाँकी बचेको प्यालेस्टिनी क्षेत्रलाई पनि इजरायलको भूमि भनियो। इजरायली सरकारले यस अनैतिक र विस्तारवादी योजनालाई निरन्तरता दिन प्यालेस्टिनी जनताको अपमान, दमन र हत्याको शृंखला बलपूर्वक चलाए। यतिसम्म कि जेरुसेलममा प्यालेस्टिनीका निम्ति अत्यन्त पवित्र मानिने अल अक्स मस्जिदमा नमाज पढ्न गएका प्यालेस्टिनी श्रद्धालुलाई अपमान गर्ने, कुटपिट गर्ने, मस्जिदभित्र गोली प्रहार गरेर उनीहरूको सामाजिक र सांस्कृतिक स्वत्वलाई समेत आहत गर्ने काम गरे। यस्ता घटनाको भिडियो सोसल मिडियामा भाइरल गरियो। र, यो सबैका निम्ति इजरायलको पिठ्युँमाथि अमेरिकी सरकार र प्रशासन खुलेआम संरक्षकका रूपमा उभिएको थियो।

> साम्राज्यवाद र उसका पक्षधरबाट जसरी प्यालेस्टिनी जनताको संघर्षलाई अमानवीय र अनैतिक आतंकवादी संघर्ष ठहर गर्न खोजिँदै छ, त्यो मध्यपूर्वमा उसको इसारामा नाच्ने इजरायलको वर्चस्व तथा सामरिक र आर्थिक स्वार्थको प्रतिरक्षाबाहेक केही होइन

अरब क्षेत्रमा इजरायललाई यो अमेरिकी प्रोत्साहन नै थियो, जसको भयले अरब देश प्यालेस्टिनको पक्षमा खुला रूपमा खडा हुन सकिरहेका थिएनन्। अरब राष्ट्रका जनतामा इजरायलविरोधी भावना भए पनि कैयौँ अरब देशले अमेरिका र इजरायलसँग सम्बन्ध सहज बनाउन प्रयत्न गर्न थाले। यसको ताजा उदाहरण वर्तमान अमेरिकी राष्ट्रपतिको पहलमा इजरायलसँग सउदी अरबको सम्बन्धमा सुधार हुँदै जानु हो। (यद्यपि गाजापट्टीमा इजरायली सेनाले जसरी ध्वंस र नरसंहार मच्चाउँदै छ, त्यसबाट सम्पूर्ण अरब क्षेत्रमा जुन आक्रोशको लहर देखिएको छ, त्यसले साउदी अरब इजरायलसँगको सम्बन्ध सुधारबाट पछि हट्न बाध्य हुँदै गएको पनि देखिन्छ।) यसरी आफ्नै भूमिबाट लेखेटिँदै जाने प्यालेस्टिनीको पीडा, चिन्ता र तिनका न्यायपूर्ण मुद्दा पूर्णतः उपेक्षित हुँदै गइरहेका थिए। कतिसम्म भने आफ्नै भूमिमा आफूलाई नसोधी दोस्रो विश्वयुद्धपछिका शक्तिशाली साम्राज्यवादी शक्तिले बसाइदिएको इजरायलीको दमन र अन्यायविरुद्ध उनीहरूले गरेको संघर्षलाई आतंकवादको आरोप लगाएर चौतर्फी थुन्न प्रयत्न गर्दै थियो। यस्तो स्थितिमा पनि हमासको हमलालाई अकारण भन्नु उचित हुन्छ र ? यस्तो स्थितिमा प्यालेस्टिनीको मनोविज्ञान अनुमान गर्न सकिन्छ। यद्यपि, राजनीतिक सशस्त्र संघर्षमा समेत मानवीय पक्षको ख्याल राख्नुपर्नेमा दुईमत हुन सक्दैन। विगत १५ वर्षमा गाजामाथि इजरायलले हमासको निहुँमा पटकपटक हमला गर्दा लगभग डेढ लाख प्यालेस्टिनी मारिएका छन्। इजरायली सेनाले पटक-पटक गर्ने नाकाबन्दीले गाजापट्टीलाई यस्तो निर्मम र अमानवीय जेलमा परिणत गरिदिएको छ, जहाँ गरिबी, बेरोजगारी र भोकका अकथनीय पीडा छन्। समग्रमा अहिले प्यालेस्टिनीको संघर्ष नश्लवाद र साम्राज्यवादी स्वार्थमा उनीहरूमाथि बलजफ्ती थोपरिएको युद्धविरुद्धको न्यायपूर्ण संघर्ष हो, र जसलाई इजरायल र साम्राज्यवाद समर्थक मिडियाले धार्मिक रंग दिएर इस्लामिक आतंकवादका रूपमा व्याख्या गरेर विश्व जनमतबाट कटाएर समाप्त गर्न खोजिँदै छ। सामान्यतः प्यालेस्टिन र इजरायलबीचको द्वन्द्व दुई धार्मिकता र नश्लबीचको द्वन्द्वका रूपमा बहुप्रचारित छ। तर, यथार्थमा यस द्वन्द्वमा सामरिक र आर्थिक दृष्टिले मध्यपूर्वमा वर्चस्व कायम गर्ने सामाज्यवादी शक्तिको स्वार्थले नै प्रमुख भूमिका खेलेको छ। र, दोस्रो विश्वयुद्धपछिको परिवर्तित विश्व राजनीतिमा मध्यपूर्वको नयाँ भूराजनीतिक उलटफेरमा साम्राज्यवादी कब्जा, लुट, भागबन्डा र नियन्त्रणको योजनाको सिकार प्यालेस्टिन भएको हो। कोइलाको साटो पेट्रोलको प्रयोग र भारतसम्म सीधा बाटोका कारण प्यालेस्टिन र सम्पूर्ण मध्यपूर्व आधुनिक साम्राज्यवादका निम्ति सबैभन्दा महत्त्वपूर्ण भूरणनीतिक क्षेत्र बन्यो। वर्तमान अर्थ-राजनीतिमा पेट्रोल एउटा रणनीतिक माल (स्ट्रेटेजिक कमोडिटी) मानिन्छ। जसले यस मालमाथि सर्वाधिक कब्जा कायम गर्छ, विश्व साम्राज्यवादमा उसैको नेतृत्व हुन्छ। मध्यपूर्वमा तेलको भण्डार छ। यो तथ्य बुझेर २०औँ शताब्दीको सुरुवातदेखि नै ब्रिटेन, फ्रान्स र अमेरिकाले निरन्तर एकआपसमा प्रतिस्पर्धा गर्दै आएका हुन्। एउटा देशका रूपमा मध्यपूर्वमा इजरायलको जन्मको कारण यो पनि हो, होइन भने कुनै वेला यहुदीलाई युगान्डातिर लगेर बसाल्ने योजना पनि बनेको थियो। दोस्रो विश्वयुद्धको अनेक उतार चढावपछि यस प्रतिस्पर्धामा अमेरिका अगाडि हुन गएको हो र अहिले इजरायलले प्यालेस्टिनमाथि बलजफ्ती चलाइरहेको दमन, हत्या र भूमि विस्तारको अमानवीय योजना त्यसै साम्राज्यवादी स्वार्थको ताबेदारी हो। यस दृष्टिले विचार गर्दा प्यालेस्टिन र इजरायलबीचको संघर्षमा हुने अमानवीय व्यवहार आलोच्य भए पनि, प्यालेस्टिनीहरू नश्लवाद र साम्राज्यवादी स्वार्थविरुद्ध न्यायपूर्ण संघर्ष लडिरहेकोमा दुईमत छैन, र इजरायली सेनाले गाजापट्टीमा मच्चाइरहेको नरसंहार र ध्वंसविरुद्धको मौनता अन्यायको समर्थन हुनेछ।

---

३ प्रश्न

एमाले स्थायी कमिटी सदस्य तथा कोशी प्रदेशका निवर्तमान मुख्यमन्त्री **हिक्मतकुमार कार्की**लाई



कोशीमा विकसित पछिल्लो राजनीतिक परिदृश्यको संकेत के हो ?

कोशीको पछिल्लो राजनीतिक अलमलले संविधान कार्यान्वयनमै जटिलता निम्त्याइरहेको थियो। मुलुकलाई राजनीतिक अस्थिरता, आर्थिक संकट र साम्प्रदायिक गतिविधिले गाँज्दै लगेको समयमा बहुसंख्यक जनताले पत्याएका देशका सबैभन्दा ठूला शक्ति कांग्रेस र एमाले मिलेर जानुपर्छ भन्ने आवाज पटकपटक उठिरहेकै थियो। यसका लागि हामीले कांग्रेससँग कुराकानी गर्दा उसको संस्थापन पक्षले त्यो हिम्मत गरेन। तर, शेखर कोइराला र केदार कार्कीजीले त्यो हिम्मत गर्नुभयो। कांग्रेससितको हाम्रो सहकार्य पवित्र उद्देश्यबाट प्रेरित छ।

कोशीमा मध्यावधिमा जान नपर्ने र राजनीतिक स्थिरता पनि आउनेमा कति विश्वस्त हुनुहुन्छ ?

मध्यावधि नेपाली जनताको माग र चाहना दुवै होइन। देशले पनि यति छोटो समयमै अर्को निर्वाचन धान्न सक्दैन। यही यथार्थलाई मध्यनजर गरेर कोशी प्रदेशलाई मध्यावधिमा धकेलेर प्रदेश संरचना गलत हो भन्ने भाष्य स्थापित गर्ने प्रयासलाई असफल पार्न हामीले पहल गरेका हौँ। यसले यहाँको राजनीतिमा स्थिरता ल्याउनेमा हामी विश्वस्त छौँ।

अबका दिनमा कोशीको प्रभाव अन्य प्रदेश र केन्द्रमा पनि पर्न सक्ने सम्भावना कति देख्नुहुन्छ ?

हामीले कोशीमा प्रयास गर्दैमा केन्द्रमा पनि त्यसैको प्रभाव परिहाल्छ त भन्न सकिन्न। तर, अहिलेको सूचना प्रविधिको युगमा स्वाभाविक रूपमा यसको प्रभाव देशभर पर्न भने सक्छ। केन्द्रदेखि प्रदेशसम्म कांग्रेस र एमाले मिल्नुपर्छ भन्ने समयको माग हो। कांग्रेसले यसलाई समयमै बुझ्न सकेन भने पछि मिल्छु भन्दा पनि मिल्न नपाउने गरी समय घर्किन पनि सक्छ।

प्रेरक प्रसंग

चाणक्यको मातृसेवा



गुप्तकालमा मगध राज्यमा जन्मेका आचार्य चाणक्य निकै ठूला पठनदास र मातृभक्त थिए। यो उनको बाल्यकालको घटना हो। उनी सानै छँदा एक दिन उनकी आमा निकै रोइरहेकी थिइन्। रोइरहेको देखेर चाणक्यले आमासित त्यसको कारण सोधे। रुँदैरुँदै आमाले त्यसको कारण बताइन्- बाबु, तिम्रो अगाडिका दुवै दाँतमा राजा हुने लक्षण छ। भविष्यमा तिमी ठूलो राजा बन्यौ भने तिमीले मलाई भुल्नेछौ।

आमाको कुरा सुनेर चाणक्य हाँस्दै बाहिर गए र दुवै दाँत फुकालेर हातमा लिएर आए अनि भने- आमा, अब हेर्नुस् त, तपाईंका शत्रु दुवै दाँत गए। म राजा बन्ने लक्षण मेटियो। अब म जिन्दगीभरि हजुरकै सेवामा रहनेछु। हजुरले आदेश दिनुभयो भने राष्ट्रको सेवा भने पक्कै गर्नेछु। साँच्चै उनले भनेजस्तै भयो। ठूलो भएपछि चाणक्य आमाको आशीर्वाद लिएर अध्ययनका लागि तक्षशिला गए र त्यहाँ उनले २४ वर्षसम्म पढे।

तक्षशिलामा चाणक्य गुरुहरूका निकै प्रिय शिष्य बने। सबैले उनलाई मनैदेखि पढाएर अनेक विषयमा पारंगत बनाए। तक्षशिलाबाट फर्केर आएपछि चाणक्यले मगधमा एक पाठशाला सञ्चालन गरे। त्यहाँबाट उनले अनेकौँ सुयोग्य शिष्य उत्पादन गरे, जो पछि उनको जीवनमा ठूला सहयोगी साबित भए। चाणक्यले जतिसुकै ठूलो सफलता पाए पनि र जतिसुकै ठूला जिम्मेवारी सम्हाले पनि आफ्नी आमा जीवित रहुन्जेल उनको सेवाबाट कहिल्यै टाढा र विमुख भएनन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रहरीको प्रशंसनीय अभियान

नेपाल प्रहरीले चाडपर्वलाई लक्षित गरी 'जोखिमरहित यात्रा' अभियान सुरु गरेको रहेछ। यसलाई प्रहरीको प्रशंसनीय कदम मान्नुपर्छ। खागरी विगतका वर्षमा चाडपर्व आउन लाग्दा र चाडपर्वकै समयमा पनि धेरैलाई रुवाउने खालका त्रासदीपूर्ण दुर्घटना हुने गरेका थिए। सायद त्यसैलाई आधार मानेर यो अभियान सुरु गरेको हुन सक्छ। प्रहरीले अभियान सफल बनाउन खासगरी सवारीसाधनको यान्त्रिक अवस्था परीक्षण गर्नु जरुरी छ। साथै, चालकले मापसे वा लापसे गरे या नगरेको पनि परीक्षण गर्नुपर्छ। साथै, जथाभावी दौडाउने र क्षमताभन्दा बढी यात्रु बोक्ने सवारीसाधनका चालक र सहचालकलाई पनि कारबाही गर्नुपर्छ। यसका लागि प्रहरीले देशभरका राजमार्गमा पनि गस्ती बढाउनु जरुरी छ।

● **अमृता कपाली**, ताहाचल, काठमाडौं

अनुगमन कर्मकाण्डी नबनोस्

राजमार्गका होटेल तथा कोल्ड स्टोरको अनुगमन गरी ग्राहकसित बढी मूल्य असुल्ने व्यापारीलाई कारबाही गरिएको समाचार पढ्दा खुसी लाग्यो। तर, यस्तो अनुगमन सर्वसाधारणको आँखामा धुलो हाल्ने मेसो मात्र नबनोस्। पहिलो कुरा, यस्ता अनुगमनले चाडपर्वको समयमा मात्र होइन, अरू वेलामा पनि निरन्तरता पाउनुपर्छ। साथै, कैफियत देखिएको खण्डमा सामान्य चेतावनी मात्र दिएर हुँदैन, अधिकतम जरिवाना तिराई जेलसजायसमेत दिनुपर्छ। जनता लुट्ने छुट कसैलाई छैन।

● **सुरुचि धामी**
खुसिबु, काठमाडौं

अति भयो व्यापारीको लुटपाट

अहिले बजारमा एक किलो चिनीको मूल्य एक सय ६० रुपैयाँसम्म परिरहेको छ। व्यापारीले छैन, छैन भन्दाभन्दै पनि किलोको एक सय ६० सम्म तिर्न तयार भएपछि भने भटाभट चिनी निकालेर दिन्छन्। जिराको अवस्था पनि त्यस्तै नै छ। आमनेपालीले उपभोग गर्न सक्ने अवस्थामा यसको मूल्य छैन। बजारमा हरिया तरकारीदेखि चामल, दाललगायत दैनिक उपभोग हुने खाद्यवस्तुमा व्यापारीले व्यापारीले मनलागी लुट मच्चाइरहेका छन्।

● **गुराँस सुब्बा**
ढल्को, काठमाडौं

राजनीति दाउपेच कि राष्ट्रहित ?

अब जनताले राजनीतिक दलका शीर्ष नेतृत्वलाई प्रश्न गर्ने वेला आएको छ। उनीहरूले राजनीतिक दाउपेच मात्र गर्ने कि राष्ट्रहितबारे पनि सोच्नुपर्ने हो ? नेताले जे भन्यो त्यसैलाई सही भन्ने होइन, गलतलाई गलत र सहीलाई सही भन्न सक्नुपर्छ। मौन बस्नु अपराध गर्नुबराबर हो। त्यसकारण जनता अब जाग्नुपर्यो। जनता सधैँ मौन बस्ने र नेताले चाहिँ मनपरी गर्ने भएपछि देशले कसरी सही निकास पाओस् ?

दलको विकल्प खोजेर मात्र समस्याको हल हुँदैन। दललाई सचेत गराउन सक्नुपर्यो। कहिले यो दल भनेको छ कहिले ऊ दल भनेको छ। आखिर फरक दल कुन भयो त ? सबै दलको एउटै उद्देश्य सत्ता प्राप्ति नै रहेछ। देशमा सुशासन कायम गरी भ्रष्टाचार नियन्त्रण गर्न कुन दलले चासो देखाएको छ र ? प्रजातन्त्र प्राप्तिका लागि हजारौँ सहिद भए। ती सहिदको बलिदान दलका शीर्ष नेताले भुले। हिजो जनतासँग गरेको वाचाकसम सबै सत्ताको मातमा भुले। राजधानीमा बसोवास गर्ने मात्र जनता हुन् भनेर तिनैलाई हेरेर नीति नियम बनाइए। जसको मारमा निम्नवर्गीय परिवार पऱ्यो। देश हुनेखानेको मात्र होइन, हुँदा खानेको पनि हो भन्ने नेताको सोचमा गएन।

अबका दिनमा जनताले राजनीतिक दाउपेचलाई होइन, राष्ट्रहितलाई ध्यानमा राखेर समर्थन र विरोध गर्न सक्नुपर्छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकी-चीन विश्वास बढाउन संवाद आवश्यक

दुवै देशका जनताले हतियारको प्रतिस्पर्धाबाट झस्किनु आवश्यक छ किनभने यो नै सबैभन्दा विनाशकारी प्रतिस्पर्धा हो



देश/विदेश

● जेङ योङनियान

अमेरिकामा चीनविरुद्ध शत्रुताको भावना बढ्दै गएका वेला चिनियाँ आमजनतामाझ पनि अमेरिकाप्रतिको घृणा बढ्दै गएको छ। विशेषतः सामाजिक सञ्जालमा केही चिनियाँ जनतामा राष्ट्रवादी भावना अत्यधिक बढेको कुरो सत्य हो। तथापि, सामान्यतया सबै चिनियाँ जनतामा यो राष्ट्रवादी भावना देखिँदैन। यदि हामीले अमेरिकाप्रतिको राष्ट्रवादी भावनाबारे व्यवसायीसँग छलफल गऱ्यौँ भने व्यवसायीको मनोवृत्ति सामाजिक सञ्जालका चिनियाँ प्रयोगकर्ताको जस्तो छैन।

पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनविरुद्ध सुरु गरेको व्यापारिक युद्धका बाबजुद पनि चिनियाँ व्यवसायीले अमेरिकासँगको व्यापारलाई निरन्तरता दिएका छन्। यी व्यापारीले आसियान मुलुक वा दक्षिण अमेरिकी राष्ट्रमार्फत व्यापार गर्छन्। अर्थात् चीन र अमेरिकाबीच प्रत्यक्ष होस् वा अप्रत्यक्ष, अहिले पनि व्यापार जारी नै छ।

निःसन्देह केही अमेरिकी सार्वजनिक बुद्धिजीवीले चीन मामिलामा कडा अडान राख्छन् र राष्ट्रवादी विचार प्रदर्शन गर्छन्। त्यसैगरी चिनियाँ सार्वजनिक बुद्धिजीवीमाझ पनि यस्ता भावना देख्न सकिन्छ। यद्यपि, राष्ट्रवादी भावनाको उभार विशिष्ट सामाजिक सन्दर्भमा मात्र निर्भर हुने गर्छ।

सामाजिक सञ्जालमा वास्तवमा राष्ट्रवादी भावनाको फैलावट छ, तर अन्य क्षेत्रमा विशेषतः चिनियाँ सरकारभित्र सामाजिक सञ्जालमा पोखिएजत्तिको राष्ट्रवादी भावना छ भन्ने मलाई लाग्दैन। मैले चिनियाँ अधिकारीले अमेरिकामाथि राष्ट्रवादी आरोप-प्रत्यारोप लगाएको देखेको छैन, बरु अमेरिकी कांग्रेसका केही सदस्यले चीनलाई सार्वजनिक रूपमा लान्छना लगाउने गर्छन्। चिनियाँ नेता अमेरिकाबारे धेरै तर्कसंगत धारणा राख्छन् र यी नेता दुई देशबीचको सम्बन्ध स्थिर रूपमा विकास गर्न चाहन्छन्।

दशकौँदेखि चिनियाँ राष्ट्रवादको मेरो विस्तृत अवलोकनका आधारमा मैले चिनियाँ सरकारले घरेलु राष्ट्रवादी भावनालाई प्रभावकारी रूपमा व्यवस्थापन गरेको देखेको छु। तसर्थ, म यस सन्दर्भमा कम निराशावादी हुने गर्छु। मुख्यतया, दुवैतिरका चर्चित एवं आक्रामक सार्वजनिक व्यक्तित्वले एकअर्कालाई धेरै नकारात्मक रूपमा चित्रण गरेका कारण वर्तमान अवस्था निम्तिएको हो भन्ने मलाई लाग्छ। आजभोलि धेरै मानिसले चीन र अमेरिकाबीचको रणनीतिक प्रतिस्पर्धात्मक सम्बन्धबारे कुरा गरिरहेका छन्, तर, यिनलाई प्रतिस्पर्धा कस्तो हो भन्ने थाहा छैन। मेरो विचारमा प्रतिस्पर्धात्मक सम्बन्ध पनि दुई किसिमका हुन्छन् अर्थात् राम्रो र नराम्रो प्रतिस्पर्धा। उदाहरणका लागि एकातिर अर्थव्यवस्था र प्रविधिमा प्रतिस्पर्धा हुने गर्छ। यस्तो प्रतिस्पर्धा अपरिहार्य छ र सबै सम्भावनालाई नियाल्ने हो भने लाभदायक पनि छ किनभने यी पाटोमा हुने स्वस्थ प्रतिस्पर्धाले वास्तवमा दुवै पक्षको विकासलाई प्रोत्साहन गर्नेछ। चिप्सका सन्दर्भमा अमेरिकाले चीनलाई उन्नत 'प्रोसेस्ड चिप्स'को निर्यात रोकेको छ, तर चीनले आफ्नै घरेलु डिजाइनमा चिप्सको विकास गर्न महत्त्वपूर्ण प्रगति हासिल गरेको छ।

यसबाहेक सामाजिक-राजनीतिक संस्था र राजनीतिका सन्दर्भमा प्रतिस्पर्धा हुने गर्छ। केही राजनीतिज्ञले लोकतन्त्र र निरंकुशताबीचको बहसलाई वैचारिक प्रतिस्पर्धामा परिणत गरिरहेका छन्। यद्यपि, यो प्रतिस्पर्धाबारे चिन्ता लिनु आवश्यक छैन किनभने चीनसँग ऐतिहासिक परम्परा र संस्कृतिमा निहित छुट्टै राजनीतिक प्रणाली छ। वास्तवमा हामीले हतियारको प्रतिस्पर्धाबाट झस्किनु आवश्यक छ, किनभने यस्तो प्रतिस्पर्धा नै सबैभन्दा विनाशकारी हुने गर्छ। आसियान मुलुकमा काम गरेको मेरो वर्षौंको अनुभवका


तस्बिर : ग्लोबल टाइम्स

आधारमा मैले यसका सदस्य राष्ट्रका मानिसले बेइजिङ र वासिङटनबीचको आर्थिक प्रतिस्पर्धालाई खुलेरै अँगालेका छन् भन्न सक्छु। आसियान र अन्य मुलुकका मानिस विभिन्न क्षेत्रमा हुने प्रतिस्पर्धाबारे चिन्ता व्यक्त गर्दैनन्। यद्यपि, हतियारको प्रतिस्पर्धा हुने हो कि भन्ने विषयमा यी क्षेत्रका मानिस उल्लेखनीय ढंगले सशंकित हुने गर्छन्। उदाहरणका लागि, चीन र अमेरिकाबीच चलिरहेको हतियार प्रतिस्पर्धाले यी क्षेत्रमा निम्तिन सक्ने सम्भावित नतिजालाई लिएर मानिस चिन्तित हुने गर्छन्। मेरो विचारमा चीन र अमेरिका दुवैले आसियानको यो अडानमा ध्यान दिनु निकै महत्त्वपूर्ण छ। हालका वर्षमा आसियानले सामूहिक रूपमा तटस्थ रहन र कुनै पनि पक्षको समर्थन नगर्ने निर्णय लिएको छ। हालको विश्वव्यापी वातावरण शीतयुद्धको युगभन्दा धेरै फरक छ, अर्थात् साना राष्ट्रले उहिले अमेरिका र सोभियत संघबीच एक पक्ष छान्नुपरेको थियो, तर अहिले यस्तो अवस्था देखिँदैन।

हामीलाई अहिले राजनीतिक आपसी विश्वासको आवश्यकता छ। चीन र अमेरिकाबीचको व्यापारिक र आर्थिक सहयोगमा अझै पनि वृद्धि हुनेछ भन्नेमा धेरै जनतालाई विश्वास छ। यति मात्रै नभई राजनीतिक मोर्चामा थप आपसी विश्वास आवश्यकता छ। पछिल्ला महिनामा धेरै अमेरिकी उच्चस्तरीय सरकारी अधिकारीले चीन भ्रमण गरेका छन्। यदि दुई देश राजनीतिक संवादमा संलग्न हुन थाले भने दुवै देशका समाज आपसी विश्वासको दिशामा अगाडि बढ्न सक्छन्। दुई पक्षबीचको सञ्चारको अभावका कारण चीन र अमेरिकाका जनताले अहिले एकअर्काप्रतिको विश्वास गुमाइसकेकाले राष्ट्रवादको भावना चर्केको हो। तसर्थ, हामी दुई देशले स्पष्ट रूपमा संवाद गरून् भन्ने आशा गरौँ।

चीन-अमेरिका सम्बन्ध निकै महत्त्वपूर्ण छ। यो एक साधारण द्विपक्षीय सम्बन्ध मात्र होइन, किनभने दुवै राष्ट्र विश्वव्यापी व्यवस्थामा अत्यावश्यक स्तम्भका रूपमा काम गर्छन्। अमेरिकाका लागि विश्व व्यवस्थालाई कायम राख्न चीनको आवश्यकता छ र चीनलाई पनि विश्व-व्यवस्थामा अग्रणी भूमिका खेलिरहेको अमेरिकाको आवश्यकता छ। नागरिक समाजका सदस्यको हैसियतमा हामीले चीन-अमेरिका सम्बन्धको सकारात्मक दिशालाई पुनर्स्थापित गर्न सक्दो सहयोग गर्नुपर्छ।

(जेङ चाइनिज युनिभर्सिटी अफ हङकङका प्राध्यापक हुन्)

ग्लोबल टाइम्सबाट

भारतीय राजनीतिमा क्रिकेट फ्याक्टर





• शशी थरुर
(संयुक्त राष्ट्रसंघका पूर्वउपमहासचिव तथा भारतका पूर्वविदेश एवं मानव संसाधन विकास राज्यमन्त्री थरुर भारतीय राष्ट्रिय कंग्रेसका संघीय सांसद हुन् ।)

अहिले दुई अर्ब मानिस विश्वकपको ज्वरोले ग्रस्त छन् भनेर ब्रिटिस कमनवेल्थबाहिरका कुनै पनि व्यक्तिलाई भनियो भने उसले तपाईंलाई अचम्म मानेर हेर्ने सम्भावना छ । विश्वका अधिकांश मुलुकका लागि फुटबल नै विश्वकप हो जुन गत वर्ष कतारमा भएको थियो र सन २०२६ मा उत्तर अमेरिकामा नहुँदासम्म फेरि हुनेछैन । तर, हामी बाँकीका लागि विशेष गरी, भारतीय उपमहाद्वीपका करिब दुई अर्ब मानिसका लागि अहिले भारतमा भइरहेको पुरुष क्रिकेट विश्वकप वास्तवमै महत्त्वपूर्ण छ ।

यो प्रतियोगिता इंग्ल्यान्डमा सम्पन्न सन् २०१९ को विश्वकपका दुई फाइनलिस्टबीच एक खेलका साथ ५ अक्टोबरबाट सुरु भएको छ । उक्त फाइनलमा हारेको न्युजिल्यान्डले अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा इंग्ल्यान्डलाई पराजित गरेर बदला लियो । भारतीय प्रधानमन्त्रीको नामधारी यो रंगशाला रहेको अहमदाबादलाई भारतको नयाँ क्रिकेट राजधानीका रूपमा हेरिन थालेको छ । १९ नोभेम्बरमा हुने फाइनल खेलमा मोदी स्वयं पनि सहभागी हुने अपेक्षा गरिएको छ ।

मोदीले अर्को वर्ष हुने आमचुनावमा तेस्रो कार्यकालका लागि उम्मेदवारी दिने तयारी गरिरहँदा भारतको सबैभन्दा लोकप्रिय प्रतियोगिताको फाइनलमा आफूलाई र आफ्नो भारतीय जनता पार्टी (भाजपा)लाई केन्द्रबिन्दुमा राख्ने उनको योजना सुनियोजित राजनीतिक कदम हो । विश्वकपको फाइनलमा भारतको जितले चन्द्रमाको दक्षिणी ध्रुवमा गत अगस्टमा लुनार रोभरको अवतरण र सेप्टेम्बरको जी-२० शिखर सम्मेलनलगायत हालैका अन्तर्राष्ट्रिय सफलताको शृंखलालाई अगाडि बढाउनेछ । (भारत जित्ने देश हो, तर यस प्रतियोगितामा प्रतिस्पर्धा सधैं कडा हुन्छ ।)

भारतीय राजनीतिज्ञहरूले क्रिकेटसँग आफूलाई जोड्दा भोट बढ्छ भन्ने कुरा बुझ्न थालेको दशकौं भयो । फलस्वरूप, भारतीय राजनीति र क्रिकेट कर्मचारीतन्त्रबीच घनिष्ठ सम्बन्ध रहेको छ । भारतीय क्रिकेटको सर्वोच्च निकाय भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बिसिसिआई)का शक्तिशाली सचिव जय शाह देशका दोस्रो शक्तिशाली राजनीतिज्ञ एवं मोदीका शक्तिशाली गृहमन्त्री अमित शाहका छोरा हुन् । मोदीका दिवंगत वित्तमन्त्री अरुण जेट्ली दिल्लीका शीर्ष क्रिकेट प्रशासक थिए । जेट्लीको निधनपछि संघीय राजधानीस्थित मुख्य क्रिकेट रंगशालाको नाम नै परिवर्तन गरियो र जेट्लीको नामबाट उक्त रंगशालाको नाम राखियो । एक समय आफ्नो गृहराज्य गुजरातमा क्रिकेट संघको नेतृत्व मोदी स्वयंले गर्ने गर्थे ।

भोटबाहेक क्रिकेटमा अथाह पैसा र विश्वव्यापी प्रभाव पनि छ । भारतले क्रिकेट खेलको विश्वव्यापी आयको लगभग ९० प्रतिशत हिस्सा ओगटेको छ । यस मामलामा भारतले क्रिकेट खेलका पुराना र स्थापित देशहरूलाई निकै पछाडि पारेको छ । सन् २०२१-२२ मा वार्षिक ७७ करोड १० लाख अमेरिकी डलर आम्दानी गरेको बिसिसिआई विश्वकै सबैभन्दा धनी क्रिकेट संस्था हो ।

> भारतमा क्रिकेट एउटा खेल मात्रै होइन । यो एउटा राजनीतिक उपकरण, एउटा आकर्षक उद्योग, प्रतिष्ठाको एउटा स्रोत हो र विश्वव्यापी प्रभाव पार्ने भारतको शक्तिशाली उत्तोलकमध्ये एक पनि हो । अर्को वर्ष पुनः चुनाव लड्ने तयारी गरिरहेका प्रधानमन्त्री नरेन्द्र मोदीले यसलाई प्रयोग नगर्ने कुरै भएन ।

भारत विश्व क्रिकेटमा ट्वान्टी-२० (टी-२०) क्रान्तिको नेतृत्वकर्ता मुलुक पनि हो, जसले खेलको समयलाई संक्षिप्त (तीन घन्टा) बनाएर अझ ठूलो संख्यामा दर्शकहरू आकर्षित गऱ्यो । टी-२० अहिले क्रिकेटको सबैभन्दा नाफादायी स्वरूप भएको छ । अत्यन्त लोकप्रिय इन्डियन प्रिमियर लिग (आइपिएल)ले करोडौं डलरको सम्झौताका साथ विश्वका उत्कृष्ट खेलाडीहरूलाई आकर्षित गरिरहेको छ । जुन भारतको विशाल टेलिभिजन दर्शकहरू र आकर्षक प्रायोजनबाट सम्भव भएको हो । बिसिसिआईले आइपिएलको पाँच वर्षको प्रसारण अधिकार बिक्रीको सम्झौता ६ अर्ब २० करोड डलरमा गरेको छ ।

विश्वकप सुरु हुँदै गर्दा भारतीय सेयर बजारमा उछाल आउन थालेको छ । प्रतियोगिता सुरु हुनुभन्दा तीन महिनाअघि प्रतियोगितासँग सम्बन्धित कम्पनीका सेयरको ब्लुमबर्ग इन्डेक्स २० प्रतिशतले बढिसकेको थियो । प्रतियोगिताका दिनहरूका लागि भारतले खेल्ने सहरहरूमा हवाई भाडा दोब्बर भएको छ भने अहमदाबादको भाडा ४१५ प्रतिशतले बढेको छ । यो विश्वकपले भारतीय अर्थतन्त्रलाई दुई अर्ब ६० करोड डलरले उकास्न सक्छ ।

क्रिकेटमा भारतको आर्थिक प्रभुत्वले यस खेलमाथि विश्वव्यापी रूपमा भारतको असमान प्रभाव पारेको छ । जेट्लीले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)मा भारतको प्रभाव संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा संयुक्त राज्य अमेरिकाको प्रभावजस्तै छ भनेर एकपटक मलाई भनेका थिए ।

बिसिसिआईले भारतको हितअनुसार विश्व क्रिकेटको समय तालिका बनाउन सफल भएको छ, विशेषगरी आइपिएलको लागि सबै खेलाडीहरू उपलब्ध हुने सक्ने गरी समय तालिका बनाउन सकेको छ । भविष्यको योजना, खेलका नयाँ नियम र आम्दानीको विश्वव्यापी वितरणसम्बन्धी अन्तर्राष्ट्रिय छलफलहरूमा भारतको निकै ठूलो प्रभाव हुन्छ । आइसिसीले हालै गरेको तीन अर्ब डलरको मिडिया राइट्स सम्झौताको ३८.५ प्रतिशत भारतले पाउनेछ ।

यसैगरी, भारतले यस वर्षको एसिया कपमा भाग लिन आफ्ना खेलाडी पाकिस्तान पठाउन अस्वीकार गरेपछि पाकिस्तानी क्रिकेट बोर्डसँग अधिकांश खेल श्रीलंकामा सार्नुपर्ने भारतको मागलाई स्वीकार गर्नुको विकल्प रहेन । पाकिस्तान प्रतियोगिताको आयोजक राष्ट्र त रह्यो, तर नाम मात्रको ।

यो खेलका दुई महाशक्ति मुलुक भारत र पाकिस्तानबीचको क्रिकेट सम्बन्ध सन् २००८ मा मुम्बईमा पाकिस्तानका आतंककारीहरूले आक्रमण गरेपछि रोकिएको छ । सन् २०१२-१३ मा भारतमा एउटा द्विपक्षीय शृंखला भए पनि भारतले आफ्ना खेलाडी पाकिस्तान पठाउन अस्वीकार गर्दै आएको छ ।

यसबाहेक, सन् २००८ देखि पाकिस्तानी खेलाडीले पनि आइपिएल खेलेका छैनन् र भारतसँगको सम्बन्धमा सुधार नआएसम्म उनीहरूलाई आइपिएलमा आमन्त्रण गर्ने सम्भावना न्यून छ । पाकिस्तानले भारतसँग खेल्दा प्राप्त हुने ठूलो राजस्वलाई गुमाउन चाहँदैन त्यसैले यी दुई देशको भेट अन्तर्राष्ट्रिय प्रतियोगितामा मात्र हुने गरेको छ ।


यसर्थ, भारत र पाकिस्तानबीचको योपटकको विश्वकपको खेल यस वर्षको सबैभन्दा चर्चित खेल हो । यो खेल नरेन्द्र मोदी स्टेडियममा हुनु कुनै आश्चर्यको होइन । अहमदाबादमा होटेलको कोठाको दर प्रतियोगिताआसपासका दिनहरूका लागि तीन सय प्रतिशत सम्मले बढ्यो । मानिसहरूले म्याचको दिनहरूमा सुत्न होटेल खोज्नुभन्दा अस्पतालका आकस्मिक चेकअपको बहानामा रातभर अस्पतालमा बस्नु सस्तो पाए । उडानहरू पूरै प्याक थिए ।

त्यस खेलमा भारतको जितलाई मोदी अर्को जित र भारतको अदम्य उदयको अर्को संकेतको रूपमा हेरिएको छ । भारतले हारेको भए त्यसले भाजपाका हिन्दू-राष्ट्रवादी समर्थकलाई भड्काउने थियो । १५ सदस्यीय टोलीमा रहेका दुईजना भारतीय मुस्लिम खेलाडीले राष्ट्रिय हितका लागि पर्याप्त निष्ठा नदेखाएको आरोप लाग्न सक्थ्यो ।

यसमा कसले राम्रो खेल्यो भन्नेभन्दा पनि अरू धेरै कुरा छन् । किनकि भारतमा क्रिकेट एउटा खेल मात्रै होइन । यो एउटा राजनीतिक उपकरण, एउटा आकर्षक उद्योग, प्रतिष्ठाको एउटा स्रोत हो र विश्वव्यापी प्रभाव पार्ने भारतको शक्तिशाली उत्तोलकमध्ये एक पनि हो ।

- प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज — अक्टोबर १६



सन् १९८६ : इटालियन पर्वतारोही रेनहोल्ड मेसनर विश्वका आठ हजार मिटरभन्दा अग्ला हिमाल आरोहण गर्ने पहिलो व्यक्ति बने । उनले सन् १९८६ मा ल्होत्से हिमाल आरोहण गरे । यो विश्वको चौथो सबैभन्दा अग्लो चुचुरो हो र १४ वटा आठ हजार मिटर अग्ला हिमालमध्ये एक हो ।

सन् १९२३ : वाल्ट डिज्नी कम्पनीको स्थापना । अन्तर्राष्ट्रिय मनोरञ्जन उद्योगमा अग्रणी डिज्नीलाई वाल्ट र रोयले डिज्नी ब्रदर्स कार्टुन स्टुडियोको रूपमा गठन गरेका थिए । आज यो कम्पनी कार्टुन र एनिमेटेड चलचित्रको पर्यायवाची हो ।

सन् १९४५ : खाद्य तथा कृषि संगठन (एफएओ)को स्थापना । एफएओको स्थापना क्यानडाको क्युबेक सहरमा भएको थियो ।

सन् १९४६ : जर्मनीको न्युरेम्बर्गमा १० नाजी युद्ध अपराधीलाई फाँसी दिइयो ।

सन् १९६४ : चीनको पहिलो आणविक परीक्षण । चिस-१ कोड दिइएको २२ किलोटन युरेनियमयुक्त बम लोप नुरमा खसालिएको थियो । यो परीक्षणसँगै चीन विश्वको पाँचौं आणविक शक्तिराष्ट्र बन्यो । यसअघि अमेरिका, रुस, बेलायत र फ्रान्सले आणविक परीक्षण गरेका थिए । इजरायलसँग आणविक हतियार भएको मानिन्छ, यद्यपि तिनीहरू सार्वजनिक रूपमा तथ्यलाई स्वीकार गर्दैनन् ।

विश्व संक्षेप

गाजा युद्धको पहिलो हप्तामा १० लाख विस्थापित

गाजासिटी / संयुक्त राष्ट्रसंघीय राहत तथा सहयोगसम्बन्धी निकायले गाजामा जारी द्वन्द्वको पहिलो सात दिनमा करिब १० लाख मानिस विस्थापित भएको जनाएको छ । युएनआरडब्लुएका सञ्चार निर्देशक जुलिएट टौमाले एएफपीसँग भने, 'गाजामा जारी युद्धका कारण पहिलो सात दिनमा अनुमानित १० लाख मानिस विस्थापित भएका छन् ।' प्यालेस्टिनी शरणार्थीलाई सहयोग पुऱ्याउँदै आएको युएनआरडब्लुएका अधिकारीहरूले भनेका छन्, 'मानिसहरू घर छोडेर हिँड्ने क्रम जारी रहेकाले यो संख्या अझ बढी हुने सम्भावना छ ।' गत अक्टोबर ७ मा इजरायलको दक्षिणी भागमा इस्लामिक लडाकु समूहले गरेको आक्रमणमा एक हजार ३०० भन्दा बढी व्यक्तिको मृत्यु भएपछि इजरायलले गाजापट्टीमा हमासको निशानामा आक्रमण गर्दै आएको छ । इजरायली हवाई आक्रमणमा गाजामा हमासका नेता, लडाकु र उनीहरू लुकेका स्थानलाई लक्षित गरी गरिएको हवाई आक्रमणमा परी दुई हजार ३०० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ ।

अफगानिस्तानमा ६.३ म्याग्निच्युडको भूकम्प

काबुल / अफगानिस्तानको पश्चिमी क्षेत्रमा आइतबार ६ दशमलव तीन म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको अमेरिकी भौगर्भिक सर्भेले जनाएको छ । यसै महिनाको भूकम्पको शृंखलाले दुई हजारभन्दा बढीको ज्यान लिएको क्षेत्रमा पछिल्लोपटक भूकम्प गएको हो । ग्रिनविच मिनटाइमअनुसार तीन बजेर ३६ मिनेटमा हेरात सहरभन्दा ३३ किलोमिटर टाढा भूकम्प गएको हो । यही असोज २० गते सोही भागमा ६ दशमलव तीन म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको थियो । भूकम्पपछि आठवटा परकम्प गएको थियो । उक्त भूकम्पले ग्रामीण घरहरू ध्वस्त पारेको थियो भने एक हजारभन्दा बढीको मृत्यु र सयौं घाइते भएका थिए । स्वयंसेवकहरूले भूकम्पमा पुरिएका मानिसहरूको खोजी कार्य जारी राखेकै वेला शनिबार अर्को भूकम्प गएको हो । पछिल्लो भूकम्पमा एकजनाको मृत्यु र एक सय ३० जना घाइते भएका थिए । अघिल्लो भूकम्पमा परी मारिनेमा ९० प्रतिशतभन्दा बढी महिला र बालबालिका रहेको युनिसेफले बुधबार बताएको थियो । भूकम्पबाट १२ हजारभन्दा बढी नागरिक प्रभावित भएको संयुक्त राष्ट्रसंघले जनाएको छ । सन् २०२१ मा अफगानिस्तानको सत्तामा आएको तालिबान अधिकारीहरूका लागि ठूलो मात्रामा आश्रयको व्यवस्था गर्न चुनौती हुनेछ । तालिबानको अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको सम्बन्ध खराब छ ।

इजरायल-हमास युद्ध : जसले हारे पनि जित इरानको हुनेछ

क्रान्तिकारी गार्ड र हिजबुल्लाहमार्फत इरानले प्यालेस्टिनी इस्लामिक जिहाद र हमास हिंसालाई प्रोत्साहन गरेको छ

इजरायल र प्यालेस्टिनी लडाकु समूह हमासबीच सुरु भएको युद्धमा एउटा मात्र पक्ष विजेता हुनेछ । यो न त इजरायल हो न हमास । 'अल-अक्सा स्टोर्म' नाम दिइएको एक कारबाहीमा हमास (जसको औपचारिक नाम इस्लामिक प्रतिरोध आन्दोलन हो)ले ७ अक्टोबरमा इजरायलमा हजारौं रकेट प्रहार गऱ्यो । हमास र प्यालेस्टिनी इस्लामिक जिहाद लडाकु स्थल, समुद्री र वायुबाट इजरायलमा घुसपैठ गरे । हमासको हमलामा सयौं इजरायली मारिएका छन्, दुई हजारभन्दा बढी घाइते भएका छन् र धेरैलाई बन्धक बनाइएको छ ।

जवाफमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले हमासविरुद्ध युद्धको घोषणा गरे र गाजामा हवाई आक्रमण गरे । प्रतिशोधको पहिलो दिनमा (प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयका अनुसार) करिब ४०० प्यालेस्टिनी मारिएका थिए । आगामी हप्तामा इजरायली सेनाले पक्कै पनि कठोर बदला लिनेछ र सयौं प्यालेस्टिनी लडाकु र नागरिकलाई मार्नेछ । मध्यपूर्व राजनीति र सुरक्षाको विश्लेषकको रूपमा मलाई विश्वास छ कि दुवै पक्षका हजारौं पीडित हुनेछन् । तर, जब युद्धको धुवाँ आकाशमा मडारिन्छ, एउटा देशको स्वार्थ पूरा हुनेछ, त्यो हो इरान ।

इजरायलमा अचानक आक्रमणमा तेहरानको संलग्नता देख्न सकिने यसअघि नै केही विश्लेषकले सुझाब दिइरहेका छन् । प्रोत्साहन र समर्थनका साथ इरानी नेताहरूले आक्रमणबारे प्रतिक्रिया दिएका छन् ।

इरानको विदेश नीतिलाई प्रभाव दिने निर्णायक कारक सन् १९७९ मा इरानका अमेरिकामैत्री दमनकारी शाहको पतन र सिया मुस्लिम क्रान्तिकारी शासकको हातमा राज्यशक्ति हस्तान्तरण थियो । त्यो शासनलाई कडा अमेरिकी साम्राज्यवादविरोधी र इजरायलविरोधी सियोनवाद (यहुदी राष्ट्रवादी आन्दोलन) ले परिभाषित गरेको थियो ।

क्रान्तिमा संलग्न नेताहरूको दाबी थियो कि क्रान्ति भ्रष्ट इरानी राजतन्त्रविरुद्ध मात्र होइन, यो सर्वत्र दमन र अन्यायको सामना गर्ने उद्देश्यले थियो र विशेषगरी अमेरिका समर्थित सरकारविरुद्ध । ती सरकारमध्ये इजरायल प्रमुख थियो ।



इजरायली हवाई हमलामा गाजापट्टीको खान युनिसमा ध्वस्त मस्जिद । तस्बिर : एपी

इरानी नेताहरूको दृष्टिमा इजरायल र संयुक्त राज्यले अनैतिकता, अन्याय तथा मुस्लिम समाज र इरानी सुरक्षाका लागि सबैभन्दा ठूलो खतराको प्रतिनिधित्व गरे । शाहसँगको घनिष्ठ सम्बन्ध र इरानी जनतामाथिको निरन्तर दमनमा इजरायलको भूमिकाका कारण इजरायलप्रति महसुस गरिएको स्थायी शत्रुता कुनै सानो अंशमा छैन । अमेरिकी केन्द्रीय खुफिया एजेन्सीको साथमा इजरायलको गुप्तचर सेवा (मोसाद)ले शाहको गोप्य प्रहरी र गुप्तचर सेवा (साभक)लाई व्यवस्थित गर्न मद्दत गऱ्यो । यस संगठन शाहको पछिल्लो दुई दशक लामो शासनमा रहँदा विरोधीलाई दबाउनका लागि बढ्दो कठोर रणनीतिमा निर्भर रह्यो, जसमा सामूहिक कारावास, यातना, बेपत्ता, जबर्जस्ती निर्वासन र हजारौं इरानीहरूको हत्या समावेश थियो ।

प्यालेस्टिनीको स्वतन्त्रताका लागि समर्थन इरानको क्रान्तिकारी सन्देशको मुख्य विषय थियो । सन् १९८२ मा लेबननामा इजरायली आक्रमणले (लेबननामा इजरायविरुद्ध प्यालेस्टिनी आक्रमणको बदलामा) लेबननामा इजरायली सैनिकहरूलाई चुनौती दिएर र यस क्षेत्रमा अमेरिकी प्रभाव जाँच गरेर इरानलाई आफ्नो एन्टी जियोनिस्ट (यहुदी राष्ट्रियताको अस्वीकार) विरोधी बयानबाजीमा सन्तुष्टि लिने अवसर प्रदान गऱ्यो ।

त्यस उद्देश्यका लागि लेबनानी र प्यालेस्टिनी लडाकुलाई संगठित र समर्थन गर्न इरानले आफ्नो इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (इरानको सेनाको एक शाखा, जसलाई सामान्यतया 'क्रान्तिकारी गार्ड' भनेर चिनिन्छ) लेबनानमा पठायो । लेबननको बेका उपत्यकामा क्रान्तिकारी गार्डहरूले सिया प्रतिरोधी लडाकुलाई धर्म, क्रान्तिकारी विचारधारा र छापामार रणनीतिमा निर्देशन दिनुका साथै हतियार, आर्थिक सहयोग, प्रशिक्षण र प्रोत्साहन प्रदान गरे । इरानी नेतृत्वले यी प्रारम्भिक प्रशिक्षार्थीलाई लडाकुहरूको असंगठित ब्यान्डबाट आज लेबननको सबैभन्दा शक्तिशाली राजनीतिक र सैन्य बल हिजबुल्लाहमा रूपान्तरण गऱ्यो ।

सन् १९८० को प्रारम्भदेखि इरानले इजरायलविरोधी लडाकु समूह र कारबाहीलाई समर्थन जारी राखेको छ । इस्लामिक गणतन्त्रले सार्वजनिक रूपमा लडाकु समूहलाई लाखौं डलर वार्षिक सहयोगको वाचा गरेको छ । उसले इरान र लेबननामा रिभोलुसनरी गार्ड र हिजबुल्लाह आधारमा हजारौं प्यालेस्टिनी लडाकुलाई आधुनिक सैन्य प्रशिक्षण दिन्छ । इरानले गाजामा हतियार पठाउन एक परिष्कृत तस्करी नेटवर्क चलाउँछ, जुन लामो समयदेखि इजरायली नाकाबन्दीले अवरुद्ध छ ।

क्रान्तिकारी गार्ड र हिजबुल्लाहमार्फत इरानले प्यालेस्टिनी इस्लामिक जिहाद र हमास हिंसालाई प्रोत्साहन दिनुका साथै सक्षम

> आगामी सातामा इजरायली सेनाले पक्कै पनि कठोर बदला लिनेछ र सयौं प्यालेस्टिनी लडाकु र नागरिकलाई मार्नेछ । मध्यपूर्व राजनीति र सुरक्षाको विश्लेषकको रूपमा मलाई विश्वास छ कि दुवै पक्षका हजारौं पीडित हुनेछन् । तर, जब युद्धको धुवाँ आकाशमा मडारिन्छ, एउटा देशको स्वार्थ पूरा हुनेछ, त्यो हो इरान ।

बनाएको छ । विदेशी मामिला विश्लेषकले यी प्यालेस्टिनी लडाकु अब इजरायल र संयुक्त राज्य अमेरिकाविरुद्ध इरानको 'प्रतिरोधको अक्ष' बताउँछन् । तर, इरानले कुनै पनि राज्यको प्रत्यक्ष रूपमा सामना गर्न जोखिम मोल्न सक्दैन । इजरायली-प्यालेस्टिनी द्वन्द्व र मृत्युको संख्या सन् २०२० देखि लगातार बढ्दो छ । प्यालेस्टेनीहरू बढ्दो देश निकाला र सम्पत्तिको विनाश तथा इजरायली राष्ट्रवादीलाई अल-अक्सा मस्जिद (मुस्लिम र यहुदी दुवैको पवित्र स्थल) मा यहुदी प्रार्थना रोक्न अनुमति दिएकोमा आक्रोशित छ । वास्तवमा आप्रवासीले अल-अक्सा मस्जिदमा गरेको हालैको अतिक्रमणलाई हमासले अक्टोबर ७ को आक्रमणको कारणको रूपमा उल्लेख गरेको छ ।

इरानको स्वागत

यसको मतलब इरानले इजरायलमा हमासलाई आक्रमण गर्न आदेश दिएको होइन, न त इरानले प्यालेस्टाइनी लडाकुलाई नियन्त्रण गर्छ । तिनीहरू इरानी कठपुतली पनि होइनन् । यद्यपि, इरानका नेताहरूले आक्रमणलाई स्वागत गरे । इरानी विदेश मन्त्रालयका प्रवक्ता नासेर कनानीले भने, 'आज जे भयो त्यो सिरिया, लेबनान र कब्जा गरिएको भूमिलगायत विभिन्न क्षेत्रमा सियोनवादविरोधी प्रतिरोधको विजयको निरन्तरतासँग मेल खान्छ ।'

सियोनवाद (यहुदी राष्ट्रवादी आन्दोलन) हमास आक्रमणको हप्ताअघि साउदी युवराज मोहम्मद बिन सलमानले साउदी अरेबियाले इजरायलसँगको सम्बन्धलाई सामान्य बनाउनको लागि गरेको हालैका प्रयास रोकेको थियो भन्ने रिपोर्टलाई अस्वीकार गरे, जसमा इजरायलको अस्तित्वको अधिकारको औपचारिक घोषणा र कूटनीतिक संलग्नता बढेको छ । 'हरेक दिन हामी नजिक पुग्छौं,' इजरायलसँगको सम्बन्धबारे सलमानले भने, 'जुन विषयलाई नेतान्याहुले प्रशंसा गरेका थिए ।'

कसरी इरानले जित्छ ?

इजरायल-हमास युद्धको कम्तीमा तीन सम्भावित परिणाम छन्, र ती सबै इरानको पक्षमा जान्छन् । पहिलो, इजरायलको भारी प्रतिक्रियाले साउदी अरेबिया र अन्य अरब राज्यलाई अमेरिकासमर्थित इजरायली सामान्यीकरण प्रयासलाई बन्द गर्न सक्छ । दोस्रो, इजरायलले खतरा हटाउन गाजामा थप धक्का दिन आवश्यक ठानेमा यसले पूर्वी जेरुसेलम वा वेस्ट बैंकमा अर्को प्यालेस्टिनी विद्रोहलाई उक्साउन सक्छ, जसले इजरायली हमला र ठूलो अस्थिरता निम्त्याउँछ ।

अन्तमा, यसअघि उल्लेख गरेको प्रचलित जोडदार रणनीतिलाई अगाडि बढाउँदै र तीव्रताको सम्भावना कम गर्दै इजरायलले आवश्यक बलको न्यूनतम मात्रा प्रयोग गरेर आफ्नो पहिलो दुई उद्देश्य हासिल गर्न सक्छ । तर, यो असम्भव छ । यदि यो भयो भने पनि हिंसाको यो पछिल्लो प्रकोप निम्त्याउने आधारभूत कारण र त्यस प्रक्रियामा इरानले खेल्ने सक्षम भूमिकालाई सम्बोधन गरिएको छैन । जब इजरायली-प्यालेस्टिनी हिंसाको अर्को चरण सुरु हुन्छ (यो हुनेछ), मलाई विश्वास छ कि इरानका नेताहरूले राम्रो कामका लागि आफूलाई फेरि बधाइ दिनेछन् ।

-द कन्भर्सेसनबाट

डिजिटल रेमिट्यान्सको प्रवर्द्धनलाई प्राथमिकता दिएका छौं

पछिल्लो समय नेपालमा रेमिट्यान्स आप्रवाह उल्लेखनीय दरमा बढिरहेको छ। वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढेसँगै रेमिट्यान्समा वृद्धि भएको हो। एक महिनामै एक खर्ब १६ अर्ब रुपैयाँबराबर रेमिट्यान्स भित्रिएको छ। जुन मासिक गणनामा हालसम्मकै उच्च हो। साधारणतः चाडपर्वको वेलामा पनि नेपालमा रेमिट्यान्स आप्रवाह बढी हुने गरेको छ। रेमिट्यान्स जनताको जीवनस्तर उकास्ने साधन मात्रै नभई अर्थतन्त्रकै आधारस्तम्भसमेत बनिरहेको छ। यसै सन्दर्भमा नेपालमा रेमिट्यान्स आप्रवाह, त्यसको सदुपयोग, रेमिट्यान्स कम्पनीका सेवालगायत विविध विषयमा नयाँ पत्रिकाले आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत **खिलेन्द्र पौडेल**सँग गरेको कुराकानी :



अर्थ-वार्ता

● **खिलेन्द्र पौडेल**
प्रमुख कार्यकारी अधिकृत, आइएमई लिमिटेड

नेपालमा औपचारिक रेमिट्यान्स भित्र्याउने पहिलो कम्पनी भएकाले आइएमईले अहिले बदलिँदो बजारका सन्दर्भमा आफ्नो सेवालाई कसरी विस्तार गरिरहेको छ ?

आइएमई नेपालको रेमिट्यान्स क्षेत्रको पायोनियर कम्पनी हो। सुरुवाती दिनदेखि नै आइएमई देशकै सबैभन्दा धेरै रेमिट्यान्स भित्र्याउने कम्पनी पनि बन्न सफल भएको छ। पछिल्लो तथ्यांक हेर्ने हो भने औपचारिक माध्यमबाट नेपाल भित्रिने कुल रेमिट्यान्सको २२-२३ प्रतिशतको बजारहिस्सा आइएमईले ओगटेको छ। त्यति मात्र हैन, रेमिट्यान्स कम्पनीमध्येबाट सरकारलाई सबैभन्दा धेरै कर तिर्ने कम्पनीको रूपमा पनि आइएमई लगातार सम्मानित हुँदै आएको छ। यो हाम्रो लागि गौरवको विषय पनि हो।

आइएमई आफ्नो स्थापनाकालदेखि नै रेमिट्यान्स सेवालाई प्रत्येक नेपालीको पहुँचसम्म पुऱ्याउन प्रतिबद्ध छ। सेवा शुभारम्भको २३औँ वर्षसम्म आइपुग्दा हामीले नेपालका सहरी तथा ग्रामीण क्षेत्रलाई समेट्दै ७७ जिल्लामा आफ्नो सेवा विस्तार गरेका छौं। बैंक तथा वित्तीय संस्थाका शाखाहरूसहित ३५ हजार बढी एजेन्ट तथा सब-एजेन्टका साथै २२५ भन्दा बढी आइएमई सेन्टरमार्फत सेवाग्राहीलाई सेवा प्रदान गर्दै आइरहेका छौं भने दैनिक करिब ७० हजारभन्दा धेरै नेपाली सेवाग्राहीले हाम्रो सेवा लिइरहनुभएको छ।

त्यसैगरी, हाम्रा अन्तर्राष्ट्रिय साझेदारहरूसँगको सहकार्यमार्फत परम्परागत रेमिट्यान्स करिडोरलगायत संसारभरका अधिकांश श्रम गन्तव्यबाट सेवा सञ्चालन गरिरहेका छौं। प्रविधिको बढ्दो प्रयोगलाई हामीले पनि आत्मसात् गर्दै अघि बढिरहेका छौं। डिजिटल रेमिट्यान्सको प्रवर्द्धनलाई नै हामीले अबको कार्यदिशा बनाएका छौं। सोही प्रयासस्वरूप हामीले आइएमई पे मोबाइल वालेटलाई आफ्नो सहायक कम्पनीको रूपमा सञ्चालन गरिरहेका छौं। अब सेवाग्राहीले आफू बसेकै स्थानबाट रियल टाइममा रेमिट्यान्स पठाउन र प्राप्त गर्न सक्नुहुनेछ। यसबाट रेमिट्यान्स पठाउन तथा प्राप्त गर्न मात्र हैन, डिजिटल भुक्तानीसम्बन्धी अन्य कारोबार गर्न पनि सहज हुने हामीले विश्वास लिएका छौं।

यसरी आइएमईले रेमिट्यान्सको आप्रवाहलाई सहज बनाउन, नागरिकमा वित्तीय पहुँच विस्तार गर्न, आफ्ना सेवालाई समयसापेक्ष प्रविधिमैत्री बनाउँदै सुरक्षित र सहज सेवा विस्तारमा निरन्तर काम गरिरहेको छ।

केही समययता रेमिट्यान्स क्षेत्रमा पनि नयाँ-नयाँ प्रयोग भएका देखिन्छन्। खासगरी, डिजिटल रूपान्तरण र पहुँचमा धेरै विकास भइसकेको छ। यो सन्दर्भमा यसले सामना गर्ने चुनौती तथा अवसर के-के हुन् ?

आजको युग प्रविधिको युग हो। प्रविधिको प्रयोगले हाम्रो जीवनशैलीमा ठूलै परिवर्तन ल्याइरहेको छ। ग्राहकको रोजाइ, आवश्यकता तथा बजारको डाइनामिक्स परिवर्तन भइरहेको छ। समग्रमा, रेमिट्यान्स सेवा नयाँ चरणको रूपान्तरणको अवस्थामा छ। त्यसैले अत्याधुनिक प्रविधिको प्रयोग गरी रेमिट्यान्स सेवालाई अझ परिष्कृत, सहज र सुरक्षित बनाउँदै लैजानु आजको आवश्यकता नै हो। हामीले पनि सोहीअनुरूप नै काम गरिरहेका छौं। डिजिटल रूपान्तरण र फिनटेकको विकास र प्रयोगले रेमिट्यान्स सेवालाई कम खर्चिलो, सुरक्षित एवं रियल टाइम बनाएको छ, जसका कारण रकम पठाउन र प्राप्त गर्न निकै नै सहज भएको छ। लागत न्यूनीकरण भइरहेको छ भने प्रतिस्पर्धा र पहुँचमा समेत सुधार भएको देख्न सकिन्छ। प्रविधिको प्रयोगकै कारणले धेरैभन्दा धेरै मानिसमा बैंकिङ प्रणालीको सहज पहुँच पुग्न सकेको हो भन्ने लाग्छ।

प्रविधिको प्रयोगमा अवसरसँगसँगै प्रशस्त चुनौती पनि छन्। सुरक्षा तथा डेटा प्राइभेसी, अनधिकृत पहुँच आदि प्रमुख चुनौती हुन जस्तो लाग्छ। त्यसैगरी, नयाँ तथा स्थानअनुसारका फरक-फरक नियमको पालना, विनिमय दरको उतारचढाव र वित्तीय समावेशीकरणको सुनिश्चितता आदि पनि चुनौतीपूर्ण रहेका छन्। यद्यपि, नियमन र प्रतिस्पर्धी मूल्य निर्धारणलाई प्राथमिकतामा राख्दै सूचना प्रविधिले उपलब्ध गराएका सुविधाहरूलाई प्रभावकारी रूपमा नेभिगेट गर्न सकियो भने रेमिट्यान्स कम्पनीहरूका लागि पर्याप्त अवसर उपलब्ध हुन्छन् भन्ने लाग्छ।

आइएमईले प्रदान गरिरहेको सेवा तथा प्रयोग गरिरहेको नयाँ प्रविधि र नवीनताबारे के भन्नुहुन्छ ?

मैले अघि नै भनिसकेँ, डिजिटल रेमिट्यान्सको प्रवर्द्धनलाई नै हामीले अबको कार्यदिशा बनाएर काम गरिरहेका छौं। र, त्यसमा पनि आइएमईले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ भन्नेमा हामी विश्वस्त छौं। यही नै हाम्रो डिजिटल रूपान्तरण तथा नवप्रर्वतनको लक्ष्य पनि हो।

यसैअन्तर्गत आइएमई पे वालेटलाई थप चुस्त तथा बहुउपयोगी बनाउँदै लगेका छौं भने डिजिटल रेमिट्यान्सलाई अझ सहज र विश्वासिलो बनाउनका लागि रेमिट्यान्स भी-२ को विकास गरिरहेका छौं। हामीलाई विश्वास छ कि यो भर्सनले ग्राहकको अनुभवलाई अर्को लेभलमा पुऱ्याउनेछ। यसले ग्राहकलाई भुक्तानीसम्बन्धी विविधीकृत सेवा उपलब्ध गराउनुका साथै आइएमईले प्रदान गर्ने रेमिट्यान्स सेवालाई छिटो, सुरक्षित र सेवाग्राही केन्द्रित बनाउँछ।

नियमनको सन्दर्भमा आइएमईले रेमिट्यान्स लेनदेनको सुरक्षा तथा वैधता सुनिश्चित गर्न के-के उपाय अपनाएको छ ?

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको डाइनामिक्स तथा ग्राहकको आवश्यकताअनुरूपको सेवा प्रवाहमा आइएमई प्रतिबद्ध छ र सोहीअनुरूप सेवालाई परिष्कृत गर्दै अघि बढिरहेका छौं। रेमिट्यान्स कारोबारको शतप्रतिशत सुरक्षा र वैधानिकता हाम्रो पहिलो प्राथमिकता हो। सोहीअनुसार सुरक्षामा आवश्यक सम्पूर्ण उपकरणहरूलाई हाम्रो सिस्टममा इन्टिग्रेट गरेका छौं। हामी कम्प्लाइन्समा कहिल्यै पनि कम्प्रोमाइज गर्दैनौं।

केन्द्रीय बैंक र नेपाल सरकारको नीतिबाहेक कुनै पनि काम गर्दैनौं। अर्कोचाहिँ हामी विश्वमा आएका नयाँ-नयाँ प्रविधिलाई आत्मसात् गर्दै अघि बढिरहेका छौं। हाम्रो आफ्नै आइटी टिम छ, आफ्नै सिस्टम छ। त्यस्तै, हामीले इन्टरनेसनल कम्प्लाइन्स सिस्टम चलाउँछौं, जुन नेपालका बैंकहरूले पनि चलाउँछन्। दुरुस्त तथा अपडेटेड केवाइसी प्रक्रिया, एएमएल नियमनको पूर्ण पालना, प्रतिबन्ध स्क्रिनिङ गर्ने, नियमित रूपमा कम्प्लाइन्स अडिट, डाटा इन्क्रिप्सन र सुरक्षा प्रोटोकलहरू समावेश गरिएका छन्। त्यसैगरी, नियामक निकायले दिने निर्देशनहरूलाई सधैं उच्च प्राथमिकताका साथ अवलम्बन गरिएको छ। यसका साथसाथै आइएमईले कर्मचारीलाई निरन्तर रूपमा तालिम उपलब्ध गराउने गरेको छ भने सेवाग्राहीलाई पनि नयाँ-नयाँ आउने नियमका बारेमा सुसूचित गर्ने गरेको छ। चुस्त सेवा, निरन्तर अनुगमन र सुरक्षाप्रतिको प्रतिबद्धतालेनै आइएमईलाई देशकै नम्बर वान कम्पनी बन्न मद्दत गरेको हो जस्तो लाग्छ।

रेमिट्यान्सको वर्तमान प्रवृत्ति, विशेष गरी सेवाग्राहीको प्राथमिकता र डिजिटल रूपान्तरणको प्रभावको सन्दर्भमा के भन्न चाहनुहुन्छ ?

रेमिट्यान्स सेवामा सेवाग्राहीको प्राथमिकतामा उल्लेखनीय परिवर्तन भइरहेको देखिन्छ। डिजिटल च्यानलहरू लोकप्रिय भइरहेका छन्। डिजिटल प्रविधिको विकास, प्रयोग तथा प्रतिस्पर्धालले लागतलाई अझ कम गरिरहेको छ भने प्रतिस्पर्धा र पहुँचमा समेत सुधार भएको देख्न सकिन्छ। पारदर्शी तथा प्रतिस्पर्धी शुल्क निर्धारण हुने भएका कारण सेवाग्राहीलाई कम लागतमै रेमिट्यान्स पठाउने तथा प्राप्त गर्ने अवस्था सिर्जना भएको छ। यसबाहेक, डिजिटल रूपान्तरणकै कारण दूरदराजसम्म पनि वित्तीय पहुँच विस्तार भएको छ भने वित्तीय समावेशीकरणमा समेत उल्लेखनीय योगदान पुगेको हामी देख्न सक्छौं।

प्रतिस्पर्धी रेमिट्यान्स बजारमा आइएमईको सफलतामा कुन रणनीतिले योगदान पुऱ्याएकोजस्तो लाग्छ ?

उच्च प्रतिस्पर्धी रेमिट्यान्स बजारमा आइएमईको सफलता यसका सेवाग्राहीले प्राप्त गरेको सेवा र त्यसले दिएको सन्तुष्टिमा निर्भर रहँदै आएको छ। आइएमईले सधैं सेवाग्राहीको आवश्यकतालाई पहिलो प्राथमिकतामा राख्ने गरेको छ। वित्तीय क्षेत्रमा उपलब्ध प्रविधिलाई सकेसम्म छिटो ग्रहण गर्ने तथा पहुँच विस्तार गर्न रणनीतिक साझेदारीमा ध्यान दिने गरेको छ। प्रत्येक कारोबारको वैधता र सुरक्षा सुनिश्चित गर्दै नियमनलाई कडाइका साथ पालना गर्दै आएका छौं।

> पछिल्लो समय युरोप, अमेरिकालगायतका धेरै देश नेपालीहरूको श्रम तथा बसोवासको गन्तव्य बनिरहेको छ। यस्ता श्रमस्वीकृति प्राप्त भएका नयाँ गन्तव्य मुलुकहरूमा पनि सहज सेवा विस्तारलाई प्राथमिकतामा राखेका छौं।

> डिजिटल रेमिट्यान्सको प्रवर्द्धनलाई हामीले अबको कार्यदिशा बनाएका छौं। सोही प्रयासस्वरूप हामीले आइएमई पे मोबाइल वालेटलाई सहायक कम्पनीको रूपमा सञ्चालन गरिरहेका छौं। अब आफू बसेकै स्थानबाट रियल टाइममा रेमिट्यान्स पठाउन र प्राप्त गर्न सकिन्छ।

प्रतिस्पर्धी मूल्य निर्धारण, विश्वव्यापी नेटवर्क र समयसापेक्ष हाम्रा सेवाहरूमा गरिने सुधार तथा अपडेटले आइएमईलाई सधैं विश्वासिलो र भरपर्दो रेमिट्यान्स कम्पनीको रूपमा स्थापित गरेको छ। अर्कोतर्फ, हामी प्रोफिट मोटिभ मात्र नभएर सामाजिक उत्तरदायित्व पनि वहन गर्दै आइरहेका छौं।

अभिभावकविहीन बालबालिकालाई शिक्षा, विभिन्न दैवी तथा प्राकृतिक प्रकोपका वेलामा उपलब्ध गराइने सहयोगलगायतका अन्य सामाजिक कार्यमा भएको संलग्नताले हामीलाई समस्त ग्राहकको सामीप्यतामा ल्याएको छ र अरूभन्दा फरक पहिचान बनाउन मद्दत गरेको छ। यसको मतलब आइएमई व्यवसायसँगसँगै निरन्तर रूपमा सेवाग्राही र त्यसमा जोडिएका समुदायहरूको हितमा समर्पित छ। यिनै बृहत् कारणले आइएमई रेमिट्यान्स क्षेत्रमा सबैभन्दा विश्वासिलो कम्पनीको रूपमा स्थापित हुन सफल भएको भन्ने लाग्छ।

दसैं, तिहार र छठ पर्वलाई लक्षित गरी सार्वजनिक गरिएको आइएमईको नयाँ क्याम्पेन र वर्षैभरि आइएमई गरौं, करोडपति बनौं भन्ने क्याम्पेनबारे पनि केही भनिदिनुस् न !

आइएमईको पछिल्लो अभियान आइएमई गरौं, करोडपति बनौं, वैधानिक माध्यमबाट रकम पठाउन प्रोत्साहन गर्ने मुख्य उद्देश्यले सुरु गरिएको हो। मुख्य चाडपर्वका समयमा देशमा सबैभन्दा बढी रेमिट्यान्स भित्रिने गरेको छ। वैदेशिक रोजगारमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका सेवाग्राहीलाई औपचारिक माध्यमबाट रकम पठाउन यो योजनाले उत्प्रेरकको रूपमा काम गर्ने हाम्रो विश्वास रहेको छ।

यस अभियानअन्तर्गत आइएमई गरी रकम पठाउने सेवाग्राहीहरूमध्ये भाग्यशाली एकजनाले एक करोड रुपैयाँ नगद जित्न सक्नुहुनेछ भने प्रत्येक महिना एकजनाले एक लाख नगद रुपैयाँ प्राप्त गर्नुहुनेछ। यसैगरी, दसैं, तिहार तथा छठ पर्वमा १८ सय सेवाग्राहीले थप आकर्षक उपहार प्राप्त गर्न सक्नुहुनेछ।

आइएमई गरी आइएमई पे वालेट र बैंक खातामा जम्मा गर्ने तथा आइएमई काउन्टरमा रकम पठाउने सेवाग्राही यो योजनामा सहभागी हुन पाउनेछन्। यो योजना ०८० असोज २ गतेदेखि २०८१ भदौ मसान्तसम्म लागू हुनेछ। यस अभियानले हाम्रा समस्त ग्राहक वर्गमा चावपर्व विशेष उत्साह थप्ने मात्र नभएर आइएमईको सुरक्षित डिजिटल मनी ट्रान्सफर सेवाको प्रयोगलाई पनि बढावा दिन्छ भन्ने हाम्रो विश्वास छ।

अभियानलाई निष्पक्ष र पारदर्शी बनाउन आइएमईका संस्थापक, कर्मचारी, व्यावसायिक साझेदारहरू र आइएमईसँग आबद्ध व्यक्तिहरू अभियानमा सहभागी हुन नपाउने नियम लागू गरिएको छ। यस अभियानबाट सेवाग्राहीको संलग्नता र आइएमईका डिजिटल सेवाहरूको उपयोगमा उल्लेखनीय वृद्धिको अपेक्षा गरिएको छ। आइएमई ब्रान्डलाई अझ स्थापित गर्दै सेवाग्राहीका लागि स्मरणीय वित्तीय अनुभव सिर्जना गर्ने लक्ष्य पनि यसको रहेको छ।

आइएमईको आइपिओ निष्कासन प्रक्रिया कहाँ पुग्यो ? कति प्रिमियम मूल्य राखेर सेयर निष्कासन गर्दै छ ?

आइएमईले छिट्टै सर्वसाधारणका लागि सेयर जारी गर्दै छ। आइपिओ निष्कासनका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकका रूपमा प्रभु क्यापिटल लिमिटेडलाई नियुक्त गरिसकेका छौं। अब सेवोनबाट अनुमति प्राप्त गर्नेबित्तिकै सेयर निष्कासन गर्नेछौं।

अन्त्यमा, आगामी केही वर्षमा रेमिट्यान्स सेवाको परिदृश्यमा आइएमईले कस्तो भूमिका खेल्लाजस्तो लाग्छ ?

प्रविधिको विकाससँगै रेमिट्यान्स सेवामा पनि धेरै परिवर्तन देखा परिरहेका छन्। वित्तीय कारोबारको परम्परागत शैली परिवर्तन भएका छन्। डिजिटलाइजेसनको प्रभाव समग्र प्रणालीमा नै परेको छ। यसै सन्दर्भमा संसारभरमा विकास भएका अत्याधुनिक प्रविधिलाई एडप्ट गर्दै अनलाइन र मोबाइल प्लेटफर्मलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ।

रेमिट्यान्स पठाउने र प्राप्त गर्ने सहज र सुरक्षित तरिका प्रदान गर्ने कार्यमा नेतृत्वदायी भूमिमा आइएमईले खेल्नेछ। नियामक मापदण्डको पालना गर्दै छिटो र कम लागतमा क्रसबोर्डर मनी ट्रान्सफर सेवा प्रदान गर्न प्रतिबद्ध छौं। आगामी दिनमा वित्तीय पहुँच विस्तारमा स्थानीय साझेदारहरूसँग सहकार्य गर्दै, सेवा नपुगेका र दुर्गम क्षेत्रहरूमा हाम्रा सेवा अझ प्रभावकारी ढंगले विस्तार गर्ने लक्ष्य राखेका छौं।

पछिल्लो समय युरोप अमेरिकालगायतका धेरै देश नेपालीहरूको श्रम तथा बसोवासको गन्तव्य बनिरहेको छ। यस्ता श्रमस्वीकृति प्राप्त भएका नयाँ गन्तव्य मुलुकहरूमा पनि सहज सेवा विस्तारलाई प्राथमिकतामा राखेका छौं। समग्रमा सुरक्षित तथा गुणस्तरीय सेवा, पारदर्शी लागत, रियल टाइम कारोबार तथा रेमिट्यान्स सेवाको डिजिटल रूपान्तरण नै आइएमईको आगामी लक्ष्य तथा कार्यदिशा हुनेछन्।

जलवायु लक्ष्य पूरा नभए दुईतिहाइ हिमनदी हराउन सक्छन्

ग्रीष्मकालीन कमजोर मनसुन, वातावरणीय प्रदूषण र बढ्दो वैश्विक तापक्रमले हिमनदी सुक्दै गएका छन्



● एन रोवन

सन् २००७ हिमनदी विज्ञानमा विश्वकै ठूलो गल्तीका लागि चिनिनेछ। सो वर्ष एक प्रमुख अन्तर्राष्ट्रिय रिपोर्टको सानो गल्तीले गर्दा हिमालयका हिमनदीबारे हाम्रो बुझाइमा ठूलो परिवर्तन गराएको थियो। अल्गोरको डकुमेन्ट्री एन इनकन्भिनिएन्ट ट्रुथ (जसका कारणले मानवनिर्मित जलवायु परिवर्तनको चर्चा सुरु भएको थियो)को एक वर्षपछि जलवायु परिवर्तनमा अन्तरसरकारी प्यानल (आइपिसिसी) ले आफ्नो चौथो रिपोर्ट सार्वजनिक गऱ्यो। यो जलवायु परिवर्तनसम्बन्धी विश्वलाई सुसूचित पार्ने विश्वसनीय मानक थियो। रिपोर्टमा सानो तर गम्भीर त्रुटि भेटियो। त्यसमा भनिएको थियो- हिमालयका सबै ग्लेसियर २०३५ सम्म समाप्त हुनेछन्।

यो घटनामा थुप्रै नयाँ शोधको खोज गरिएको छ, जसमा मेरो पनि अनुसन्धान छ। अर्को शताब्दीसम्म मात्रै हाम्रा हिमनदी बच्न सक्ने देखिएको छ। पछिल्लो तथ्यांकले के देखाउँछ भने यदि हामीले ग्रिनहाउस ग्यास उत्सर्जन कम गरेको खण्डमा सन् २१०० सम्म हिमालयको बरफको एकतिहाइदेखि आधा हिस्सासम्म विलुप्त हुनेछ। तर, हामीले जिद्दी गरिरह्यौं र यसरी नै काम गरिरह्यौं भने हिमालयको बरफको दुईतिहाइ हिस्सा यसै शताब्दीको अन्त्यसम्म विलुप्त हुनेछ।

तर, गम्भीर प्रश्न छ- विश्वको प्रमुख वैज्ञानिक संगठनद्वारा यस्तो खालको तथ्यगत त्रुटि कसरी भयो ? टाइपिङमा त्रुटि भएको भनेर पटक-पटक भनिएको छ। यसले गर्दा विश्वसनीयतामाथि नै असर पुऱ्याएको छ। आइपिसिसीले वर्ल्ड वाइल्ड लाइफ फन्डको एक रिपोर्टलाई उद्धृत गर्दै 'न्यु साइन्टिस्ट'को एक अन्तर्वार्तामा हिमलाय पग्लिने मिति बताएको थियो। उक्त अन्तर्वार्ताले एक भारतीय हिमनदी विशेषज्ञको अनुमानलाई उद्धृत गर्दै सन् २३५० सम्म विश्वभरका हिमनदी संकुचित हुने बताएको थियो।

आइपिसीले यो त्रुटिका लागि माफी मागेको छ। यद्यपि, यो लाजमर्दो विषय भए पनि यसको निष्कर्षलाई कमजोर भने नपारेको निष्कर्ष छ। त्यसपछि आइपिसीले २०१३ को आफ्नो अर्को रिपोर्ट प्रकाशित गर्नुपूर्व समीक्षा प्रक्रियामा सुधार गरेको थियो।

हिमालय पर्वत पवित्र छन्। संस्कृतमा यसको नाम हुन्छ, बरफको वास। तर, मध्यएसियामा हिमनदी राजनीतिक मुद्दा बनेको छ। कारण, हिमनदीकै कारण नदी पूर्ण हुन्छन्। खाद्य उत्पादन र जलविद्युत्का लागि एक अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध पनि यसैले गराउँछ। भारत र नेपाल विशेषगरी गर्मीयाममा मनसुनपूर्व खडेरीबाट जोगिन हिमनदी पग्लिएर बग्ने पानीमा निर्भर छन्। यी दुवै देशले तीव्र गतिमा औद्योगिक विकास गरिरहेका छन्। सामान्यतः यी देशले कार्बन उत्सर्जन सीमित गर्ने विषयको विरोध गर्छन्। आइपिसिसीको रिपोर्टपछि भारत सरकारले एउटा विवादास्पद छलफल प्रतिवेदनमार्फत यो भयलाई मत्थर पार्न तीव्र रूपमा काम गऱ्यो। जसमा उत्तरी भारत र पाकिस्तानका हिमनदीबारे सीमित प्रमाण प्रस्तुत गरिएको थियो। यसबाट थाहा हुन्छ, ती क्षेत्रमा हिमनदी स्थिर थिए या विस्तार पनि भइरहेका थिए। यद्यपि, जलवायु परिवर्तनका कारण अत्यधिक शीतकालीन हिमपात र चिसो खालको गर्मीबाट काराकोरम हिमनदीलाई लाभ पुग्छ। तर, काराकोरमको यो विसंगति कत्तिको निरन्तर रहन्छ भन्ने विषय अज्ञात नै छ।



> हिमनदी कम हुँदै जाँदा गर्मीमा हुने खडेरी बढ्दै गएको छ र यसले दक्षिण एसिया र मध्यएसियाको जनसंख्यामाथि गहिरो प्रभाव पारेको छ। मानवजन्य संकटबाट बच्चका लागि वैश्विक तापमानको एउटा सीमा तय गर्नुपर्ने हुन्छ। यसले हिमनदीको क्षतिलाई सीमित गर्न सक्छ।

हिमालय उल्झनको समाधान : हिमनदी विशेषज्ञहरू हिमालयका हिमनदीको भविष्य के हुन्छ भन्नेमा उत्सुक छन्। एउटा अनुसन्धान पूर्ण त भयो, तर त्यसमा डेटा (तथ्यांक) उपलब्ध हुन सकेन। राजनीतिक रूपले अस्थिर, दूरदराजका क्षेत्रमा उचाइमा रहेका हिमनदीसम्म पुग्न समस्या आदिले अनुसन्धानलाई प्रभावित गरेको छ। नेपालमा चलिरहेको १० वर्षे युद्ध, पाकिस्तानमा तालिबानी आतंक र चीन एवं भारतमा विदेशी वैज्ञानिकप्रतिको सन्देहले यी पहाडको अनुसन्धान गर्न मुस्किल बनाएको थियो। फिल्ड अब्जर्भेसन र सर्वेक्षणबाट हिमनदीमा उल्लेखनीय परिवर्तन नभएको देखाएको छ। हिमनदी वैज्ञानिकले हिमनदीका कैयौं ठूला सतहमा चट्टानका अवशेषले बरफको मात्रामा भएको परिवर्तन लुकेको महसुस गरेका छन्। यसकारण हिमनदी क्षेत्रमा हुने परिवर्तनलाई मापन गर्नु त्रुटिपूर्ण थियो र बरफको क्षति लुकाइएको थियो। सन् २०१० को सुरुवातमा स्याटेलाइट प्रविधिमा भएको तीव्र विकासपछिको र शीतयुद्धका वेला स्याटेलाइटबाट लिइएको तस्बिर अवर्गीकरणले कुनाकन्दराका पहाडबारे थाहा भयो। पूरै हिमालयमा हिमनदी परिवर्तको स्तर पहिलोपटक देखियो। नयाँ उपग्रहको तथ्यांकले हिमनदी वैज्ञानिकले ४० वर्षको अवधिमा हिमनदीको मात्रामा भएको परिवर्तन मापन गर्ने मौका पाए। यसबाट थाहा भयो, प्रायः सबैजसो हिमनदी समान रूपमा संकुचित भएका थिए।

हिमनदीको भविष्य : हिमनदीको बरफ पग्लिने दर पछिल्लो २० वर्षमा दोब्बर भएको नयाँ शोधले पत्ता लगाएको छ। र, यो वैश्विक स्तरमा बरफ पग्लिने दर समान छ। यद्यपि, उच्च उचाइले हिमनदीलाई जलवायु परिवर्तनबाट बचाउने अनुमान गरिएको थियो। तर, अहिले अग्ला हिमालय (पर्वत) अन्यको तुलनामा दोब्बरले तातिरहेका छन्।

तथ्यांकले हिमनदी वैज्ञानिकलाई भविष्यमा कसरी हिमनदी परिवर्तन हुन्छन् भनी अनुमान गर्न कम्प्युटर मोडेललाई प्रशिक्षित गर्ने बाटो खुलाएको छ। यो मोडेलले हिमनदीको बरफ एकतिहाइदेखि आधा भागसम्म सन् २१०० सम्म विलुप्त हुन्छन् भन्ने बताउँछ। यस्तो स्थितिमा हामीले पेरिस सम्झौता (जलवायु परिवर्तनलाई १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिने) अनुरूप काम नगर्ने हो भने सोही समयमा हिमनदीको बरफ दुईतिहाइ भाग गुमाउनेछौं।

ग्रीष्मकालीन कमजोर मनसुन र वातावरणीय प्रदूषणले हिमनदीको जीवनलाई प्रभावित भएको छ। बढ्दो वैश्विक तापमानले हिमनदी सुक्दै गएका छन्। कृषिका लागि हिमनदीमा निर्भर हुने एक अर्ब किसानका लागि यो भविष्यवाणी दुःखद हो।

हिमनदी कम हुँदै जाँदा गर्मीमा हुने खडेरी बढ्दै गएको छ। र, यसले दक्षिण एसिया र मध्यएसियाको जनसंख्यामाथि गहिरो प्रभाव पारेको छ। मानवजन्य संकटबाट बच्चका लागि वैश्विक तापमानको एउटा सीमा तय गर्नुपर्ने हुन्छ। यसले हिमनदीको क्षतिलाई सीमित गर्न सक्छ।

- द कन्भर्सेसनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २९ असोज ०८०

यसपालि पनि बंगलादेशमा विद्युत् निर्यात गर्ने योजना अधुरै

आयात गर्नेबारे बंगलादेशले विद्युत् प्राधिकरणलाई दिएको छैन कुनै जवाफ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

मनसुन (बर्खा) सकिएसँगै नेपालले विद्युत् निर्यात गर्न सक्ने मौसम पनि सकिँदै छ। अब नेपाल विद्युत् प्राधिकरणले करिब दुई महिना मात्रै विद्युत् निर्यात गर्न सक्छ। तर, आवश्यक प्रक्रिया नटुंगिँदा यही सिजनमा नेपाल-बंगलादेश विद्युत् व्यापार सुरु गर्ने योजना अधुरै हुने देखिएको छ।

प्राधिकरणले कात्तिक ०७८ देखि बर्खाको समयमा भारतीय खुला बजारमा प्रतिस्पर्धी मूल्यमा विद्युत् निर्यात गर्दै आएको छ। अहिले भारतमा ६ सय ३२ मेगावाट विद्युत् निर्यात भइरहेको छ। यो बर्खादेखि ४० मेगावाट बिजुली भारतीय प्रसारणलाइन प्रयोग गरेर बंगलादेशमा पुऱ्याउने योजना थियो। तर, नेपाल, भारत र बंगलादेशबीच प्रक्रिया नटुंगिँदा यो बर्खा बंगलादेशमा विद्युत् निर्यात गर्ने योजना अधुरै हुने देखिएको हो।

गत जेठ पहिलो साता बंगलादेशमा सम्पन्न नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक कमिटी (जेएससी)को पाँचौँ बैठकमा बंगलादेशले पहिलो चरणमा नेपालबाट ४० मेगावाट विद्युत् किन्ने सहमति भएको थियो। त्यसका लागि भारतलाई समेत सहभागी गराएर त्रिपक्षीय विद्युत् बिक्री सम्झौता (पिएसए-पिपिए) गर्ने सम्झदारी भएको थियो। भारतीय भूमि र प्रसारणलाइन प्रयोग गर्नुपर्ने हुँदा त्रिपक्षीय सम्झौता अपरिहार्य थियो। सोहीअनुसार नेपालको तर्फबाट नेपाल विद्युत् प्राधिकरण, बंगलादेशबाट बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतको एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)बीच त्रिपक्षीय सम्झौता गरिने भनिएको थियो। सम्झौतापछि यही बर्खादेखि विद्युत् निर्यात गर्ने योजना थियो। तर, तीन निकायबीच अझै उक्त सम्झौता हुन सकेको छैन। साथै, हालसम्म कुन दरमा विद्युत् बिक्री गर्ने भनेर टुंगो पनि लागेको छैन। फलस्वरूप यो बर्खामा विद्युत् निर्यात गर्ने योजना करिब असफल हुने देखिएको प्राधिकरणको भनाइ छ।

पिपिएको मस्यौदामा समेत नेपालसहित भारत र बंगलादेशले सहमति जनाइसकेका छन्। तर, त्यसमा अझै त्रिपक्षीय हस्ताक्षर भने भएको छैन। पछिल्लो समय स्वयं बंगलादेशले नै बेवास्ता गरेको प्राधिकरणका एक उच्च अधिकारीले बताए। फलस्वरूप गप प्रक्रिया अगाडि बढ्न नसकेको उनको भनाइ छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पनि यस सम्बन्धमा पछिल्लो समय कुनै काम नभएको बताए। 'पिपिए दर बसेर नै तोक्ने योजना छ। यद्यपि, भारत र बंगलादेशले पिपिएको मस्यौदामा सहमति जनाएका छन्। तर, त्यसपछि यसबारे कुनै काम भएको छैन,' उनले भने, 'यसबारे हामीले पटक-पटक बंगलादेशलाई ताकेता पनि गरेका छौं। तर, बंगलादेशले कुनै जवाफ पठाएको छैन, हामी मात्रै के गर्ने ? सायद, त्यहाँको आन्तरिक राजनीतिक कारणले यसमा ढिलाइ भएको होला।'

बंगलादेशमा चाहेको अवस्थामा १० दिनमै पिएसए (पिपिए)मा हस्ताक्षर गर्न सकिने घिसिङ बताउँछन्। 'हामी यसमा तयार नै छौं। भारतले पनि सहयोग गर्ने भनिसकेको छ। तर, पछिल्लो समय स्वयं बंगलादेशले यसमा कुनै प्रतिक्रिया जनाएको छैन,' उनले भने, 'बंगलादेश तयार भएको अवस्थामा १० दिनमा पिपिए सम्झौता गर्न सकिन्छ।'प्राधिकरणको विद्युत् व्यापार विभाग प्रमुख प्रबल अधिकारीले पनि बंगलादेशबाट थप जानकारी नआएको बताए। फलस्वरूप यो सिजनमा बंगलादेशमा विद्युत् निर्यात हुने सम्भावना न्यून रहेको उनको भनाइ छ। 'यो वर्ष विद्युत् निर्यात गर्न सकिने समय अब एक-दुई महिना मात्रै बाँकी छ। यो अवस्थामा हामी केवल आशा गर्न सक्छौं, तर गाह्रो छ,' उनले बताए।


बंगलादेशमा २३.२८ मेगावाटको त्रिशूली र १९.४० मेगावाटको तल्लो मोदी जलविद्युत् आयोजनाको विद्युत् बिक्री गरिँदै छ। उक्त आयोजनाको बिजुली आफ्नो प्रसारणलाइन हुँदै बंगलादेश लैजान भारतले स्वीकृति दिइसकेको छ। बंगलादेशमा पनि विद्युत् निर्यात गर्न निश्चित आयोजनालाई स्रोत देखाए भारतबाट पूर्वस्वीकृति लिनुपर्ने भारतीय सर्त छ। सोहीअनुसार भारतबाट स्वीकृति लिँदासमेत थप काम हुन नसकेको प्राधिकरणको भनाइ छ।

नेपाल र बंगलादेश एक-अर्कामा सीमा जोडिएका देश होइनन्। विद्युत् व्यापार गर्न दुई देशबीच डेडिकेटेड अन्तरदेशीय प्रसारणलाइन पनि छैन। त्यसैले तत्काललाई भारतीय प्रसारणलाइन हुँदै बंगलादेश विद्युत् पुऱ्याउने योजना छ। यसमा भारतले ह्विलिङ चार्जबापत केही रकम पाउनेछ। भारतमा प्रसारणलाइन प्रयोग गर्दा एक युनिट विद्युत्को ५० पैसा (भारु) ह्विलिङ चार्ज तिर्नुपर्छ। तर, यसमा कति तिर्ने भनेर अझै खुलाइएको छैन।

नेपालमा विद्युत्को स्रोत भनेको नै जलविद्युत् हो, जुन नदी प्रवाह (आरओआर)मा आधारित छ। हिउँदमा खोलामा पानी कम हुँदा विद्युत् उत्पादन पनि कम हुन्छ। त्यसअनुसार हिउँदमा नेपालमा विद्युत् उत्पादन कम हुन्छ, स्वदेशी माग धान्न भारतबाट नै विद्युत् आयात गरिँदै आइएको छ।

तर, बर्खामा खोलामा पानी बढी हुँदा पूर्ण क्षमतामै विद्युत् उत्पादन गर्न सकिन्छ। त्यसवेला स्वदेशी मागभन्दा पनि बढी बिजुली उत्पादन हुन्छ। यो समयमा नेपालले विद्युत् निर्यात नै गर्न सक्छ। सामान्यतया जेठ-असारदेखि कात्तिक-मंसिरसम्म विद्युत् निर्यात गर्न सकिन्छ। त्यसअनुसार बंगलादेशसँग तत्काल प्रक्रिया पूरा गर्न सके यो सिजनमा एकै महिना भए पनि विद्युत् निर्यात गर्न सकिन्छ। यो सिजनमा विद्युत् निर्यात गर्न नसके अर्को वर्ष पर्खिनुपर्छ।

नेपाल र बंगलादेशबीच ऊर्जामा सहकार्य गर्ने भनेर २०१८ मा सहमति भएको थियो। सोहीअनुसार ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिसमेत गठन भएर हरेक वर्ष बैठक बस्दै आएको छ। सोही समितिमार्फत नेपाल-बंगलादेशबीच विद्युत् व्यापारको अवधारणा अघि बढाइएको थियो। ०७९ भदौमा काठमाडौंमा सम्पन्न ऊर्जासचिवस्तरीय बैठकमा बंगलादेशले कात्तिक ०७९ भित्रै नेपालबाट ४० देखि ५० मेगावाट विद्युत् किन्ने बताएको थियो। तर, भारतसँग समयमै समन्वयन नहुँदा त्यो सफल हुन सकेको थिएन। गत फागुनमा सम्पन्न नेपाल-भारत ऊर्जा बैठकमा भारतले आफ्नो प्रसारण प्रणालीबाट नेपालको ५० मेगावाटसम्मको विद्युत् बंगलादेश लैजान दिने सहमति गरेको थियो। त्यसपछि नेपालले बंगलादेशमा विद्युत् बिक्री गर्न थप प्रक्रिया अघि बढाएको थियो। त्यसपछि गत जेठमा भएको नेपाल-बंगलादेश ऊर्जा बैठकमा यही बर्खामा विद्युत् व्यापार गर्ने योजना थियो। तर, त्यो पनि अधुरै हुने देखिएको छ।



■ बंगलादेशले किन किन्छ नेपाली बिजुली ?

अहिले बंगलादेशले कोइला तथा डिजेल पावर प्लान्टबाट विद्युत् उत्पादन गर्दै आएको छ। तर, डिजेल र कोइलाको मूल्य अत्यधिक मात्रामा बढ्दा बंगलादेशको विद्युत् उत्पादन पनि स्वतः महँगो भएको छ। त्यसमाथि डिजेल तथा कोइला पावर प्लान्टका कारण बंगलादेशको वातावरण प्रदूषण पनि बढ्दो छ। त्यो अवस्थामा बंगलादेशलाई वातावरणीय प्रदूषण कम गर्नुपर्ने दबाब छ। तर, बंगलादेशसँग डिजेल तथा कोइला पावर प्लान्ट बन्द गर्न अन्य विकल्प छैन। न त्यहाँ सोलार राख्ने जमिन छ, न त नेपालको जस्तो स्वच्छ जलविद्युत् उत्पादन गर्ने सम्भावना छ। त्यसकारण बंगलादेशले बिजुली आयात गर्नुपर्ने बाध्यता छ।

अहिले बंगलादेशमा विद्युत्को माग २५ हजार मेगावाट हाराहारी छ। बंगलादेशले सन् २०४० सम्म छिमेकी मुलुकबाट ९-१० हजार मेगावाट विद्युत् किन्ने भनिसकेको छ। त्यसमा अधिकांश विद्युत् नेपालबाट किन्ने हो। किनकि बंगलादेशले खोजेको स्वच्छ ऊर्जा हो, जुन नेपालमा पर्याप्त छ। उता भारतमा पनि अधिकांश विद्युत् कोइलाबाट उत्पादन गरिन्छ। त्यसमाथि भारतले पनि नेपालबाटै विद्युत् आयात गर्दै आएको छ। त्यो अवस्थामा बंगलादेश नेपाली बिजुलीका लागि ठूलो बजार हो। साथै, बंगलादेशलाई पनि नेपाली बिजुलीको अपरिहार्य छ। तर, पछिल्लो समय स्वयं बंगलादेशले नै यसलाई बेवास्ता गर्दै आएको छ।

दसैंका लागि आउन थाले खसी-बोका

११ स्थानमा पशुको स्वास्थ्य परीक्षण गरिने

भोजराज भण्डारी/नयाँ पत्रिका

नवरात्रि सुरु भएसँगै व्यापारीहरूले काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट खसी-बोका र च्यांग्रा बिक्री गर्न थालेका हुन्। व्यापारीले विजयादशमीको दिनसम्म करिब २८ हजार खसी-बोका र च्यांग्रा बिक्री गर्ने तयारी गरेको नेपाल चौपाया बजार तथा वधशाला व्यवस्थापका व्यवस्थापक जीवनराज खतिवडाले बताए। उनले भने, 'आइतबार तीन हजारको संख्यामा ल्याएर बिक्री गरेका छौं, बिस्तारै संख्या बढाउँदै लैजान्छौं।' च्यांग्रा करिब तीन हजारको संख्यामा मात्र ल्याइने उनको भनाइ छ।

यस वर्ष च्यांग्राको मूल्य प्रतिकिलो एक हजार तीन सय रुपैयाँदेखि एक हजार चार सय रुपैयाँसम्म पर्ने शर्माले बताए। अहिले जिउँदो खसीको मूल्य प्रतिकिलो मूल्य करिब ६ सय ५० रुपैयाँमा बिक्री भएको शर्माले बताए। उपत्यकामा बर्दिया, गुलरिया, सल्यान, सुर्खेत, दाङ, कटहरी, सुर्खेत, रुकुम, रोल्पा, ओखलढुंगा, नुवाकोट, रामेछाप, जनकपुर, सर्लाहीलगायतका जिल्लाबाट खसी-बोका आउँछन्।

■ खाद्यले सोमबारबाट बिक्री-वितरण गर्ने

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले खसी-बोका र च्यांग्रा सोमबारबाट बिक्री गर्ने भएको छ। कम्पनी प्रवक्ता शर्मिला सुवेदीका अनुसार आइतबार रातिसम्म आइपुग्छन् र सोमबारबाट बिक्री-वितरण गर्ने तयारी छ।

खाद्यले यस वर्ष दुई हजार खसी-बोका र एक हजार च्यांग्रा ल्याउने भएको छ। पहिलो चरणमा २५ सयको हाराहारीमा ल्याइने र त्यसपछि हरेक दिन बढाउँदै जाने विभागको तयारी छ। खसी-बोका र च्यांग्रा आइपुगेपछि बिक्री मूल्यबारे निर्णय गर्ने उनले बताइन्। उनले भनिन्, 'मूल्यबारे निर्णय गर्न बाँकी नै छ, भोलि आइपुगेपछि हामी निर्णय गरेर उपभोक्ताले किलोमा १० रुपैयाँ छुट पाउनेछन्।' पशुसेवा विभागका अनुसार गत वर्ष दसैंको घटस्थापनादेखि महानवमीको अवधिमा ५४ हजार जिउँदा पशु भित्रिएका थिए। जसमा खसी-बोका, च्यांग्रा गरेर २५ हजार र पाँच सय राँगा आपूर्ति भएका थिए।

■ ११ स्थानमा पशुको स्वास्थ्य परीक्षण गरिने

पशुसेवा विभागले यस वर्ष ११ स्थानमा पशुको स्वास्थ्य परीक्षण गर्ने भएको छ। उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राख्दै विभागले उपत्यकाआसपासका बजारमा पशु चिकित्सकसहितको टोली परिचालन गरिने विभागका प्रवक्ता चन्द्रप्रसाद ढकालले बताए। उनले भने, 'उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राख्दै रोगी, बिरामी पशुलाई क्वारेन्टिनमा राख्ने, खान योग्य-अयोग्यलगायत विषयको परीक्षण गर्नेछौं।'

विभागले पशु स्वास्थ्य परीक्षण, नाका अनुगमन गरी नौ दिनसम्म कडा परीक्षण गर्नेछ। कलंकी खसीबजार, बल्खु, कालीमाटी माछाबजार, सल्लाघारी च्यांग्रा बजार, बालाजु बाइपास नाका, लगनखेल, धापाखेल आकासे धारा, सुकेधारा र चन्द्रागिरि (थानकोट) दाउरा डिपो, दहचोक, मूलपानी चौर खसी बजारमा होल्डिङ तथा संकलन भएका पशुपक्षीको स्वास्थ्यकर्मी परिचालन गरी क्लिनिकल परीक्षण हुनेछ। विभागले स्वस्थ पशुलाई हरियो रङ र रोगी पशुलाई रातो रङले संकेत गर्ने व्यवस्था मिलाउने ढकालले बताए। ढकालले भने, 'हरियो रङ भएका पशु खान योग्य, रातो चिह्न प्रयोग गरेको खान नमिल्ने संकेत गरिनेछ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

तीनवटा चार्टर उडानमार्फत भियतनामी नेपाल आउँदै



नवीन अर्याल/नयाँ पत्रिका

नेपाली पर्यटनको इतिहासमै पहिलोपटक तीनवटा चार्टर उडानमार्फत ठूलो संख्यामा भियतनामी पर्यटक भ्रमणमा आउने भएका छन्। हिमालय एयरलाइन्सको एयरबस-३२० विमान चार्टर गरेर भियतनामी पर्यटक नेपाल आउन लागेका हुन्।

अहिलेसम्म २१ अक्टोबर, २५ अक्टोबर र २९ अक्टोबरमा हुने हिमालयको चार्टर जहाजमार्फत दुई सयभन्दा बढी भियतनामी आउने निश्चित भइसकेको भ्रमणको व्यवस्थापक कम्पनी रुप्से होलिडेजले जनाएको छ। सोही चार्टर उडानबाट करिब तीन सय नेपाली भियतनाम भ्रमणमा जाने निश्चित भएको कम्पनीका प्रबन्ध निर्देशक रमेश पराजुलीले बताए।

रुप्से होलिडेजले एक लाख २० हजार रुपैयाँमा चार रात पाँच दिनको भियतनाम भ्रमण प्याकेज ल्याएको छ। यस्तै, नेपाल भ्रमणमा आउने भियतनामीहरूका लागि चार रात पाँच दिनको प्याकेज सात सय ९९ अमेरिकी डलर र आठ रात नौ दिनको प्याकेज नौ सय ९९ अमेरिकी डलरमा बिक्री गरेको उनले जानकारी दिए।

भियतनामबाट काठमाडौं, पोखरा, लुम्बिनीलगायतका पर्यटकीय स्थान भ्रमण गर्ने गरी उच्चवर्गीय पर्यटक आउन लागेको रुप्सेले जनाएको छ। नेपाली ट्राभल एजेन्सीको अगुवाइमा नेपाली पर्यटन इतिहासमै एकैपटक तीनवटा जहाज चार्टर गरेर पर्यटक आदान-प्रदान हुन लागेको सम्भवतः पहिलोपटक भएको कम्पनीको भनाइ छ।

करिब १५ प्रतिशत बुद्ध धर्मावलम्बीहरू रहेको भियतनामबाट पछिल्ला दिनहरूमा नेपाल भ्रमण गर्ने पर्यटकको संख्या बढिरहेको समयमा यात्रालाई सहजता तुल्याउन चार्टर उडान अद्वितीय भएको पर्यटन व्यवसायीको भनाइ छ। भियतनामबाट काठमाडौं ओर्लिएका पर्यटकले काठमाडौं उपत्यकाका अलावा बुद्धको जन्मस्थान लुम्बिनी र पोखरा भ्रमण गर्ने बताइएको छ। केही पर्यटक नेपालका विभिन्न बौद्ध, चैत्य तथा गुम्बामा ध्यान तथा योगाभ्यासका लागि थप समय बस्ने रुप्सेले जनाएको छ।

नेपाल-भियतनाम चार्टर उडान भइरहँदा ठूलो संख्यामा नेपाली पर्यटक भियतनाम जाने भएका छन्। उडानका क्रममा एकतर्फी रूपमा खाली रहने सिट बिक्री गरेर पर्यटकका लागि चार्टर उडान आर्थिक रूपमा किफायती बनाउन खोजेको रुप्से होलिडेजले जनाएको छ। नेपालीलाई भियतनामको हनोईमा बसाइ, विभिन्न आकर्षक गन्तव्यहरूको घुमाइ, एकदिने क्रुजलगायत सेवा-सुविधा उपलब्ध गराउने बताइएको छ।

'तीनवटै उडानबाट नेपालीहरू भियतनाम भ्रमणमा जानेछन्, भियतनामी नेपाल भ्रमणमा आउनेछन्,' रुप्से होलिडेजका पराजुलीले भने, 'सीधा उडान, उत्कृष्ट आतिथ्यता र आकर्षक गन्तव्य भ्रमणको अवसरमा दुवै देशका नागरिकले अझै सदुपयोग गर्न सक्नुहुनेछ।'

यसअघि १ वैशाख ०८० मा चीनबाट चार्टर उडानमार्फत एक सय ८० चिनियाँ पर्यटक नेपाल भ्रमणमा आएका थिए। कोभिडपछि पहिलोपटक ठूलो संख्यामा भित्रिएका चिनियाँ पर्यटकलाई पर्यटनमन्त्री सुदन किराँतीको उपस्थितिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा खादा-मालासहित पञ्चेबाजा बजाएर स्वागत गरिएको थियो। भदौ पहिलो साता बंगलादेशबाट जहाज चार्टर गरी करिब सात सयजना बंगलादेशी पर्यटक नेपाल भ्रमणमा आएका थिए। उनीहरूलाई पनि पञ्चेबजा बजाएर त्रिभुवन विमानस्थलमा स्वागत गरिएको थियो।

अर्थतन्त्र लयमा फर्काउन सरकारले रुचि देखाएन : पौडेल

बुटवल/ नेकपा एमालेका उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थतन्त्र चिन्ताजनक अवस्थामा पुग्दा पनि लयमा फर्काउन सरकारले रुचि नदेखाएको बताएका छन्। बुटवलमा आइतबार प्रेस चौतारी रुपन्देहीको शुभकामना आदान-प्रदान कार्यक्रममा बोल्दै उपाध्यक्ष पौडेलले आर्थिक बेथितिको संरक्षणमा सरकारले काम गरेको आरोप लगाए। मुलुकलाई तस्करीको केन्द्रका रूपमा बदनाम गर्ने काम पनि सरकारबाट भएको भन्दै उनले अर्थतन्त्र चिन्ताजनक अवस्थामा पुगे पनि सरकार गम्भीर नभएको बताए।

सरकारले निर्माण सम्पन्न गरेका आयोजनाहरूको भुक्तानी गर्न नसकेका करका दरहरू परिवर्तन गरे पनि राजस्वमा सुधार हुन नसकेको उल्लेख गर्दै पूर्वमन्त्री पौडेलले अहिले सरकारमा रहेकाहरू अर्थतन्त्र सुधारमा भन्दा सरकार टिकाउने केन्द्रित रहेको बताए। सरकारले अपराधीलाई प्रोत्साहन गरेर पीडितलाई तर्साउने काममा उद्यत देखिएको उनले आरोप लगाए। अपराधीलाई रिहा गरेर अधिकारको दुरुपयोग गर्ने काम भएको उनको टिप्पणी छ।

आजबाट नयाँ नोटको सटही



काठमाडौं/ नेपाल राष्ट्र बैंकले दसैंलाई लक्षित गर्दै सोमबारबाट नयाँ नोट सटही सुविधा दिने भएको छ। राष्ट्र बैंकले हरेक वर्ष चाडबाडमा नयाँ नोट सटहीको सुविधा दिँदै आएको छ। काठमाडौं उपत्यकाभित्र केन्द्रीय बैंकअन्तर्गतको मुद्रा व्यवस्थापन विभाग र विभिन्न वाणिज्य बैंकका शाखामार्फत नयाँ नोट सटही गर्न सकिनेछ। वाणिज्य बैंकहरूले नयाँ नोट सटही सुविधा दिन राष्ट्र बैंकबाट त्यस्ता नोट लिनुपर्ने छ। केन्द्रीय बैंकका अनुसार सर्वसाधारणले असोज २९, ३० तथा कात्तिक १, २ र ३ मा नयाँ नोट साट्न पाउनेछन्।

दसैं-तिहारमा मात्र १५ अर्बभन्दा बढीको नोट सटही हुने गरेको राष्ट्र बैंकको भनाइ छ। ठूला चाडबाडमा बैंकको ढुकुटीबाट ६० देखि ७० अर्ब रुपैयाँसम्म बाहिरिने गरेको छ। अघिल्ला वर्षहरूजस्तै यसपालि पनि एकजनाले बढीमा १८ हजार पाँच सय रुपैयाँसम्मको नयाँ नोट साट्न पाउने व्यवस्था केन्द्रीय बैंकले गरेको छ। काठमाडौं उपत्यकाबाहिरको हकमा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालय वा वाणिज्य बैंकका शाखा कार्यालयमा गई नोट साट्न सकिने राष्ट्र बैंकले जनाएको छ।

घट्यो पेट्रोलियमको मूल्य

नयाँ पत्रिका

अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियमको मूल्य घटेको लाभ लिने गरी नेपाल आयल निगमले नेपाली बजारमा उपभोक्ता मूल्य समायोजन गरेको छ। अन्तर्राष्ट्रिय बजारमा घटेको दरअनुसार इन्डियन आयल कर्पोरेसन (आइओसी)ले आइतबार दिउँसो मूल्य पठाएपछि निगमले आइतबार रातिबाट लागू हुने गरी पेट्रोलमा ११ रुपैयाँ र डिजेल तथा मट्टीतेलमा समान पाँच-पाँच रुपैयाँ प्रतिलिटर मूल्य घटाएको हो।

सोमबारबाट काठमाडौंमा पेट्रोल एक सय ७२ रुपैयाँ र डिजेल तथा मट्टीतेल एक सय ६८ रुपैयाँ प्रतिलिटर कायम भएको छ। त्यस्तै, तराईमा प्रतिलिटर २.५० रुपैयाँ सस्तो हुने गरी पेट्रोल एक सय ६९ रुपैयाँ ५० पैसा र डिजेल र मट्टीतेल समान एक सय ६५ रुपैयाँ ५० पैसा कायम गरिएको छ भने छोटो दुवानी दूरी भएका कारण सुर्खेत र दाङका उपभोक्ताले काठमाडौंमा भन्दा प्रतिलिटर एक रुपैयाँ सस्तो हुने पेट्रोल एक सय ७१ रुपैयाँ र डिजेल तथा मट्टीतेल एक सय ६७ रुपैयाँ कायम गरिएको छ।

आयल निगमका प्रवक्ता मनोज ठाकुरले आइतबार आइओसीबाट प्रतिलिटर पेट्रोल ११.१८ रुपैयाँ डिजेल ५.०३ रुपैयाँ घटेर आएकाले नेपाली बजारमा सोहीअनुसार समायोजन गरिएको जानकारी दिए। 'चाडपर्वको समयमा आमउपभोक्ताको हितलाई मध्यनजर गर्दै स्वचालित मूल्य प्रणालीसम्बन्धी कार्यविधिलाई यथावत् राखी मूल्य समायोजन गरिएको छ,' उनले भने।

कार्यविधिमा मूल्य समायोजन गर्दा खरिद लागतमा प्रतिलिटर पेट्रोलमा २.५ प्रतिशत र डिजेलमा २ प्रतिशत नाफा जोडेर बिक्री मूल्य निर्धारण गर्ने व्यवस्था गरिएको छ। यसपटक मूल्य समायोजन गर्दा नाफा नराखिएको प्रवक्ता ठाकुरले जानकारी दिए। निगमले यसपटक नाफा नराखे पनि विगतमा भने स्वचालित कार्यविधि देखाएर ठूलो नाफा राख्दै आएको थियो। जसकारण चालू आवको तीन महिना (साउन, भदौ र असोज) मा मात्रै निगमले करिब पौने दुई अर्ब नाफा आर्जन गरिसकेको छ।

यसअघि १३ असोजमा समेत निगमले ठूलो दरले मूल्यवृद्धिको निर्णय गरेको थियो। तर, त्यतिबेला चर्को विरोध भएपछि प्रधानमन्त्री प्रचण्डले हस्तक्षेप गरी मूल्यवृद्धि फिर्ता गराएका थिए।

■ चालू आव ०८०/८१ को मूल्य समायोजन

मिति	पेट्रोल	डिजेल	मट्टीतेल	आन्तरिक हवाई इन्धन	बाह्य हवाई इन्धन	ग्यास
३१ असार	१६४	१४६	१४६	१३६	१.०३५	१,७९०
१६ साउन	१७३	१५३	१५३	-	-	१,६६०
३० साउन	१७८	१६७	१६७	-	-	-
१५ भदौ	१८२	१७०	१७०	-	-	१,८९५
२९ भदौ	१८३	१७३	१७३	-	-	-
१३ असोज	१८५	१७९	१७९	१४४	१.०९५	२,११०
१४ असोज	१८३	१७३	१७३	१३६	१.०३५	१,८९५
२८ असोज	१७२	१६८	१६८	-	-	-

स्रोत : आयल निगम (मूल्य : रुपैयाँ/लिटर, बाह्य हवाई इन्धन भने डलरमा)

चाडपर्वका मुखमा निगमलाई नाफा नराखी उपभोक्तालाई राहत दिएका छौं

● **मनोज ठाकुर**
प्रवक्ता, आयल निगम लिमिटेड



३१ असारदेखि 'पेट्रोलियम पदार्थ तथा ग्यासको स्वचालित मूल्य प्रणाली कार्यविधि, ०८०' अनुसार मूल्य समायोजन हुने गरेको विदितै छ। तर, यसपटक सो कार्यविधिले निर्दिष्ट गरेको पेट्रोल र डिजेलको नाफा नराखी उपभोक्ता मूल्य निर्धारण गरेका छौं। चाडपर्वका वेला आमसर्वसाधारणको हितलाई ध्यानमा राखेर जति मूल्य घटेर आएको छ, त्यति नै घटाएर बिक्री गरेका छौं।

विगतमा भएको घाटापूर्ति तथा ऋण भुक्तानीका लागि केही दायित्व बाँकी नै भएको अवस्थामा पनि हामीले नाफालाई महत्त्व नदिई उपभोक्ताहितलाई उच्च प्राथमिकता दिएर यसपटक मूल्य समायोजन गरेका छौं। तसर्थ, घटेको पेट्रोलियम पदार्थको मूल्यबाट अन्य क्षेत्रमा भएका खर्चका शीर्षकमा समेत कमी आई आमउपभोक्ताले लाभ लिनुहुनेछ भन्ने विश्वाससमेत राखेका छौं।

बिवाइडीले सञ्चालनमा ल्यायो सिटी स्टोर

नयाँ पत्रिका



बिवाइडी अटो प्रालिको नेपालका लागि आधिकारिक वितरक साइमेक्स ई प्रालिले काठमाडौंमा बिवाइडी सिटी स्टोर सञ्चालनमा ल्याएको हो। कम्पनीले विद्युतीय सवारीसाधनमा विश्वव्यापी नेतृत्व गर्ने अभियानअन्तर्गत काठमाडौंको सोल्टी मोडमा स्टोर सञ्चालनमा ल्याएको हो।

बिवाइडीका विद्युतीय सवारीसाधनलाई धेरैभन्दा धेरै ग्राहकमाझ पुऱ्याउने लक्ष्यसहित नयाँ बिक्री केन्द्र सञ्चालनमा ल्याएको कम्पनीको भनाइ छ।

बिक्री उद्घाटन कार्यक्रममा साइमेक्स कम्पनिकी प्रबन्ध निर्देशक यमुना श्रेष्ठले यस क्षेत्रमा अग्र र उच्च गुणस्तरका विद्युतीय सवारीसाधनको प्रदर्शनी र प्रवर्द्धनमा सोरुमले उल्लेखनीय भूमिका खेल्ने बताइन्।

विद्युतीय सवारीसाधनका सम्भावित ग्राहकको सेवा र सुविधाका लागि यो सोरुम अत्याधुनिक सुविधा, चार्जिङ स्टेसन, आकर्षक डिस्प्ले र तालिमप्राप्त र ग्राहकका सेवामा समर्पित कर्मचारीहरूबाट सुसज्जित रहेको कम्पनीले जनाएको छ।

साइमेक्सले हाल अट्टो थ्री, डल्फिन वा अल न्यु बिवाइडी इ-सिक्समध्ये कुनै पनि बिवाइडीका सवारीसाधन खरिद गर्ने योजनामा रहेका ग्राहकका लागि सरल, एक्सचेन्ज सुविधाका साथमा फाइनान्सका विकल्पहरूको प्रस्ताव लिएर आएको जनाइएको छ।

हाल बिवाइडीको नेपालमा मात्रै १२ वटा बिक्री केन्द्र रहेको र छिट्टै अन्य स्थानमा पनि विस्तारको योजना रहेको कम्पनीले जनाएको छ।

हुन्डाई कोना विद्युतीय गाडीको चार वर्षमा पनि ९५ प्रतिशत 'ब्याट्री हेल्थ'

नयाँ पत्रिका



हुन्डाई कोना विद्युतीय गाडीमा चार वर्षको प्रयोगपछि पनि ब्याट्री हेल्थ ९५ प्रतिशत रहेको पाइएको छ। कम्पनीले अघिल्लो वर्षको डिसेम्बर १२ देखि १६ मा 'बी नेगेटिभ द चेन्ज' अभियानअन्तर्गत र अक्टोबर ६ देखि ८ सम्म सञ्चालन गरिएको 'हुन्डाई फेस्टिभ कार्निभल'मा यो निष्कर्ष निस्किएको हो।

कम्पनीले आयोजना गरेका दुवै अभियानमा हाई भोल्टेज ब्याट्री चेक-अप क्याम्पमा दुई सयभन्दा बढी सवारीधनीको इभी एमए परीक्षण गर्दा चार वर्षसम्म चलाइएको कोनाका ब्याट्रीको शक्ति ९५ प्रतिशतभन्दा बढी पाइएको जनाइएको छ। नेपालको प्रतिस्पर्धी विद्युतीय गाडीहरूको बजारमा हुन्डाई कोनाले पृथक् पहिचानसहित दरिलो उपस्थिति जनाउँदै आएको कम्पनीको दाबी छ। सन् २०१९ देखि नेपाली बजारमा बिक्री सुरु भएको हुन्डाई कोना हालसम्म एक हजारभन्दा बढी बिक्री भएको जनाइएको छ। २०१९ मा भारतबाट सुरु गरिएको 'इमिसन इम्पोसिबल' नामक मिसनअन्तर्गत कोना इलेक्ट्रिकले विश्वको सबैभन्दा अप्ठ्यारो भू-भाग हुँदै सात सय किलोमिटरको यात्रामा १७ हजार फिटको उचाइ र माइनस १२ डिग्रीको तापक्रम पार गर्दै सगरमाथाको आधारशिविरसम्म पुगेर गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम दर्ता गराउन सफल भएको नेपालका लागि हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले जनाएको छ।

यस अभियानमा कोना इलेक्ट्रिकले न्यून तापक्रम, निरन्तर हिमपात र बरफिलो परिस्थितिमा समेत उच्च प्रदर्शन गरेको कम्पनीको भनाइ छ। आकर्षक बनोट, उत्कृष्ट पर्फमेन्स, भरपर्दो रेन्ज दिने ब्याट्री र रिसेल भ्यालुले गर्दा कोना नेपालकै अग्रणी विद्युतीय गाडीका रूपमा स्थापित भएको कम्पनीको जिकिर छ।

एनआइसी एसिया बैंकको लाभांश पारित

काठमाडौं/ एनआइसी एसिया बैंक लिमिटेडले सेयरधनीलाई वितरण गरेको लाभांश पारित भएको छ। बैंकको २६औँ वार्षिक साधारणसभाले लाभांश वितरण पारित गरेको हो।

साधारणसभाले गत आव ०७९/८० को मुनाफा तथा सञ्चित मुनाफाबाट बैंकको चुक्ता पुँजीको २९ प्रतिशत बोनस सेयर र एक दशमलव ५२ प्रतिशत नगद लाभांश वितरण प्रस्ताव पारित गरेको हो। बोनस सेयर तीन अर्ब ३५ करोड ३५ लाख रुपैयाँ र कर प्रयोजनका लागि १७ करोड ६५ लाख रुपैयाँ नगद लाभांश वितरण गर्न लागिएको बैंकले जनाएको छ। समग्रमा ३० दशमलव ५२ प्रतिशत लाभांश वितरण हुने बैंकको भनाइ छ। २९ प्रतिशत बोनस सेयर पारित गरेपश्चात् बैंकको कुल चुक्ता पुँजी १४ अर्ब ९१ करोड ७५ लाख रुपैयाँ पुग्ने जनाइएको छ।

साधारणसभाले आव ०७९/८० को सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदनसहित २०८० असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायतका वार्षिक विवरणउपर छलफल गरी स्वीकृत गर्नुका साथै बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रस्तावसमेत पारित गरेको जनाइएको छ।

बैंकले हाल देशभरमा तीन सय ६० शाखा, ६ सय ३१ एटिएम, एक सय १० विस्तारित काउन्टर तथा ६१ वटा शाखारहित शाखा सञ्जालमार्फत सेवा दिइरहेको जनाएको छ। बैंकले स्थापनाकालदेखि हालसम्म प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल २३ अर्ब ५८ करोड रुपैयाँभन्दा बढी राजस्व सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा तीन अर्ब ६६ करोड रुपैयाँभन्दा बढी राजस्व नेपाल सरकारलाई बुझाएको जनाएको छ।



चंगाको व्यापार

कुनै समय दसैं-तिहारमा युवा र बालबालिकाको मुख्य मनोरञ्जको साधन मानिने चंगा उडाउने प्रचलन र व्यापार समयसँगै बिस्तारै घट्दै गएको छ। पसलभरि लट्टाई धागो र चंगा राखेर ग्राहकको प्रतीक्षामा कालीमाटीका एक व्यापारी।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

सूर्य नेपालले ल्यायो चोको फिल्स कुकिज

काठमाडौं/ सूर्य नेपाल प्रालिले सनफिस्ट डार्क फेन्टासी चोको फिल्सको नेपालमै उत्पादन तथा बिक्री सुरु गरेको छ। कम्पनीले बिस्कुट उत्पादन क्षेत्रमा पनि आफूलाई विस्तार गर्दै चकलेटले भरिपूर्ण उच्चस्तरीय कुकिज उत्पादन तथा बिक्री सुरु गरेको हो।

नेपाली खाद्य उद्योगको क्षेत्रमा एक उल्लेखनीय कार्य भएको कम्पनीको दाबी छ। कम्पनीले सधैं देशको प्रतिष्ठालाई समेत ध्यानमा राख्दै अन्तर्राष्ट्रियस्तरका गुणस्तरीय उत्पादनहरू बजारमा ल्याइरहेको जनाएको छ। यसक्रममा उच्चकोटीका सामग्रीको सम्मिश्रणमार्फत तयार गरिने डार्क फेन्टासी चोको फिल्स चकलेटको मिठास र बटरको क्रिस्पसहितको स्वादले कुकिज पारखीहरूको मन जित्ने कम्पनीले विश्वास व्यक्त गरेको छ।

कम्पनीले सनफिस्ट डार्क फ्यान्टासीको ब्रान्ड एम्बासडरका रूपमा कलाकार शिल्पा मास्केलाई अनुबन्ध गरेको जनाएको छ। सनफिस्ट डार्क फेन्टासी नेपालभरिका खुद्रा पसल तथा डिपार्टमेन्ट स्टोरहरूमा उपलब्ध रहेको कम्पनीको भनाइ छ।



हाल बजारमा दुई प्रकारका प्याक उपलब्ध रहेको कम्पनीले जनाएको छ। जसमा एउटा ७५ ग्रामको प्याकेटभित्र ६ वटा भिन्दाभिन्दै पाउच हुने र यसको मूल्य ९० रुपैयाँ रहेको जनाइएको छ। यसैगरी, ३०० ग्रामको प्याकेटभित्र २४ वटा छुट्टाछुट्टै पाउच हुने र यसको मूल्य तीन सय ५० रुपैयाँ रहेको उल्लेख छ।

धितोपत्र ब्रोकर एसोसिएसनका अध्यक्ष ढकाल सम्मानित



काठमाडौं/ धितोपत्र ब्रोकर एसोसिएसन तथा हिमालयन ब्रोकरेज कम्पनी लिमिटेका अध्यक्ष सागर ढकाल योङ इन्टरप्रेनर्स अवार्डबाट सम्मानित भएका छन्।
युवा उद्यमशीलतामार्फत कृषि, व्यापार र समाज सेवामा योगदान पुऱ्याएबापत ढकाललाई 'एसियन प्रोफेसनल अचिभमेन्ट अवार्ड'अन्तर्गतको 'योङ इन्टरप्रेनर्स अवार्ड' प्रदान गरिएको हो।

सिजन मिडियाको आयोजनामा गरिएको कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले विशेष सम्मानसहित उक्त अवार्ड प्रदान गरेका हुन्। युवा उद्यमी ढकाल, व्यावसायिक तथा सामाजिक क्षेत्रमा सक्रिय रहेका छन्। उनको पर्यटन, कृषि, वित्त, सूचना प्रविधि, हस्पिटालिटी, कानुनी परामर्श सेवा, लगानी सहजीकरण र व्यापार व्यवसायलगायतका थुप्रै क्षेत्रमा संलग्नता रहेको छ।

ढकालले पछिल्लो समय धितोपत्र ब्रोकर व्यवसायलाई मुख्य व्यवसाय बनाएर अघि बढेका छन्। उनकै पहलमा १६ वर्षपछि पहिलोपटक नयाँ ब्रोकर कम्पनीले लाइसेन्स पाउन सफल भएका थिए भने यस क्षेत्रमा रहँदै आएको सिन्डिकेटसमेत तोडिन पुगेको थियो। उनी नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गतको पुँजी बजार फोरमका केन्द्रीय सदस्यसमेत हुन्।

ढकालले व्यवस्थापनमा त्रिभुवन विश्वविद्यालयबाट स्नात्तकोत्तर उत्तीर्ण गरेका छन् भने त्रिभुवन विश्वविद्यालयबाटै कानुनशास्त्रमा स्नातक गरेका छन्। कानुन व्यवसायीसमेत रहेका ढकाल पाटन उच्च बारका कार्यसमिति सदस्य हुन्। हाल उनी त्रिभुवन विश्वविद्यालयबाट भाषा विज्ञानमा विद्यावारिधि गरिरहेका छन्।

सेन्ट्रल फाइनान्सले गऱ्यो शैक्षिक सामग्री वितरण



काठमाडौं/ सेन्ट्रल फाइनान्स लिमिटेडले विद्यार्थीलाई युनिफर्म तथा शैक्षिक सामग्री वितरण गरेको छ। फाइनान्सको चाबहिल शाखाले काठमाडौं महानगरपालिका, वडा नं ६, रामहिटीमा रहेको श्री बालकुमारी माध्यमिक विद्यालयका विद्यार्थीलाई युनिफर्म तथा शैक्षिक सामग्री वितरण गरेको हो।

चाबहिल शाखा प्रमुख सरिता श्रेष्ठले युनिफर्म तथा शैक्षिक सामग्रीहरू विद्यालयका प्रधानाध्यापक इन्द्रबहादुर राईलाई हस्तान्तरण गरेको जनाइएको छ। हस्तान्तरणपश्चात् शाखा प्रमुख श्रेष्ठ र प्रधानाध्यापक राईले संयुक्त रूपमा विद्यार्थीलाई सहयोग सामग्री वितरण गरेको फाइनान्सले जनाएको छ।

विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई सहयोग गर्ने उद्देश्यले संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ११ जना विद्यार्थीलाई युनिफर्म तथा सातजना विद्यार्थीलाई ट्र्याक सुट र शैक्षिक सामग्री वितरण गरिएको शाखा प्रमुख श्रेष्ठले बताइन्। विद्यालयका प्रधानाध्यापक राईले संस्थाको कार्य स्वागतयोग्य तथा सराहनीय रहेको विचार व्यक्त गरेको फाइनान्सले जनाएको छ। फाइनान्सले हाल कुपन्डोलमा रहेको केन्द्रीय कार्यालयसहित १९ शाखा र भक्तपुरको सल्लाघारीमा एक एक्सटेन्सन काउन्टरमार्फत सेवा दिइरहेको जनाएको छ।

सुदूरपश्चिमका किसानले राहत पाउने

सुर्खेतमा **रमेश रावल**

कर्णाली प्रदेश सरकारले चालू अव ०८०/८१ को भदौ र असोज महिनामा प्राकृतिक विपत्बाट क्षति व्यहोरेका कृषकलाई राहत प्रदान गर्ने भएको छ। प्रदेश सरकारले ६ करोड रुपैयाँ राहत प्रदान गर्ने भएको हो।

मुख्यमन्त्री राजकुमार शर्माको अध्यक्षतामा बुधबार बसेको कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले भदौ र असोज महिनामा अविरल वर्षा तथा हावाहुरीबाट क्षति व्यहोरेका कर्णाली प्रदेशका कृषकलाई राहत दिने घोषणा गरेको हो। ६ करोड रुपैयाँ बजेट स्वीकृत गरेको प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले बताए। 'बालीनाली तथा पशुपक्षीमा क्षति भोगेका कृषकलाई सरकारले राहत प्रदान गर्नेछ,' उनले भने, 'त्यसका लागि कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सरकारी मन्त्रालयमा बजेट पठाउने निर्णय भएको छ।'

२५ करोडको क्षति

कर्णाली प्रदेशमा भदौ र असोजमा परेको अविरल वर्षा तथा हावाहुरीलगायत प्राकृतिक विपत्बाट १० जिल्लामा २५ करोड रुपैयाँको बालीनाली तथा पशुपक्षीमा क्षति पुगेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. नरहरिप्रसाद घिमिरेले बताए। 'कर्णालीका दशवटै जिल्लामा रहेका कृषि विकास कार्यालय र पशु अस्पताल तथा पशुपक्षी कार्यालयले पठाएको रिपोर्टअनुसार २५ करोड रुपैयाँबराबरको क्षति भएको छ,' उनले भने, 'यो सहयोग क्षतिअनुसारको रकम नभएर केही भरिपूरण मात्रै हो।'

कर्णालीमा भदौ र असोजमा आएको बाढीपहिरोलगायतका कारणले बालीमा क्षति पुगेको सचिव घिमिरेले बताए। 'यो वर्ष पशुचौपायामा लम्पी स्किन रोगले ठूलो क्षति गरेको छ।' राहतबापतको रकम स्थानीय जिल्लामा रहेका मातहतका कार्यालयमार्फत स्थानीय तहहरूले संकलन गरेको क्षतिको विवरणका आधारमा स्थानीय तहमार्फत कृषकलाई प्रदान गरिने मन्त्रालयले जनाएको छ।

भैरहवामा दसैं सस्तो बजार सुरु



भैरहवामा **दिपेश पछाई**

सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजनामा आइतबारदेखि भैरहवामा दसैं सस्तो बजार सुरु भएको छ। उद्योग वाणिज्य संघकै परिसरमा सुरु भएको सस्तो बजारमा मुस्ताडको आलु, स्याउ, मार्फादेखि दैनिक उपभोग्यका सामानहरू उपलब्ध रहेको छ।

विभिन्न २५ वटा स्टलहरू रहेको दसैं सस्तो बजारको आइतबार एक कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका गृहमन्त्री सन्तोशकुमार पाण्डेयले उद्घाटन गरे। करिब १५ हजारको संख्यामा उपभोक्ता तथा अवलोकनकर्ताको आवागमन हुने र ५० देखि ६० लाख रुपैयाँबराबरको कारोबार हुने अनुमान गरिएको संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले बताए।

सस्तो बजारले स्वदेशी तथा गुणस्तरीय वस्तु एवं सेवाहरूको उपभोगप्रति उपभोक्तालाई सचेतना गराउने तथा आउँदै गरेको नेपालीको महान् चाडपर्वमा आमउपभोक्तालाई स्वदेशी बजारमा खरिद गर्ने बानी विकास गराउने उद्देश्य रहेको अध्यक्ष श्रेष्ठले बताए। विभिन्न उद्योगी-व्यवसायीसँगको सहकार्यमा उपभोक्तालाई सुलभ रूपमा एकै थलोबाट सहज तरिकाले दैनिक उपभोग्य वस्तुहरू बिक्री-वितरण गर्ने, स्थानीय खाद्यपदार्थको प्रवर्द्धन तथा उचित मूल्यबारे जानकारी गराउने उद्देश्यले यसपटकको दसैं बजार सञ्चालन गर्न लागिएको सिद्धार्थ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष नेत्र आचार्यले बताए।

कात्तिक ३ गतेसम्म ६ दिन चल्ने यो सस्तो बजारले केही हदसम्म भए पनि भैरहवा बजार चलायमान हुने, स्वदेशी उद्योग-व्यवसायको उत्पादनको प्रचार-प्रसार हुने र आमउपभोक्ताले सर्वसुलभ रूपमा उपभोग्य वस्तुहरू खरिद गर्ने अवसर प्राप्त गर्ने उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य राजेश अग्रवालले बताए।

रोशीमा चार सय दुई धारा बनाइने

काभ्रेपलाञ्चोकमा **इन्द्रबहादुर थापा**

रोशी गाउँपालिकामा एक घर एक धारा अभियानअन्तर्गत चार सय दुई धारा बनाउने सम्झौता भएको छ। गाउँका तीन सय ९८ घरधुरी, तीन विद्यालय र एक स्वास्थ्य संस्थामा धारा निर्माणका लागि ६ वटा खानेपानी आयोजनाबारे सम्झौता भएको हो।

रोशी गाउँपालिका र नेपाल स्वास्थ्यका लागि पानी (नेवा)बीच खानेपानी तथा सरसफाइ आयोजनासम्बन्धी द्विपक्षीय सम्झौता भएको छ। सम्झौतामा गाउँपालिका अध्यक्ष दिनेश लामा र नेवाका बागमती प्रदेश प्रमुख मैत्रेयी शर्माले सम्झौतामा हस्ताक्षर गरेका हुन्। वडा नम्बर १२ मा दुईवटा, वडा नम्बर १० मा दुईवटा र वडा नम्बर १ मा दुईवटा गरी ६ वटा खानेपानी आयोजना सम्झौता भएका छन्।

सो आयोजनाबाट दुई हजार नौ सय ६२ जना लाभान्वित हुनेछन्। तीनवटा वडामा चार सय दुईवटा धारा निर्माण हुनेछन्। ६ वटा आयोजना सम्पन्न गर्न तीन करोड १० लाख २९ हजार आठ सय ६१ रुपैयाँ लाग्ने अनुमान गरिएको छ। रोशी गाउँपालिका वडा नम्बर १ मा नकाउबैंसी ताङलिङ खानेपानी आयोजनाले ८३ घरधुरी र एक विद्यालय गरी ८४ वटा धारा, सोही वडाको चुलिनटार खहरे खानेपानी आयोजनाले एक सय ४६ घरधुरी र एक स्वास्थ्य चौकी गरी एक सय ४७ वटा धारा, वडा नम्बर १० स्थित गौरीगाउँ खानेपानी आयोजनामा २८ घरधुरीका लागि २८ वटा धारा, सोही वडाको डाँडाखर्क माथिल्लो पोखरी ४० घरधुरीका लागि ४० वटा धारा, वडा नम्बर १२ स्थित माथिल्लो केराबारी खानेपानी आयोजनाले ४९ घरधुरीका लागि ४९ वटा धारा र सोही वडाबीच केराबारी खानेपानी आयोजनाले ५२ घरधुरी र एक विद्यालयमा गरी ५३ वटा धारा निर्माण हुने भएका छन्।



गाउँपालिका अध्यक्ष लामाले निर्वाचनमा बोलेका कुरा पूरा गर्ने क्रममा एक घर एक धारा अभियानअन्तर्गत धारा निर्माणका लागि सम्झौता भएको बताए। जनताको समस्यालाई आफ्नै समस्याका रूपमा लिएर काम गरिरहेको लामाको दाबी छ। जनताको नजिकको सरकार स्थानीय सरकार भएकाले जनताको गुनासो नआउने गरी काम गर्ने उनले प्रतिबद्धता व्यक्त गरे। सम्झौता कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मीमबहादुर वाइबा, प्रमुख प्रशासकीय अधिकृत रामबहादुर तामाङ, गाउँपालिका प्रवक्ता वसन्तकुमार लामालगायत नेवाका प्रतिनिधि रहेका थिए।

साढे नौ वर्ष कैद सजाय तोकिएका पूर्वमन्त्री न्यौपाने क्यानडामा

नयाँ पत्रिका

विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा साढे नौ वर्ष कैद सजाय पाएका पूर्वमन्त्री बद्रीप्रसाद न्यौपाने विदेश पुगेका छन् । कैद वा सर्वोच्च अदालतमा पुनरावेदन जानुपर्ने उनी असोज पहिलो साता क्यानडा उडेका हुन् ।

भृकुटीमण्डपको जग्गा भाडामा दिँदा अनियमितता गरेको भन्दै र तत्कालीन महिला, बालबालिका तथा समाज कल्याणमन्त्री न्यौपानेलाई विशेष अदालतले गत १६ फागुनमा दोषी ठहर गरेको थियो । सजाय भने २५ फागुनमा सुनाएको थियो । उनीसमेत नौजनामाथि कसुर कायम हुने फैसला भएको थियो ।

एक सरकारी वकिलका अनुसार यति लामो कैद र जरिवाना तथा बिगो असुल गर्ने फैसला भइसकेपछि त्यसको कार्यान्वयन वा पुनरावेदन नभई देशबाहिर जानुलाई उपयुक्त भन्न मिल्दैन । 'भ्रष्टाचार मुद्दामा विचाराधीन भए एउटा कुरो, तर फैसला भएको मान्छेलाई राज्यले हेर्नुपर्ने त होला नि ! पासपोर्ट रोक्का नभएसम्म त जहाँ पनि जान पाइन्छ । तर, सजाय भएको मान्छे हिँडिरहँदा अदालतले पनि सोच्नुपर्ने हो । कि अदालतबाट भएको फैसला कार्यान्वयन हुनुपऱ्यो, कि त पुनरावेदन गर्नुपऱ्यो,' ती सरकारी वकिलले भने ।

विशेष अदालतका एक अधिकारीले पूर्वमन्त्री न्यौपानेले पुनरावेदनका लागि म्याद बुझ्के-नबुझ्केको विषयमा आफूलाई जानकारी नभएको बताए । 'हामीले फैसला तयार भएपछि म्याद पठाउँछौं । यसरी बाहिर जान त नपर्ने हो । कि त अदालतसँग अनुमति लिनुपऱ्यो । किनकि एक तहको अदालतबाट त दोषी ठहर हुनुभएकै हो नि,' विशेष अदालतका एक अधिकारी भन्छन् ।

विशेष अदालत ऐन, २०५९ मा विशेषलाई अभियुक्तको सम्पत्ति वा राहदानी रोक्का गर्ने अधिकार छ । तर सामान्यतया त्यस्तो गरिन्न । किनकी पुनरावेदनको फैसला आउन लामो समय लाग्ने भएका कारण हतपत फैसलालगत्तै पक्राउ गरिँदैन ।

ऐनको दफा ८ अनुसार अभियुक्तउपर लागेको अभियोगको गाम्भीर्य, अभियुक्तको स्थिति, कसूरको मात्रा तथा प्रकृतिका आधारमा मात्र न्यायाधीशले सम्पत्ति वा राहदानी रोक्काको निर्णय लिन्छन् । ऐनअनुसार विशेषले गरेको आदेश वा फैसला कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । ऐनको दफा १८ मा कुनै निकायले कार्यान्वयन गर्ने भनी लेखिदिएकोमा सम्बन्धित निकायले र नलेखिएको भए सम्बन्धित जिल्ला अदालतले कार्यान्वयन गर्नुपर्ने प्रावधान छ ।

'सजाय ठहर भएको भोलिपल्टै कार्यान्वयन गर्न पाइन्छ । उहाँको केसबारे प्रहरी रिपोर्टमा उल्लेख नभएको अवस्था, निगरानी नभएकाले जान पाउनुभएको होला,' विशेष अदालत बार एसोसिएसनका अध्यक्ष अधिवक्ता चुडामणी पौडेलले भने । सजाय सुनाइएपछि पूर्णपाठ नआए पनि कैद बस्नुपर्ने कानून व्यवसायी बताउँछन् । तर नेपालमा



भृकुटीमण्डपको जग्गा भाडामा दिँदा अनियमितता गरेको भन्दै विशेष अदालतले तत्कालीन महिला, बालबालिका तथा समाज कल्याणमन्त्री बद्री न्यौपानेलाई सार्वजनिक पदमा रहेको अवस्थामा भ्रष्टाचार गरेको कसुरमा साढे नौ वर्ष कैद र दुई करोड ४३ लाख ६८ हजार रुपैयाँभन्दा बढी बिगो तथा उति नै रकम जरिवाना असुलउपर हुने सजाय २५ फागुनमा सुनाएको थियो

अन्तिम फैसला हुन ढिलाइ हुने भएकाले सामान्यतया पूर्णपाठ आएको म्याद नबुझेसम्म छुट दिइने र बाहिरै बसेर पनि पुनरावेदन गर्न पाइने सहज व्यवस्थाको अभ्यास भइरहेको उनीहरूको भनाइ छ । कसूरदारले पुर्णपाठ पाएको ३५ दिनभित्र माथिल्लो अदालतमा पुनरावेदन गर्नुपर्ने हुन्छ ।

'कसूर कायम भएपछि नै कार्यान्वयन गर्न पाइन्छ । तर तल्लो अदालतविरुद्ध कम्तीमा एक तह पुनरावेदन जान पाउनु पक्षहरूको अधिकारै हो,' अधिवक्ता पौडेलले भने, 'तर विशेषले गरेको फैसलामा जरिवाना र बिगो लेखेको छ भने सर्वोच्चमा त्यो पनि जम्मा गराउनुपर्छ । अनि मात्र सर्वोच्चले पुनरावेदन दर्ता गर्छ । त्यो रकम राख्न नसके कैद बसेरै पुनरावेदन गर्नुपर्छ । अब पुनरावेदन सुनुवाई गर्दाखेरी छाड्ने नछाड्ने सर्वोच्चको कुरा भयो । त्यसरी बाहिर हिँड्न चाहिँ नहुने हो ।'

उनीनिकट पारिवारिक स्रोतले पनि न्यौपाने क्यानडा गएको पुष्टि गरेको छ । 'उहाँका छोराछोरी, परिवार उतै बस्ने भएकाले जानुभएको हो । चाडपर्व मानेर फर्किनुहुन्छ होला कि,' उनीनिकट पारिवारिक स्रोतले भन्यो, 'सर्वोच्चमा पुनरावेदन गर्न पैसा छैन भन्ने त सार्वजनिक रूपमै भन्नुभएको हो । अन्य प्रतिवादीहरू पुनरावेदनमा जाँदा उहाँले गर्नुभएको छैन । फौजदारी मुद्दा लागेको मान्छे यसरी विदेश जाँदा त्यसले आशंका त उब्जाउँछ नै ।' पछिल्लो समय उनी प्रभु साह अध्यक्ष रहेको आमजनता पार्टीमा सक्रिय थिए ।

विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय शालिग्राम कोइराला र बलभद्र बास्तोलाको इजलासले गरेको फैसलाअनुसार न्यौपानेलाई सार्वजनिक पदमा रहेको अवस्थामा भ्रष्टाचार गरेको भन्दै थप ६ महिना गरी साढे नौ वर्ष कैद र दुई करोड ४३ लाख ६८ हजार रुपैयाँभन्दा बढी बिगो तथा उति नै रकम जरिवाना असुलउपर हुने सजाय सुनाइएको थियो । अदालतको फैसलापछि पत्रकार सम्मेलन गर्दै उनले आफू निर्दोष रहेको र पुनरावेदन गर्ने रकमसमेत नरहेको बताएका थिए । पत्रकार सम्मेलनमा रुँदै उनले विशेष अदालतले धरौटीमा छाड्दा आफूलाई न्याय दिने अपेक्षा रहे पनि पूर्वाग्रही तरिकाले फैसला गरेको आरोप लगाएका थिए । नेपालभर कतै जग्गा नरहेको भन्दै आफूसँग पुनरावेदन गर्न रकमसमेत नरहेको उनको भनाइ थियो ।

'न त्यति धरौटी राख्न सक्छु, न त जरिवाना तिर्न सक्छु । राजनीति ड्यामेज गर्ने किसिमको पूर्वाग्रही फैसला भयो,' उनले भनेका थिए, 'मैले कहाँबाट जुटाउने ? फैसलालाई त मैले मान्नैपर्छ । तर, सर्वोच्च जान मेरो हैसियत छैन । मलाई भोलि घर-घरबाट सबै नेपालीले चन्दा, आर्थिक सहयोग गरेमा मात्र हो, नत्र उपाय छैन ।' आफू सधैं राष्ट्रहितको पक्षमा रहेको भन्दै उनले आफूलाई लगाइएका अभियोग निराधार र तथ्यहीन रहेको दाबी गरेका थिए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २१ माघ ०७५ मा १४ जनालाई प्रतिवादी कायम गरी मुद्दा चलाएको थियो । जसमध्ये नौजनामाथि कसुर कायम भएको थियो भने पाँचजनाले सफाइ पाएका थिए । भृकुटीमण्डपस्थित समाज कल्याण परिषद्को ६० रोपनी जग्गा भाडा लगाउँदा भ्रष्टाचार भएको अख्तियारको दाबी थियो ।

समाज कल्याण परिषद्का नाममा रहेको उक्त जग्गा भाडामा लगाउँदा न्यून मूल्य कायम गरिएको तथा त्यसबाट परिषद् सदस्य र मेला सञ्चालकले अनुचित आर्थिक लाभ लिएको, प्रचलित मापदण्ड र प्रक्रियाविपरीत क्रियाकलाप गरी परिषद्ले सरकारलाई हानि-नोक्सानी पुऱ्याएको उजुरी परेपछि अख्तियारले अनुसन्धान थालेको थियो । त्यसपछि ३१ करोड ५२ लाख रुपैयाँभन्दा बढीको भ्रष्टाचार भएको भन्दै अभियोगपत्र दायर भएको थियो ।

परिषद्का तत्कालीन अध्यक्षका रूपमा रहेका समाज कल्याणमन्त्री न्यौपानेसमेतको उपस्थितिमा २० भदौ ०६९ मा भएको कार्य सञ्चालन समितिको निर्णयले सरकारलाई नोक्सानी भएको दाबी अख्तियारको थियो । सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० मा सरकारले कुनै रकम वा कुनै अन्य कामको ठेक्का बन्दोबस्त गर्न परेमा टेन्डर आह्वान गर्नुपर्ने वा बढाबढ/घटाघट गराई मात्र ठेक्कामा दिनुपर्ने प्रावधानविपरीत प्रक्रिया मिचेर ठेक्का दिइएको दाबी अख्तियारको थियो ।

इजरायलमा...

पृष्ठ १ बाट क्रमशः

अस्पतालबाट डिस्चार्ज भएका (१ जना नेपाल पुगिसकेका र १ जना दूतावासको हेरचाहमा रहेका) छन् । दुईजनाको उपचार भइरहेको छ । इजरायलमा रहेका विद्यार्थीहरूमध्ये २५३ जनाको शुक्रबार उद्धार भएको थियो । परराष्ट्रमन्त्री एनपी साउद आफैं तेलअभिभ पुगेर विद्यार्थीहरूको उद्धार गरेर ल्याएका थिए ।

परराष्ट्रमन्त्रीद्वारा अन्तर्राष्ट्रिय समुदायलाई आह्वान

परराष्ट्रमन्त्री एनपी साउदले इजरायलमा चलिरहेको युद्धमा बेपत्ता रहेका नेपाली विद्यार्थी विपिन जोशीको स्थिति पत्ता लगाउनका लागि प्रयास गर्न अन्तर्राष्ट्रिय संघसंस्था र कूटनीतिक नियोगहरूसँग आग्रह गरेका छन् । आइतबार बिहान अन्तर्राष्ट्रिय समाचार संस्थाका प्रतिनिधिसँग कुराकानी गर्दै परराष्ट्रमन्त्री साउदले बेपत्ता विद्यार्थी जोशीको अवस्था पत्ता लगाइदिन अनुरोध गरेका हुन् ।

प्रत्यक्षदर्शी नेपालीहरूले बताएअनुसार विपिन हमास समूहको कब्जामा हुन सक्ने परराष्ट्रमन्त्रीको भनाइ थियो । 'विपीनसहितका नेपाली विद्यार्थीहरू बंकरमा लुकेर बसेको वेलामा आक्रमणकारीले छोटो समयमा पटक-पटक आक्रमण गरेको देखिन्छ । पहिले गोली चलाएको र त्यसपछि ग्रिनेट फालेको देखिन्छ,' परराष्ट्रमन्त्री साउदले भने, 'प्रत्यक्षदर्शी विद्यार्थीले भनेअनुसार दुईवटा ग्रिनेट फाल्दा एउटा नपड्किँदै विपिनले ग्रिनेट बाहिर फ्याँकेको देखिन्छ ।'

प्रत्यक्षदर्शी विद्यार्थीले देखेअनुसार त्यसपछि केही थाइल्यान्डका विद्यार्थीसँग विपिनलाई पनि अपहरण गरेर लगेको उनले बताए । 'त्यसदेखि नै उनी अज्ञात अवस्थामा छन्, उनको अवस्था अहिलेसम्म पत्ता लाग्न सकेको छैन,' परराष्ट्रमन्त्री साउदले भने, 'उहाँको स्थिति पत्ता लगाइदिनका लागि हामीले इजरायल सरकारसँग आग्रह गरेका छौं । इजरायल सरकारले पनि उहाँको स्थिति के हो भन्ने विषयमा पत्ता लगाउन प्रतिबद्धता जनाएको छ,' परराष्ट्रमन्त्री साउदले भने, 'तपाईं (अन्तर्राष्ट्रिय सञ्चारमाध्यम)हरूमार्फत अन्तर्राष्ट्रिय संघसंस्था, विभिन्न कूटनीतिक मिसनहरूसँग पनि उहाँको स्थिति पत्ता लगाइदिनका लागि अनुरोध गर्न चाहन्छु ।' परराष्ट्र मन्त्रालयले उपलब्ध संयन्त्रहरूको प्रयोग गरी सम्पर्कविहीन रहेका विपिन जोशीको खोजी कार्य अझै तीव्र पारिएको जनाएको छ ।

कोइरालाको...

पृष्ठ १ बाट क्रमशः

रणनीतिमा भर पर्ने बताउँछन् ।

संविधानको धारा १६८ को उपधारा (५) बमोजिम शनिबार मुख्यमन्त्रीमा नियुक्त कार्कीले आइतबार पद तथा गोपनीयताको शपथ लिएका छन् । साथै उनले एमालेका रामबहादुर रानामगर र कांग्रेसका आफ्नो समूहका शमशेर राईलाई विनाविभागीय मन्त्रीमा नियुक्त गरेका छन् । काठमाडौंमा डा. कोइरालालाई भेटेर विराटनगर पुगेलगत्तै कार्कीले एमालेलाई सरकारमा सहभागी गराउने कदम चालेका हुन् ।

गठबन्धनले मुख्यमन्त्री कार्कीलाई समर्थन गर्ने सहमति जनाएको छ । तर, मुख्यमन्त्रीलाई विश्वासको मत दिने-नदिने, सरकारमा सहभागी हुने-नहुनेलगायतका विषयमा ठोस निर्णय भएका छैनन् । तर, कोशीको पछिल्लो कदमप्रति कांग्रेसको संस्थापन पक्षको प्रतिक्रिया अलि फरक छ ।

कांग्रेस सहमहामन्त्री महेन्द्र यादव नेताहरूबीच गठबन्धन जोगाउन सहमति भए पनि जटिलता रहेको बताउँछन् । कांग्रेस, गठबन्धन र मुख्यमन्त्री कार्कीका लागि अबको बाटो सहज नभएको उनको टिप्पणी छ । उनका अनुसार मध्यावधि अझै टरेको छैन । मध्यावधि रोक्नेसम्म कोइरालाको कदम स्वीकार्य भए पनि अगाडि उनले लिने रणनीतिमा कांग्रेस संस्थापनको नजर रहनेछ ।

'कांग्रेसले एमालेसँग गठबन्धन गरेको छैन । तर, कोशीमा कांग्रेसको विद्रोही र एमाले मिलेर सरकार बनेको छ । त्यसकारण कोशीले जटिलता निम्त्याएको छ,' उनले भने, 'एमालेले पहिलादेखि नै गठबन्धनमा बल्ली हाल्न खोजेकै थियो, कोशीमा सफल भएको छ । त्यसको प्रभाव अरू प्रदेश र केन्द्रमा थोरबहुत पर्छ । कांग्रेस, मुख्यमन्त्री र गठबन्धनलाई सजिलो छैन । मध्यावधिमा जाने सम्भावना टरेको छैन ।'

कोइराला समूहले कोशीमा आवश्यकताका आधारमा एमालेसँग सहकार्य भएकाले अरू प्रदेश र राष्ट्रिय राजनीतिमा असर नपर्ने दाबी गरेको छ । शेखर-गगन समूहनिकट केन्द्रीय सदस्य मधु आचार्य कोशीको अन्य प्रदेश र केन्द्रीय राजनीतिमा पर्ने-नपर्ने संस्थापनको भूमिकामा भर पर्ने बताउँछन् । 'मुख्यमन्त्रीलाई सबै दलले समर्थन गर्नु र वातावरण तयार गर्नुको विकल्प छैन । पार्टीमा पेलेर गएको परिणाम कोशीको विस्फोटन हो । कोशीमा त्यही रूपमा सभापतिज्यू कसरी अगाडि बढ्नुहुन्छ त्यसको आधारमा अरू प्रदेश र केन्द्रको समीकरणमा असर देखिन्छ,' आचार्यले भने, 'कोशीमा मध्यावधि रोक्न सबै दल तयार छन् । फरक परिस्थितिमा सर्वदलीय सहमतिको सरकार बनाउन लाग्नुबाहेक विकल्प छैन ।

कोइरालानिकट केन्द्रीय सदस्य डा. गोविन्द पोखरेल कोशीको घटनालाई आवश्यकताको रूपमा लिनुपर्ने टिप्पणी गर्छन् । 'कोशीमा सरकार गठनको अन्तिम विकल्पमा आवश्यकताका आधारमा एमालेसँग मिलेर सरकार बनाउने बाटो तय भएको छ । अरू प्रदेश र केन्द्रमा यो परिस्थिति छैन, त्यही रूपमा कोशीको असर पर्दैन । उहाँ केन्द्रमा रहेका गठबन्धन फेरबदल गर्ने पक्षमा हुनुहुन्न,' पोखरेलले भने ।

कोशीमा कोइराला एक्लै बढेपछि इतर समूहमा पनि अविश्वास बढेको छ । स्रोतका अनुसार पछिल्लो समय कोइराला र महामन्त्री थापाबीच संवादहीनताको अवस्था छ । दुई नेताबीच कोशीको कुनै संवाद छैन । कोशीका विषयमा कोइरालाले सीमित नेताहरूसँग मात्र छलफल गरेका थिए । जसकारण महामन्त्री थापा कोइरालासँग रुष्ट छन् ।

आफ्नो प्रस्तावमा वकालत नगरेको भन्दै कोइराला महामन्त्री थापासँग रुष्ट छन् । महामन्त्री थापाले यसबारे कुनै धारणा तथा टिप्पणी गरेका छैनन् । 'उहाँहरूबीच विगत केही समयदेखि नै दूरीको अवस्था थियो । केन्द्रीय समिति बैठकमा पनि डा. सापले महामन्त्रीको आलोचना गर्नुभएको थियो । लामो समयदेखि डा. सापले पनि टिमको मिटिङ राखेर छलफल गर्न खोज्नुभएको देखिँदैन थियो । भएका मिटिङ पनि औपचारिकतामा मात्र सीमित थिए । यसले अवस्था थप चिसिएको छ । कोशीमा स्पष्ट रूपमा उहाँहरू फरक-फरक धारमा देखिनुभयो । दूरी बढ्दै गएको छ,' स्रोत भन्छ ।

केन्द्रीय सदस्य आचार्यले कोशीका कारण आफ्नो समूहलाई कुनै फरक नपर्ने र कोशीको विषयमा इतर समूहमा निरन्तर संवादबाट यो विषय टुंगो लाग्ने बताए । 'आफ्नो प्रदेश भएकाले प्रत्यक्ष रूपमा शेखर कोइराला देखिनुभएको हो । अप्रत्यक्ष रूपमा शेखर-गगन समूहको मिसन कांग्रेस नेतृत्वमा सरकार बन्नुपर्छ, अरू दलको भर परेर हुन्न भन्ने नै हो । यसमा महामन्त्री गगनको असहयोग भन्ने होइन', आचार्यले भने, 'अर्का महामन्त्री विश्वप्रकाश शर्माको प्रदेश भएकाले उहाँको सक्रियता देखिनु अस्वाभाविक होइन । तर, यसबीचमा हाम्रो समूहमा संवादको कमी भएको अवश्य हो । अब निरन्तर संवादबाट बाँकी विषय टुंगो लगाउँछौं र समूहलाई सशक्त बनाएर जान्छौं ।'

माओवादी सचिव गणेश शाह कोशीको विषयले गठबन्धनमा शंका जन्माएको र गठबन्धनले कांग्रेस नेतृत्वको सरकारका रूपमा मानेर जाने सम्भावना रहेको बताए । 'कांग्रेसभित्र शब्दमा विद्रोह थियो, अहिले उहाँहरू (शेखर समूह) पार्टीमै बसेर एक्सनमा जानुभएको छ । कांग्रेसमा भएको विद्रोह पार्टी नफुटाई संस्थापनलाई धम्क्याउने प्रकृतिको छ । अध्यक्ष प्रचण्डले गठबन्धनको सरकार भनिसक्नुभएको छ । तर, शंका कायमै छ,' शाहले भने, 'अब गठबन्धनले पनि भित्तामा पुऱ्याउने होइन, गठबन्धनमा नै रहेको कांग्रेसको नेतृत्वमा बनेको सरकार हो भनेर लिने र समर्थन गर्ने सम्भावना छ । यद्यपि, पार्टीहरूले निर्णय गरिसकेका छैनन् । विद्रोही कांग्रेसले लिने रणनीतिले भोलिको बाटो तय हुन्छ ।'

कोशीमा सफल...

पृष्ठ १ बाट क्रमशः

कोइरालाले एमालेसँग केन्द्र र प्रदेश दुवैतिर सहकार्यका लागि ढोका खुला राखेको सन्देश दिएका छन् । कोइरालाको कदमले गठबन्धनलाई झट्का लागेको छ ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले सम्भावित मध्यावधि रोकेर राजनीतिक स्थिरताका लागि कोशीबाट आफ्नो पार्टीले सत्ता-सहकार्यको हात अगाडि बढाएको टिप्पणी गरे । 'मुलुकमा स्थिरता दिनुपर्ने आवश्यकता छ भन्ने महसुस गरेर हामीले कांग्रेससँग सहकार्यका लागि हात अगाडि बढाएका छौं । तर, यसलाई कांग्रेसले संस्थागत रूपमा कसरी लिन्छ, सबै कुरा उसैमा निर्भर हुनेछ,' उनले भने, 'हामीले सहकार्यका लागि हात दिँदा त्यसलाई कांग्रेसले गम्भीरतापूर्वक लिएन भने मुलुकमा कांग्रेसकै कारण अझ बढी संकट आउन सक्छ,' गौतमले भने ।

कोशी प्रदेशका निवर्तमान मुख्यमन्त्री तथा स्थायी समिति सदस्य हिक्मत कार्कीले कांग्रेस नेता शेखर कोइराला समूहसँगको सहकार्य दाउपेचबाट नभई पवित्र उद्देश्यबाट प्रेरित भएको दाबी गरे । 'कांग्रेससितको हाम्रो सहकार्य पवित्र उद्देश्यबाट प्रेरित छ । कोशीमा प्रयास गर्दैमा केन्द्रमा पनि त्यसैको प्रभाव परिहाल्छ त भन्न सकिन्न । तर, अहिलेको सूचना प्रविधिको युगमा स्वाभाविक रूपमा यसको प्रभाव देशभर पर्न भने सक्छ,' कार्कीले भने, 'केन्द्रदेखि प्रदेशसम्म कांग्रेस र एमाले मिल्नुपर्छ भन्ने समयको माग हो । कांग्रेसले यसलाई समयमै बुझ्न सकेन भने पछि मिल्छु भन्दा पनि मिल्न नपाउने गरी समय घर्किन पनि सक्छ ।'

सरकारको आयु दुई महिना : पाण्डे

एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डेले गठबन्धन सरकारको आयु दुई महिना मात्रै भएको दाबी गरेका छन् । एमाले रामेछाप-काठमाडौं सम्पर्क मञ्चले आइतबार आयोजना गरेको कार्यक्रममा बोल्दै पाण्डेले केन्द्र र प्रदेश सबैतिर सत्तासमीकरण बदलिने सम्भावना रहेको औंल्याए । 'अहिले कोशीमा जस्तो परिस्थिति देखिएको छ । यसबाट एक-दुई महिनाभित्रै अहिलेको सरकार बदलिएर नयाँ राजनीतिक समीकरणमा बन्छ भन्ने मैले देखिरहेको छु । यो सरकारको आयु दुई महिना राखिदिए हुन्छ,' उनले भने ।

■ दसैँघरमा जमरा



शब्द/तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

हिन्दू नेपालीको चाड बडादसैँ सुरु भएको छ । नवरात्रिको पहिलो दिन आइतबार घटस्थापनासँगै दसैँ विधिवत् रूपमा भित्रिएको छ । बिहान ११:२९ बजेको शुभसाइतमा काठमाडौंको हनुमानढोकास्थित दसैँघरमा जमरा राखियो । नेपाली सेनाको एक टुकडीले तोप पड्काएर हर्षबढाइँ गरेको थियो भने दसैँघरमा शंख, घन्टा र डमरू बजाएर दुर्गा भगवतीको पूजा-आराधना गरिएको थियो । दसैँको पहिलो दिन वैदिक विधिपूर्वक दीप, गणेश र कलशको पूजा गरी जौको जमरा राख्ने गरिन्छ । यसरी विधिपूर्वक स्थापना गरिएको घडामाथि शक्तिस्वरूपा दुर्गा भगवतीको पूजा-आराधना गरिने भएकाले यस दिनलाई घटस्थापना भन्ने गरिएको हो । घटस्थापनाको दिन रोपिएको जमरालाई विजयादशमीको दिन शक्तिकी देवी दुर्गा भगवतीको प्रसादको रूपमा ग्रहण गरिन्छ ।

यसपालिको बर्खामा तीन वर्षयताकै कम पानी
दुई साता ढिलो गरी बाहिरियो मनसुन

नयाँ पत्रिका

यसपालिको बर्खामा तीन वर्षयताकै कम वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार यसअघिका दुई बर्खामा औसत र औसतभन्दा धेरै पानी परेकामा यसपटक भने कम पानी परेको हो ।

नेपाली आकाशमा एक सय २४ दिन कायम रहेको दक्षिण एसियाली मनसुनले एक हजार तीन सय तीन मिलिमिटर अर्थात् औसत वर्षाको ८८.५ प्रतिशत मात्र पानी परेको छ । यसपटक प्रशान्त महासागरमा एलिनोको प्रभाव देखिँदा नेपालमा औसतभन्दा कम वर्षा भएको हो ।

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् विभूति पोखरेलले ढिलो गरी मनसुन भित्रिएकामा निकै ढिलो गरी मनसुन सक्रिय हुँदा यसपटक औसतभन्दा कम वर्षा भएको बताइन् ।

गत वर्ष मनसुनी अवधिमा औसत हाराहारी एक हजार तीन सय ३५.२ मिलिमिटर पानी परेको थियो । त्यसभन्दा अघिल्लो वर्षमा भने एक हजार ६ सय २० मिलिमिटर वर्षा भएको थियो । नेपालमा वार्षिक वर्षाको ८०.५ प्रतिशत अर्थात् एक हजार चार सय ७२.४ मिलिमिटर वर्षा मनसुनी अवधिमा हुन्छ । यस वर्षको मनुसन दुई साता ढिलो गरी बाहिरिएको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार नेपालमा मनसुन बाहिरिने सरदर मितिभन्दा १३ दिन ढिलो गरी आइतबार बाहिरिएको हो ।

सामान्यतया मनसुन २ अक्टोबरमा बाहिरिनुपर्नेमा १५ अक्टोबरमा मात्रै बाहिरिएको छ । जेठ ३१ मा भित्रिएको मनसुन एक सय २४ दिन नेपालमा रहेको छ । गत वर्ष मनसुन नेपाली आकाशमा एक सय ३४ दिन रहेको थियो ।

मनसुन बाहिरिएसँगै आइतबार रातिबाट पश्चिमी न्यूनचापीय प्रणाली प्रवेश गरेको छ । महाशाखाका अनुसार पश्चिमी न्यूनचापीय प्रणालीका कारण सोमबारदेखि सुदूरपश्चिम, कर्णाली र लुम्बिनीका केही स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना छ ।

उच्च पहाडी भेगमा हल्का हिमपातको आकलन गरिएको छ । 'पश्चिम नेपालमा बादल लाग्न सुरु भइसकेको छ, असरको स्वरूप भोलि त्यस क्षेत्रमा हल्कादेखि मध्यम वर्षा हुन सक्छ,' मौसमविद् विनु महर्जनले भनिन्, 'ठूलो वर्षाको सम्भावना नरहे पनि हल्का तथा मध्यम वर्षाले पनि असर गर्ने भएकाले दुई दिन धान नकाट्दा राम्रो हुन्छ ।' पश्चिमी वायुको असरको स्वरूप सोमबार गण्डकी र बाँकी प्रदेशका केही क्षेत्रमा बादल लाग्ने सम्भावना छ ।

६ महिनामा...

पृष्ठ १ बाट क्रमशः

पीडितलाई फिर्ता भएको छ । कुल २८ हजार निवेदन परेकामा बाँकी कामका लागि सरकारले आयोगको म्यादसमेत दुई महिनाका लागि थप गरेको छ । गत हप्ता बसेको मन्त्रिपरिषद्को बैठकले २५ मंसिरसम्मका लागि आयोगको म्याद थप गरेको हो ।

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा रहेको आयोग गत २५ चैतमा गठन भएको थियो । साहुकारहरूले गरिब सर्वसाधारणलाई चर्को ब्याजदरमा ऋण दिएर त्यसको कैयौं गुणा असुल गरेको घटना नियन्त्रणका लागि सरकारले आयोग गठन गरेको थियो । आयोगले जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयसँग मिलेर पीडित र साहुकारबीच छलफल गराउने र मिलापत्र गराउने काम गर्दै आएको छ । नमिलेको अवस्थामा कतिपय साहुकारविरुद्ध अदालतमा मुद्दासमेत दायर भएको छ ।

आयोगमा ६ अर्ब ९४ करोड ६३ लाख रुपैयाँबराबरको लेनदेनको उजुरी परेको थियो । त्यसमध्ये एक अर्ब ८७ करोड रुपैयाँबराबरको दाबी झुटो देखिएको छ । पाँच अर्ब ६ करोड ७९ लाखबराबरको कारोबार भने वास्तविक देखिएकाले त्यसमा अनुसन्धान र छलफलबाट मिलाउने प्रयास भइरहेको आयोगले जनाएको छ ।

आयोगका सदस्य उत्तमराज सुवेदीका अनुसार निवेदन लिने र त्यसमा अनुसन्धान गर्ने अधिकार इलाका प्रशासन कार्यालय र इलाका प्रहरी कार्यालयलाई समेत दिइएको छ । यससँगै अब उजुरी फर्स्योटले अझै तीव्रता पाउने उनी बताउँछन् । आयोगमा सबैभन्दा धेरै मधेशका आठ जिल्लामा २१ हजार पाँच सय ३५ उजुरी परेका छन् । मधेशमा बारा जिल्लाबाट सर्वाधिक तीन हजार तीन सय ५३ उजुरी परेका थिए ।

राष्ट्रसंघीय...

पृष्ठ १ बाट क्रमशः

हमासले गरेको २० असोजको आक्रमणपछि उत्पन्न परिस्थितिले उनको भ्रमण पछि सरेको थियो । महासचिव नेपालबाटै बिआरआईसम्बन्धी उच्चस्तरीय सम्मेलनमा सहभागी हुन सोमबार चीन जाने कार्यक्रम थियो ।

उपप्रधानमन्त्री श्रेष्ठ आज चीन जाँदै

चीनले आयोजना गर्न लागेको 'थर्ड बेल्ट एन्ड रोड फोरम फर इन्टरनेसनल को-अपरेसन'मा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको प्रतिनिधित्व गर्दै छन् । यसका लागि उनी सोमबार चीनको राजधानी बेइजिङ जाँदै छन् ।

बिआरआईसम्बन्धी कार्यक्रम कात्तिक १ र २ मा हुँदै छ, जसको उद्घाटन चिनियाँ राष्ट्रपति सी जिनपिङले गर्दै छन् । उपप्रधानमन्त्री श्रेष्ठ मंगलबार चिनियाँ राष्ट्रपतिद्वारा आयोजित स्वागत समारोहमा सहभागी हुनेछन् ।

चीनका पब्लिक सुरक्षासम्बन्धी मन्त्री तथा स्टेट काउन्सिलर तथा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय सचिवालयका सदस्य वाङ सियाहोङको निमन्त्रणामा श्रेष्ठ जान लागेका हुन् । श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डलमा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल, परराष्ट्र मन्त्रालयका सहसचिव अमृतबहादुर राई, गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई, स्वकीय सचिवद्वय सुरेशकाजी श्रेष्ठ र सुमन आचार्य रहनेछन् ।

नेपाललाई लामो समयदेखि निमन्त्रणा आए पनि कुन तहको सहभागिता हुने भन्ने तय भइसकेको थिएन । १ कात्तिकमा कार्यक्रमको उद्घाटन सत्र हुँदै छ । उपप्रधानमन्त्री श्रेष्ठ सोही दिन आयोजित ग्रिन डेभलपमेन्ट हाई लेभल फोरम अफ बिआरआई समिट कार्यक्रमका मुख्य वक्ताका रूपमा सहभागी हुनेछन् ।

उपप्रधानमन्त्री श्रेष्ठले २ कात्तिकमा चीनको आपतकालीन व्यवस्थापन मामिलामन्त्री वाङ सियाङचीसँग भेटवार्ता गर्नेछन् । दुई देशबीच विपत् व्यवस्थापनमा गर्न सकिने सहकार्यका विषयमा छलफल हुनेछ । यसैगरी, उपप्रधानमन्त्री श्रेष्ठले चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभाग प्रमुख लिउ जियाङचाउसँग पनि भेटवार्ता गर्ने कार्यक्रम छ । सबै भेटवार्ताहरू प्रधानमन्त्री प्रचण्डको पछिल्लो चीन भ्रमणमा भएका सहमति कार्यान्वयनमा केन्द्रित हुने कूटनीतिक स्रोतहरूको भनाइ छ ।

चिनियाँ राष्ट्रपतिले बिआरआई अवधारणा अघि सारेको एक-दशकका अवसरमा कार्यक्रम हुन लागेको हो । चिनियाँ विदेश मन्त्रालयका अनुसार हालसम्म विश्वका १५० मुलुक र ३० वटा अन्तर्राष्ट्रिय संस्थाहरूले बिआरआईमा हस्ताक्षर गरिसकेका छन् । नेपालले सन् २०१७ मेमा बिआरआईको फ्रेमवर्क एग्रिमेन्टमा हस्ताक्षर गरेको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको हालैको चीन भ्रमणमा नेपाल र चीनबीच चाँडै नै बिआरआई कार्यान्वयन योजनामा हस्ताक्षरका लागि छलफल तीव्र बनाउने सहमति भएको छ ।

सोमबार २९ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

■ आइसिसी एकदिवसीय विश्वकप- २०२३

साबिक विजेता इंग्ल्यान्ड अफगानिस्तानसँग स्तब्ध

चालू विश्वकपमा अफगानिस्तानले सनसनी नतिजा निकाल्ने क्रममा इंग्ल्यान्डलाई ६९ रनले हरायो

एजेन्सी/ एकदिवसीय विश्वकप क्रिकेटको साबिक विजेता इंग्ल्यान्ड आइतबार अफगानिस्तानसँग ६९ रनले स्तब्ध भएको छ। भारतको अरुण जेट्ली रंगशालामा पहिलो ब्याटिङ गरेको अफगानिस्तानले ४९.५ ओभरमा सबै विकेट गुमाएर दुई सय ८५ रन बनाएको थियो। प्रत्युत्तरमा साबिक विजेता इंग्ल्यान्ड ४०.३ ओभरमा दुई सय १५ रनमा समेटिँदा पहिलोपटक अफगानिस्तानसँग पराजित भयो। अफगानिस्तानले एकदिवसीय विश्वकपमा लगातार १४ खेलमा बेहोरेको हारमा पूर्णविराम लगाएको छ। चालू विश्वकपमा अफगानिस्तानलाई सनसनी जित दिलाउने क्रममा मुजिब र रासिद खानले समान तीन विकेट लिए। मोहमद नावीले दुई विकेट हात पारे।

एकदिवसीय विश्वकपमा इंग्ल्यान्ड पाँचपटक कमजोर टोलीसँग पराजित भएको छ। सन् १९९२ मा जिम्बावेसँग नौ रनले हार सामना गरेको इंग्ल्यान्डमाथि सन् २०११ मा आयरल्यान्डमाथि तीन विकेटले जित निकालेको थियो। यसैगरी, सन् २०११ मै बंगलादेशसँग दुई विकेटले स्तब्ध भएको इंग्ल्यान्ड २०१५ को संस्करणमा बंगलादेशसँगै १५ रनले पराजित भयो। इंग्ल्यान्ड टी-२० विश्वकपमा नेदरल्यान्ड्ससँग दुईपटक पराजित भएको छ।

एकदिवसीय खेलमा इंग्ल्यान्ड र अफगानिस्तानबीच यो तेस्रो भेट हो। अघिल्लो दुई खेलमा इंग्ल्यान्डले अफगानिस्तानमाथि सानदार जित निकालेको थियो। तेस्रो भेटमा भने अफगानिस्तानले महत्त्वपूर्ण जित निकाल्यो। जितसँगै अफगानिस्तान दुई अंकका साथ छैटौँ स्थानमा उक्लेको छ। इंग्ल्यान्ड दुई अंकका साथ पाँचौँ स्थानमै छ। इंग्ल्यान्डको ब्याटिङमा ह्यारी ब्रुकले सर्वाधिक ६६ रनको योगदान दिए। उनले सात चौका र एक छक्का प्रहार गरे। ओपनर डेविड मालानले ३२ रन जोडे। यसबाहेक अन्य कुनै पनि ब्याट्समान्यले गतिलो रन बटुल्न सकेनन्। पुछारका आदिल रसिद २० रन, मार्क उड १८ रन र रिस टोप्ले १५ रनमा नटआउट भए।



■ शतकीय ओपनिङ साझेदारी

अफगानिस्तानको सुरुवात उत्कृष्ट रह्यो। ओपनर रहमानुल्लाह गुर्बाज र इब्राहिम जार्दानले पहिलो विकेटका लागि १६.४ ओभरमा एक सय १४ रनको साझेदारी गर्दै इंग्ल्यान्डमाथि दबाब राखेका थिए। इंग्ल्यान्डका लागि पहिलो सफलता आदिल रसिदले दिलाए। उनले अफगानिस्तानका दोस्रो ओपनर जार्दानलाई कप्तान रोए रुटबाट क्याचआउट गराए। जार्दानले ४८ बलमा तीन चौकाको सहयोगमा २८ रन बनाए। अफगानिस्तानले १८ ओभरमा दुई विकेट गुमाएको थियो। रहमत साह र गुर्बाज लगातार बलमा आउट हुँदा अफगानिस्तान १५२-४ को अवस्थामा रह्यो।

ओपनर गुर्बाज विलियमबाट रनआउट हुनुअघि ५७ बलमा आठ चौका र चार छक्काको सहयोगमा सर्वाधिक ८० रनको योगदान दिए। मध्यक्रमका हसमुतुल्लाह साहिदीले २४ बलमा १९ रन बनाए। इक्रमम अलिखरले ६६ बलमा ५८ रन जोडे। उनले तीन चौका र दुई छक्का प्रहार गरेका थिए। रसिद खानले १६ बलमा तीन चौका र एक छक्का प्रहार गरी २३ रन बनाए। मुजिब उर रहमान र इक्रमले आठौँ विकेटका लागि ४४ रनको साझेदारी गर्दै अफगानिस्तानलाई २३३-७ बाट २७७-८ को स्थितिमा राखे।

उर रहमानले १६ बलमा तीन चौका र एक छक्काको सहयोगमा २८ रन बनाए। इंग्ल्यान्डको बलिङमा आदिल रसिदले सर्वाधिक तीन विकेट लिए। उनले १० ओभरमा एक मेडन राखी ४२ रन खर्चेर तीन विकेट हात पारे। यसैगरी, मार्क उडले नौ ओभरमा ५० रन दिँदै दुई विकेट लिए। जोए रुटले १९ रनमा एक विकेट लिए।

खेल संक्षेप

श्रीलंका काभा च्यालेन्ज च्याम्पियन

काठमाडौं/ आयोजक श्रीलंकाले उज्वेकिस्तानलाई ३-० को सोझो सेटमा पराजित गर्दै सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) पुरुष भलिबल च्यालेन्ज कपको उपाधि जितेको छ। कोलम्बोस्थित सुगाथादास इन्डोर रंगशालामा श्रीलंकाले उज्वेकिस्तानलाई २५-१४, २५-१८ र २५-२३ ले हरायो। प्रतियोगितामा नेपालले पाँच खेलमा दुई जित र तीन हारको नतिजा निकाल्यो। नेपालले बंगालादेशलाई ३-१ र अफगानिस्तानलाई ३-२ ले हराएको थियो। नेपाल श्रीलंका र उज्वेकिस्तानसँग समान ३-० ले पराजित भएको थियो। नेपाल अप्रत्याशित रूपमा साउदी अरेबियासँग ३-२ को सेटमा स्तब्ध भयो।

रिह्याबिलिएसन फुटसल मंगलबारबाट

काठमाडौं/ ललितपुर जिल्ला खेलकुद विकास समिति र रोटरी क्लब अफ ललितपुरको सहयोगमा ३० असोजदेखि ३ कात्तिकसम्म चौथो अमन पुन अन्तररिह्याबिलिएसन फुटसल प्रतियोगिता हुँदै छ। बंगलामुखी फुटसल, चाकुपाट ललितपुरमा हुने प्रतियोगितामा नेपालभरका रिह्याब सेन्टरबाट १७ टोलीको सहभागिता रहनेछ। प्रतियोगिता लिककम नकआउट पद्धतिमा हुने आइतबार आयोजित पत्रकार सम्मेलनमा आयोजकले जानकारी दिएको छ। विजेताले ५० हजार, उपविजेताले २५ हजार र तेस्रो स्थानमा रहने टोलीले १० हजार रुपैयाँ प्राप्त गर्ने जनाएको छ।

ब्याडमिन्टनमा सञ्जय पहिलो

काठमाडौं/ सञ्जय कपाली छैटौं आन्तरिक ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलमा पहिलो भएका छन्। प्रतियोगिताको फाइनलमा सञ्जयले बबिन केसीलाई २१-९ र २१-१५ को सोझो सेटमा पराजित गरे। पिस फिटनेस सेन्टर (पिएफसी) द्वारा आयोजित प्रतियोगिताको पुरुष डबल्समा उमेश धिताल र राजेन्द्र थापाको जोडीले फाइनलमा श्याम थापा र रुपेन गुरुङको जोडीलाई सीधा सेटमा २१-१२ र २१-१९ ले हरायो। भेट्रान डबल्स पुरुष ५० वर्षमाथि पीताम्बर तिम्सिना र प्रकाश थापाको जोडी पहिलो भयो।

एसियाली पारामा सहभागी हुँदै नेपाल

काठमाडौं/ चीनको हाङझाउ सहरमा हुने चौथो एसियाली पारा खेलकुद (एसियाड) प्रतियोगितामा नेपालले १० खेलमा सहभागिता जनाउँदै छ। हाङझाउमा २२ देखि २८ अक्टोबरसम्म हुने पारा एसियाडमा नेपालबाट १९ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। सहभागी हुने नेपाली टोलीलाई आइतबार राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोइराला र सदस्यसचिव टंकलाल घिसिङले सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा बिदाई गरेका छन्। तेक्वान्दोमा पारा ओलम्पियन पलेशा गोवर्द्धनले के-४४ क्याटेगोरीअन्तर्गत महिला ५७ केजीमुनि तौलसमूहमा प्रतिस्पर्धा गर्नेछिन्।

पलेशाले नै उद्घाटन समारोहको मार्चपासमा नेपालको झन्डा बोक्नेछिन्। नेपाली टोलीको एथलेटिक्समा साङ्बु भोटेले सय मिटर दौडमा भाग लिनेछन्। सुरज भाट चार सय मिटर र १५ सय मिटर दौडमा सहभागी हुनेछन्। ब्याडमिन्टनमा प्रकाश अधिकारी र हेम गुरुङले एकल र डबल्स स्पर्धामा खेल्नेछन्। सुटिङको १० मिटर एयर राइफलमा हिमाल अर्यालले प्रतिस्पर्धा गर्नेछन्। आर्चरीमा शक्ति गौचन र फणिनारायण पौडेलले ७५ मिटर दूरीमा खेल्नेछन्। पावर लिफ्टिङमा दुर्गामान तामाङले ७३ केजी र पवन घर्तीमगरले ७० केजीमा प्रतिस्पर्धा गर्नेछन्। पौडीको ५० मिटर फ्रिस्टायलमा भीमबहादुर कुमाल, रमेश खत्री र जेनिशा कडायतले खेल्नेछन्। साइक्लिङमा रञ्जना धामीले तीन हजार र पाँच हजार मिटर दूरी तथा जुडोमा मनोज भट्टले ७३ केजीमुनि तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन्।

दीपेशको सानदार प्रदर्शनसँगै नेपालको लगातार दोस्रो जित

नयाँ पत्रिका

स्पिनर दीपेश कँडेलले ९.५ ओभरमा चार रन खर्चिएर ६ विकेट लिएपछि नेपालले एसिसी यू-१९ प्रिमियर कप क्रिकेट प्रतियोगितामा बहराइनलाई सात विकेटले हराएको छ। मलेसियाको बायोमास ओभलमा बहराइनलाई ७७ रनको योगफलमा सीमित पार्ने क्रममा दीपेशले करिअरकै उत्कृष्ट बलिङ गरेका थिए। खेलका प्लेयर अफ दी म्याच दीपेशले ९.५ ओभरमा आठ मेडन राखे। उनले ५९ बलमा ५७ बल डट फ्याँकेका थिए। गत फागुनमा उनले संयुक्त अरब इमिरेट्सविरुद्धको फाइनलमा ह्याट्रिक विकेट लिएका थिए।

उनको उत्कृष्ट प्रदर्शनसँगै नेपाल सात वर्षपछि यू-१९ विश्वकप क्रिकेट प्रतियोगितामा स्थान बनाउन सफल भएको थियो। बायुमासमा टस जितेर पहिला ब्याटिङ गरेको बहराइन ३७.५ ओभरमा ७७ रनमै अलआउट भएको थियो।

बहराइनविरुद्ध नेपालका कप्तान देव खनालले दीपेशलाई दोस्रो ओभरमा बलिङ गर्न लगाएका थिए। पाँच खेलाडी शून्यमा आउट भएका थिए। मोहम्मद बासिल अब्दुल हाकिमले सर्वाधिक ३४ रन बनाएका थिए। उनले ७७ बलमा दुई चौका र दुई छक्का हिर्काएका थिए।



स्पिनर दीपेश कँडेलले ५९ मध्ये ५७ बल डट फ्याँकेको इनिङ्समा बहराइन ७७ रनमा समेटियो

नेपाल शीर्ष स्थानमा

प्रतियोगितामा लगातार दोस्रो जितपछि नेपाल समूह 'ए'को शीर्ष स्थानमा छ। नेपालले पहिलो खेलमा इरानलाई दुई सय ७४ रनले हराएको थियो। कप्तान देवले शतकीय इनिङ्स खेलेका थिए। अब अन्तिम खेल बिहीबार साउदी अरेबियासँग खेल्ने तालिका छ। समूहमा साउदीको पनि चार अंक छ। नेट रनरेटमा नेपाल शीर्ष स्थानमा छ। लगातार दुई खेलमा पराजित बहराइन र इरान प्रतियोगिताबाट बाहिरिएका छन्।

७८ रनको लक्ष्य पछ्याएको नेपाल ११.४ ओभरमा तीन विकेट गुमाउँदै विजयी भएको थियो। नेपालका अर्जुन कुमाल र कप्तान देव खनालले अविजित ३२ रनको इनिङ्स खेले। देवले २७ बलमा चार चौका र एक छक्का प्रहार गरेका थिए। अर्जुनले ३१ बलमा पाँच चौका हिर्काएका हुन्।

हामी तपाईंकै लागि
१८ वर्षदेखि नेपालीको सेवामा समर्पित

आधुनिक दूरसञ्चार जगतको नयाँ आयाम बनेर आफ्नो सेवा मार्फत
आम नेपालीलाई जोड्न १७ सेप्टेम्बर, २००५ बाट हामीले
सेवा शुभारम्भ गरेका थियौं ।

नवीन प्रविधिका साथ निरन्तर परिवर्तनको संवाहक बन्दै हामीले
आफ्नो यात्राको १८ वर्ष सफलतापूर्वक पूरा गरेका छौं ।

एनसेललाई सफलताको उचाइतर्फ डोऱ्याउने यात्रामा अगाध माया,
प्रोत्साहन, प्रेरणा र सद्भावका साथ सहयात्रा गरिदिनुहुने सम्पूर्णमा
हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

हरपल यहाँहरुको साथै रही आधुनिक दूरसञ्चार मार्फत संसार
जोड्ने कार्यमा निरन्तर समर्पित रहने वाचा गर्दछौं ।

हामी तपाईंकै लागि

Ncell
आज, भोलि, सधैं सँगै।

18

भाट-भटेनी
सुपर स्टोर (ESTD. 1984 AD)

यो चाड पर्वमा कुनै पनि २६ वटा भाट-भटेनी स्टोरमा डिजिटल पेमेन्ट (कार्ड अथवा QR) बाट भुक्तानी गर्दा पाउनु होस

यसपाली DIGITAL दशैं

10% + 5%*

Bhat-Bhateni Discount | Bank Partner Discount

On Purchase of Garments & Footwear, Sari and Kurtha

*T&C:
- 5% or Rs. 500 whichever is lower, on Digital Payment from our banking partners.
- No Cap on 10% BBSM Discount.

BANKING PARTNERS

NIC ASIA एन आई सी एशिया बैंक लि.
prabhu Bank
HBL Himalayan Bank Ltd.
NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

Branding Partner : VOBON citrus air-digitally

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com